# नेपालको चुनाव : शान्तिपूर्ण क्रान्ति?

एसिया रिपोर्ट नं. १५५ — ३ जुलाई २००८

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोला :

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्सः ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची

**सारसङ्क्षेप** ...... i

**१. परिचय** ...... १

**२. चुनाव प्रचार अभियान** ...... २

क) माओवादी संयन्त्र ...... २

ख) बल्झिरहने चुनौती ...... ३

ग) मधेसी दलहरू : पारस्परिक सन्देह र सक्रियता ...... ४

घ) द्वन्द्वको विरासत ...... ५

**३. मतदान** ...... ६

क) प्राविधिक व्यवस्थापन ...... ६

ख) मतदान ...... ७

ग) मतदाताहरू कति सचेत थिए? ...... ८

घ) पुनःमतदान ...... ९

**४. के चुनाव स्वतन्त्र र निष्पक्ष थियो?** ...... ९

क) चुनावी वातावरण ...... ९

ख) गडबडी, धाकधम्की र धोखाघडी ...... १०

ग) हत्या ...... ११

घ) होहल्ला धेरै तर उजुरी थोरै ...... १२

ङ) निष्कर्ष के हो? ...... १३

**५. परिणाम** ...... १३

क) समग्र तस्बिर ...... १३

१. मतगणना ...... १३

२. महत्त्वपूर्ण विशेषता ...... १४

३. नयाँ स्वरूपको संविधानसभा ...... १५

४. समानुपातिकतर्फको सिट वितरण ...... १६

ख) माओवादीले किन जित्यो ...... १७

ग) किन हामी (प्रायः) सबै नै गलत भयौं? ...... १८

**६. निष्कर्ष** ...... २०

अनुसूचीहरू

क) नेपालको नक्सा ...... २२

ख) एक झलकमा निर्वाचन परिणाम ...... २३

ग) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ...... २४

घ) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू ...... २५

ङ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू ...... २८

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १५५ ३ जुलाई २००८

# नेपालको चुनाव : शान्तिपूर्ण क्रान्ति?

## सारसङ्क्षेप

संविधानसभाको चुनाव शान्ति प्रक्रियाका लागि एउटा ठूलो फड्को थियो। यसले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्न र संविधान लेखन प्रक्रिया सुरु गर्ने बाटो प्रशस्त गऱ्यो। १० अप्रिल २००८ को आमचुनावमा माओवादीले पूर्ण बहुमत नपाए पनि शान्ति र परिवर्तनको पक्षमा माओवादीहरूले निर्णयात्मक विजय हासिल गरे। सामान्यतया शान्तिपूर्ण र राम्रोसित सम्पन्न भएको यस चुनावले राजनैतिक दाउपेच र गन्जागोलको नयाँ सिलसिला पनि सुरु गराएको छ। माओवादीहरू नयाँ संयुक्त सरकार गठनप्रति सहमति जुटाउन असफल भइराखेका छन्। आफ्नो पराजय स्वीकार गर्न अझै गाह्रो मानिरहेका अन्य दलहरू माओवादीको नेतृत्वमा बन्ने सरकारलाई समर्थन निम्ति शर्तहरू तेर्स्याइरहेछन्।

चुनावले प्रस्ट तर धेरैलाई आश्चर्यचकित तुल्याउने नतिजा दिएको छ। नेपाल कम्युनिस्ट पार्टी (माओवादी) संविधानसभाको एकतिहाइभन्दा बढी सिट जितेर सबैभन्दा ठूलो दलको रूपमा अगाडि आएको छ। नेपाली काङ्ग्रेस (नेका) र नेपाल कम्युनिस्ट पार्टी (एमाले) जस्ता ठूला स्थापित दलहरू बढारिन त बढारिएनन्, तर उनीहरूलाई आफ्नो कमजोर प्रदर्शनउपर चित्त बुझाउन गाह्रो परिरहेको छ। दुवै पार्टीले जितेको सिट जोड्दा पनि माओवादीले जितेको जति सिट पुग्दैन। नयाँ मधेसी दलहरूले प्राप्त गरेको विजयबाट खासगरी नेपाली काङ्ग्रेसलाई ठूलो आघात पुगेको छ। मधेसी पार्टीहरूमा मधेसी जनअधिकार फोरमले बलियो स्थान बनाएको छ। राजावादी दलहरूले प्रत्यक्ष निर्वाचन प्रक्रियाबाट एउटा पनि सिट जित्न सकेनन्। समानुपातिक प्रतिनिधित्वको आधारमा नयाँ संविधानसभामा केही सिट जित्नाले उनीहरूको इज्जत जोगियो।

दलहरूको प्रचार अभियानले निर्वाचनमा जीवन्त र उत्साहजनक प्रतिस्पर्धाको वातावरण बनायो। लामो समयदेखि प्रताडित रहेका र राजनैतिक रूपमा सचेत मतदाताहरू यस प्रचार अभियानको खरा श्रोता सिद्ध भए। उनीहरू उम्मेदवारका कुरा चाहिँ सुन्ने तर निर्णय भने आफैं लिन सक्षम थिए। प्रचार अभियान आफैंमा भने त्यतिविघ्न स्वच्छ थिएन। स्थापित दलहरूले आफ्ना विरोधीहरूलाई दबाउन पुरानै हतकण्डाको सहारा लिएका थिए। माओवादीहरू र केही हदसम्म मधेसी जनअधिकार फोरमले पनि आफूभन्दा अनुभवी दलहरूलाई पछार्न त्यही रणनीति अपनाएर आफूलाई निकै सफल साबित गरे। माओवादीहरूले त्रास फैलाउने र जोरजबर्जस्ती गर्ने काम नगरेका होइनन्, तर पनि सम्भवतः आफ्ना १५ जना कार्यकर्ताहरूको सुनियोजित रूपमा हत्या गरिएको अवस्थामा पनि उनीहरूले आफूलाई निकै संयमित राखे। साथै उनीहरूले मजबुत सङ्गठन बनाउने र त्यसलाई परिचालन गर्ने आफ्ना खुबीहरू पनि प्रदर्शन गरे, जुन कुरा उनीहरूको विजयमा राम्रैसित प्रतिबिम्बित भयो।

मतदान कार्य र दुई किसिमका मतपत्र गन्ने जटिल काम बिनाव्यवधान सम्पन्न भए र १५ दिनभित्रै (पुनःमतदान कार्यसहित) अन्तिम नतिजा पनि बाहिर आयो। यद्यपि दलहरूले समानुपातिक आधारमा चुनेका संविधानसभा सदस्यहरूको नामसहितको अन्तिम नतिजा निकाल्ने काम चुनाव सकिएको झन्डै एक महिनापछि मे ८ तारिखका दिन मात्रै भयो। दुईओटा निर्वाचन क्षेत्रबाट जित्ने उम्मेदवारहरूले छाडेका पाँच सिटहरूका लागि उपचुनाव सायद सेप्टेम्बरमा मात्र हुन सक्ला। सानो अन्तरले हारेको उम्मेदवारका उजुरीमा अदालतले दिएको आदेशअनुसार एक सिटको निर्णय हुन बाँकी नै छ। मन्त्रिमण्डलले मनोनित गर्नुपर्ने २६ जनाको नाम पनि ठेगान हुन बाँकी नै छ। ती २६ जनाको मनोनयनबिना ६०१ सदस्यीय संविधानसभा पूर्ण हुँदैन, तर अन्तरपार्टी सहमति हुन नसकेकाले त्यो काम रोकिएको छ।

राजनैतिक विभाजन जस्तोसुकै भए पनि यस संविधानसभाले पहिले-पहिलेका संसदहरू हेरी नेपालको जात, जाति, धार्मिक र क्षेत्रीय विविधतालाई बृहत्तर रूपमा प्रतिनिधित्व गरेको छ। यसका एकतिहाइ सदस्यहरू महिला छन् जसले गर्दा लैङ्गिक प्रतिनिधित्वमा नेपाल दक्षिण एसियामै अगुवा बन्न पुगेको छ। मुख्यतया समानुपातिक प्रतिनिधित्वको प्रावधानले गर्दा २५ दलहरूले संविधानसभामा स्थान पाएका छन्। त्यसबाट विचारगत, क्षेत्रगत र समुदायविशेषका बहुरङ्गी कार्यसूचीहरू प्रतिबिम्बित हुन पाएका छन्। मधेसी जनअधिकार फोरमले त्यो पार्टी मधेसी असन्तुष्टिहरूको अस्पस्ट भावना बोकेको एउटा समूह मात्र नभएर भोट प्राप्त गर्न सक्ने एक सक्षम राजनैतिक संयन्त्र हो तथा यसले पहिचानको राजनीतिलाई आउँदा दिनहरूमा पनि जिउँदो राख्न सक्छ भन्ने कुरा सिद्ध गरिदिएको छ।

माओवादी विजय निष्कलङ्क चाहिँ थिएन। माओवादीले बलमिचाइको नीति छाडेन र बलमिचाइकै नीति लिने अन्य दलहरूलाई त्यसैका भरमा मुन्टो उठाउन दिएन। कुनै कुनै निर्वाचन क्षेत्रमा माओवादीले

विशाल मतको फरकबाट प्राप्त गरेको विजयबाट चुनावी दाउपेचका माहिर अन्य पार्टीका खेलाडीहरूले समेत मुख लुकाउनुपर्ने अवस्था थियो। तथापि माओवादीको जुन शक्ति देखियो त्यो बनावटी चाहिँ होइन। सङ्घीय गणतन्त्रको माग अघि सार्ने माओवादी नै हुन् भन्ने तथ्यलाई स्वीकारेर मतदाताहरू माओवादीको सङ्घर्ष र बलिदानको जस उनीहरूलाई दिन तयार थिए। माओवादीले जनचाहनालाई आत्मासात् गर्न सके, ठूला र पुराना पार्टीहरू त्यही कुरामा असफल रहे। यस सन्दर्भमा जनतासित आफू निकट रूपमा रहेको र काठमाडौंको राजनीतिक रमझममा नअल्मलिएको भनी देखाउन माओवादीहरू सफल भए। सहरी निर्वाचन क्षेत्रमा समेत उनीहरूले स्पष्टसित जितेर (उपत्यकाका निर्वाचन क्षेत्रहरूमा समेत माओवादीहरू विजयी भएको परिप्रेक्ष्यमा) पर्यवेक्षकहरूका आँखा नपुगेका ग्रामीण क्षेत्रका मतदाताहरूलाई तर्साएकै भरमा भोट पाएका होइनन् भनेर देखाइदिए।

समग्रमा मतदान कार्य विश्वसनीय थियो र चुनावको व्यवस्थापन गर्ने, चुनाव लड्ने र चुनावमा मत दिने सबैमा यस सफलताको श्रेय जान्छ। केही गडबडी र धाकधम्कीका घटनाहरू अवश्य भएका थिए, तर ती आशङ्का गरेभन्दा निकै नै कम थिए। राजनैतिक छलफल गर्ने र छनोट गर्न पाउने प्रशस्त अवसर मतदाताहरूलाई थियो। त्यसैले तिनले पनि आफ्नो जिम्मेवारीलाई गम्भीरतासाथ लिए र आफ्नो अभिमत प्रकट गर्न ठूलो सङ्ख्यामा निर्वाचनमा सहभागी भए। हार्नेहरूले सार्वजनिक रूपमा तीतो पोखे पनि धाँधली वा अनियमितताका प्रत्यक्ष प्रमाणहरू जुटाएर उजुर गर्न सक्नेहरू थोरै मात्र थिए। नेपालका नागरिकहरूले जुन सन्देश यस निर्वाचनबाट दिएका छन् त्यो राजनैतिक उच्चवर्गले अब बुझ्नुपर्छ।

यस रिपोर्टमा प्रचार अभियान र निर्वाचनबारे विवरण दिइएको छ, चुनावको विश्वसनीयताबारे मूल्याङ्कन गरिएको छ र नतिजाको विश्लेषण परेको छ। यसैसँग निस्केको अर्को नीतिगत रिपोर्टमा भने नयाँ राजनैतिक भूदृश्यको सर्वेक्षण गरिएको छ र सङ्क्रमणकालीन चुनौतीहरूको पनि परीक्षण गरिएको छ। नयाँ संविधानसभाउपर सक्षम सरकार बनाउने जिम्मेवारी छ। त्यसबाहेक यसले व्यवस्थापिकाको पनि काम गर्नुपरेको छ र देशको संविधान पनि लेख्नु छ। यी कामहरू सम्पन्न गर्नु त्यति सजिलो छैन। यी सबै कार्य एकसाथ सम्पन्न गर्दागर्दै शान्ति प्रक्रियालाई स्थायी निष्कर्षमा पुऱ्याउन ठूलो धैर्य र वचनबद्धताको आवश्यकता छ।

**काठमाडौं/ब्रसेल्स, ३ जुलाई २००८**

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १५५ ३ जुलाई २००८

# नेपालको चुनाव : शान्तिपूर्ण क्रान्ति?

## १. परिचय

नेपालको संविधानसभा चुनाव १० अप्रिल २००८ मा दुई-दुईपटकको स्थगन, सशस्त्र समूहहरूद्वारा चुनाव बिथोल्ने धम्की र राजनैतिक इच्छाशक्तिको धरमर अवस्था हुँदाहुँदै पनि योजनाअनुरूप सम्पन्न भयो।[1] संविधानसभाको एकतिहाइभन्दा केही बढी सिटहरू जितेर माओवादीहरू प्रस्ट रूपमा सबभन्दा ठूलो दलका रूपमा अगाडि आए। चुनावी प्रचार, मतदान र मतगणना कार्य आदि धेरै पर्यवेक्षकहरूले अन्दाज गरेभन्दा अत्यन्त सहज तरिकाले सम्पन्न भए। साथै माओवादी विजयले धेरैजसो भविष्यवाणीलाई उल्टाई पनि दियो। तर चुनावपछिको स्थिति चाहिँ आशा गरेजस्तो सरल रहेन। चुनाव सकिएको झन्डै तीन महिनापछि मे २८ का दिन संविधान-सभाको प्रथम बैठक बसेको थियो। तर नयाँ सरकार अझै बनेको छैन र शक्ति बाँडफाँडको दिक्कलाग्दो तानातान चलि नै रहेको छ।

यस रिपोर्टमा चुनाव प्रचार अभियानको अन्तिम क्षणदेखि मतगणना सिद्धिसकेको स्थितिसम्मको मूल्याङ्कन गरिएको छ।[2] यसमा चुनाव परिणामका उल्लेखनीय तथ्यहरू र तिनका पछाडिका कारणहरूको विश्लेषण गरिएको छ। यससँगसँगै प्रकाशित अर्को नीतिगत प्रतिवेदनले नयाँ राजनीतिक परिदृश्यको सर्वेक्षण गरेको छ र विद्यमान सङ्क्रमणकालीन चुनौतीहरूको विवेचना पनि गरेको छ।[3]

[1] चुनावअघिको विद्यमान स्थिति र चुनावपछिको परिवर्तित अवस्थालाई नियमन गर्ने संवैधानिक र कानुनी प्रावधानहरूबारेमा हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १४९, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* २ अप्रिल २००८। क्राइसिस ग्रुपको हालैका अन्य रिपोर्टहरू निम्नबमोजिम छन् : एसिया ब्रिफिङ नं. ७२, *नेपालः स्थगित शान्ति,* १८ डिसेम्बर २००७ र नं. ६८, *नेपालको नाजुक शान्ति प्रक्रिया,* २८ सेप्टेम्बर २००७ र एसिया प्रतिवेदन नं. १३६, *हिंसाको तापमा तराई,* जुलाई २००७, नं. १३२, *नेपालका माओवादी : विशुद्धतावादी कि व्यवहारवादी?,* १८ मे २००७ र नं. १२८, *नेपालको संवैधानिक प्रक्रिया,* २७ फेब्रुअरी २००७। यी सबै रिपोर्टहरूका नेपाली अनुवाद www.crisisgroup.org/nepali मा उपलब्ध छन्।

[2] चुनाव प्रचारकालमा र मतगणनाको पहिलो सप्ताहमा क्राइसिस ग्रुप नेपालका ७५ मध्ये ४० जिल्लाहरूमा घुमेको थियो। त्यस बखत सयौं पार्टी कार्यकर्ताहरू र नेताहरूसँग, निर्वाचन अधिकारीहरूसँग, प्रशासन र सुरक्षा अधिकारीहरूसँग, पत्रकार र विश्लेषकहरूसँग, नागरिक समाजका सदस्यहरूसँग तथा सामान्य मतदाताहरूसँग क्राइसिस ग्रुपले कुराकानी गरेको थियो। क्राइसिस ग्रुप चुनाव पर्यवेक्षण गर्ने अन्तर्राष्ट्रिय संस्थाका रूपमा दर्ता गरिएको थियो जसले गर्दा क्राइसिस ग्रुपलाई मतदान अधिकृतहरूसँग भेट गर्न र मतदान र मतगणना केन्द्रहरूमा जान सजिलो भयो। यसका लागि क्राइसिस ग्रुप निर्वाचन आयोग, प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल र सम्बन्धित अधिकारीहरूप्रति आफ्नो आभार प्रकट गर्दछ। यस सर्वेक्षण कार्यमा क्राइसिस ग्रुपलाई सबै दलहरूको पूरापूर सहयोग मिलेको थियो। यस रिपोर्टमा तीक्ष्ण टिप्पणी र विश्लेषणहरू परेका भए पनि सबै कर्मचारी वर्ग, राजनैतिक पात्रहरू तथा नागरिकहरूले निर्वाचनलाई सफल बनाउन देखाएको प्रतिबद्धताबाट क्राइसिस ग्रुप प्रभावित भएको थियो।

[3] हेर्नुहोस् क्राइसिस ग्रुपको एसिया रिपोर्ट नं. १५६, *नेपालको नयाँ राजनीतिक परिदृश्य,* ३ जुलाई २००८।

## २. चुनाव प्रचार अभियान

चुनावी प्रचार तीव्र, उत्साहप्रद र एकदमै प्रतिस्पर्धी थियो। तर साथै हिंसा र गडबडीले प्रचार अभियानलाई केही खल्बलाएको पनि थियो। यस सन्दर्भमा धेरै जना माओवादी कार्यकर्ताहरूको हत्या उल्लेख्य छ। भोट हाल्ने दिन नजिकिँदै जाँदा चुनाव हुन सक्ने सम्भावना वास्तविकतामा परिवर्तन हुन लागेकाले चुनाव प्रक्रियाप्रति जनताको उत्साह पनि चुलिँदै गएको थियो। दर्जनौं दलहरू चुनाव प्रचारमा जुटेका थिए र सञ्चारमाध्यमले देखाएको तत्परताले पनि वातवरणमा सरगर्मी बढेको थियो। बढ्ता भोट ल्याउनेले जित्ने चुनाव प्रणालीप्रति सबैको ध्यान केन्द्रित भएको थियो। नेपाली मतदाताहरूमाझ यो प्रणाली "प्रत्यक्ष चुनाव प्रणाली" भनेर लोकप्रिय भयो। यस प्रणालीले स्थानीय तवरमा ख्यातिप्राप्त व्यक्तिहरूबीच चर्को झडपलाई पनि निम्त्यायो। यसपालिको चुनावमा प्रचार-प्रसारको तरिका पहिलेका चुनावहरूमा जस्तै थियो। सबै दलहरूले पहिलेदेखि अभ्यास गर्दै आएको उपायहरूद्वारा जनतामा सन्देश पुऱ्याउने र उनीहरूको समर्थन जित्ने प्रयास गरे।

चुनाव प्रचारमा द्वन्द्वपछिको वातावरणका विशेषाताहरू देखिएनन्। अपितु यसअघिका चुनावहरूमा झैं संदिग्ध तरिकाहरू चुनाव प्रचारमा झल्किएका थिए। गलत व्यवहारले गर्दा प्रचार अभियानमा केही दाग लाग्न गएको थियो, तर त्यसले कहिलेकाहीं जीवन्तता पनि थप्ने गर्थ्यो। सदाचारको बाचा सबै पार्टीहरूले बारम्बार दोहोऱ्याएका भए तापनि थोरैले मात्र आचारसंहिता पालन गर्ने छाँट देखिन्थ्यो र चुनाव आयोगले त्यो संहिता लागू गराउन नसक्ने पनि प्रस्ट देखिन्थ्यो।[४] साथै हत्यालगायतका थुप्रै गम्भीर हिंसात्मक घटनाहरूका कारण र त्रासको वातावरणले गर्दा पनि चुनाव प्रचारमा असर परेको थियो।

### क) माओवादी संयन्त्र

अहिले पछाडि फर्केर हेर्दा चुनाव प्रचारबाटै कस्तो नतिजा आउँछ भन्ने कुरा प्रस्ट भइसकेको थियो भन्नु सजिलो छ। किनभने नेकपा (माओवादी) को चुनाव प्रचार संयन्त्र तगडा थियो र माओवादीसँग खुला चुनावको अनुभवको कमी छ भनी कसैले भन्न सक्तैनथ्यो। चुनाव प्रचार अभियानको कुनै पनि प्रचलित हतकण्डाको उपयोग गर्नमा उनीहरू पछि थिएनन् र यस कुरामा उनीहरूले अन्य दलहरूलाई मात ख्वाए। तिनीहरूले आफ्ना सैनिक सङ्गठनलाई सुनियोजित तवरले उपयोग गरे। खास-खास क्षेत्रहरूमा अन्य दलको प्रचार-प्रसारलाई बाधा पुऱ्याउन यङ कम्युनिस्ट लिग (वाईसीएल) लाई अघि सारे, जो उनीहरूको जनमुक्ति सेनाद्वारा प्रशिक्षित र निर्देशित थिए। चुनावी नतिजा आफ्ना पक्षमा नआए फेरि युद्ध सुरु गर्ने उनीहरूको धम्कीले पनि ठूलो काम गऱ्यो।[५]

माओवादीका सबै खाले गतिविधिमा अनुशासन, उत्प्रेरणा र रणनीतिक योजना देख्न सकिन्थ्यो, जो उनीहरूका प्रमुख शक्ति थिए। क्राइसिस ग्रुपले भ्रमण गरेको ४० जिल्लामध्ये धेरैमा माओवादी कार्यकर्ताहरू अन्य दलका कार्यकर्ताहरूभन्दा बढी ऊर्जाशील र लक्ष्यकेन्द्रित देखिन्थे। यसो हुनुमा आंशिक कारण उनीहरूले अवलम्बन गरेका स्पष्ट नीति थियो। आफ्ना प्रमुख प्रतिद्वन्द्वीहरूका भन्दा आफ्नो चुनावी एजेन्डाप्रति माओवादीहरूमा सुनिश्चित धारणा पाइन्थ्यो।[६] यो उनीहरूको कठिन सङ्गठनात्मक कार्यको विजय पनि थियो। उनीहरूका स्थानीय कार्यकर्ताहरू प्रशक्षित थिए, व्यवस्थित थिए र पार्टी अडानबारे शिक्षित थिए। पार्टी प्रवक्ता कृष्णबहादुर महराले बताए, "हाम्रो आधार नै जनता हो। नोभेम्बरमा जति एमाले चाख लिएको छैन। उता नेपाली काङ्ग्रेस गाउँतिर जाँदै गएका छैनन्। यस्तोमा तिनले कसरी जित्न सक्छन्? संविधानसभा शान्तिपूर्ण क्रान्तिको उत्कर्ष हो। यसको चुनाव साधारण चुनाव होइन। यसलाई पूर्णता दिन र गणतन्त्र स्थापना गर्नका लागि अझै युद्ध गर्नु छ। कठोर सङ्घर्ष नगरीकन यी कुराहरू सजिलै उपलब्ध हुने छैनन्।"[७]

चुनाव प्रचारको समयमा माओवादीहरूको एकमात्र गम्भीर नीतिगत समस्या भनेको अन्य दलहरूसँग तिनका सम्बन्धबारे थियो। शीर्षस्थ नेताहरू फराकिलो "प्रगतिशील मोर्चा" हुनुपर्नेमा बारम्बार जोड दिन्थे। बाबुराम भट्टराईका शब्दमा "पुरानै सामन्ती व्यवस्थाले जितेमा हामीले त्यतिका सङ्घर्ष गरेको के सार भयो र? प्रगतिका लागि सबै दलहरूका बीचमा न्यूनतम साझा सहमति हुनुपर्छ।"[८] यदि काङ्ग्रेस साँच्चिकै परिवर्तनलाई अँगालेर आएमा उनीहरू काङ्ग्रेससँग पनि काँधमा काँध मिलाएर प्रचार गर्न राजी भए जस्ता देखिन्थे। "काङ्ग्रेसले जितोस् तर पुराना सामन्तीहरूले जित्नु हुँदैन", कृष्णबहादुर महराको टिप्पणी थियो।[९] तर यथार्थमा त्यस्तो

---

[४] आचारसंहिताबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. १०, १३।

[५] आफ्नो गृह जिल्ला गोर्खामा बोल्दै बाबुराम भट्टराईले चेतावनी दिएका थिए "हामीले हाऱ्यौं भने फेरि एउटा नयाँ किसिमको क्रान्ति हुनेछ।" "A new revolution if Maoists lose the election, says Dr. Bhattarai", nepalnews.com, ५ मार्च २००८। प्रचण्डले पनि उस्तै चेतावनी दिए, "नयाँ नेपाल निर्माण गर्ने जनप्रतिबद्धताअनुसार हामीले अहिले विजय हासिल गरिसकेका छौं। तर, यदि हामीलाई पराजित गर्ने षड्यन्त्र गरिन्छ भने यस्तो पराजय हामी स्वीकार्दैनौं।" "Prachanda says Maoists won't accept defeat if there is conspiracy", nepalnews.com, २७ मार्च २००८।

[६] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* पृ. ३।

[७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कृष्णबहादुर महरा, काठमाडौं, ९ मार्च २००८।

[८] १२ मार्च २००८ मा कीर्तिपुरको चुनावी सभामा बाबुराम भट्टराईको भाषण। दुई दिनपछि भट्टराईले अझ बढी असन्तोष प्रकट गरे, "उनीहरूको (काङ्ग्रेस र एमालेको) ताल देखेर हामी दिक्क भएका छौं। यतिका ठूलो बलिदान र जनआन्दोलनपछि पनि तिनीहरू पुरानै तल्लो कोटिको राजनीति गरिरहेछन्।" तर पनि उनले जोड दिए "(चुनावपछिको) अन्तरिम अवस्थामा संयुक्त सरकार बन्नुपर्दछ। सहमतिको लोकतन्त्रलाई ठूला दलहरूले मान्नैपर्दछ।" काइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, १४ मार्च २००८।

[९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कृष्णबहादुर महरा, काठमाडौं, ९ मार्च २००८।

गठबन्धन अन्य वामपन्थी दलहरूसित, खासगरी एमालेसित मात्र सम्भव थियो। त्यसैले एमालेले गठबन्धन गर्न नमान्दा माओवादीहरू रिसले आगो भएका थिए।

माओवादी नेता प्रचण्डको काठमाडौं निर्वाचन क्षेत्रमा चुनावी प्रचार सुरु गर्ने सभामा बोल्दै भट्टराईले, यी शब्दमा आफ्नो असन्तुष्टि व्यक्त गरेका थिए, "हामी चुनाव लडौं, ठीकै छ। तर मुख्य-मुख्य कुरामा हामीले किन सहमति नखोज्ने? गणतन्त्रवादीहरू र वामपन्थीहरूसमेत एक हुन सकेनन्, यो दुःखलाग्दो कुरा हो। हामीहरू साँच्चि नै दुःखित छौं।"[१०] स्वयम् प्रचण्डले चेतावानी दिएका थिए, "एकता भएन भने ज्यादै नराम्रो स्थिति आउने कुरा म देख्छु, बाहिरी शक्तिहरू र अरूहरू मिलेर चुनाव बिथोल्न षड्यन्त्र गर्दैछन् र हाम्रो सार्वभौमिकताको अवमूल्यन गर्दैछन्।"[११] तर विडम्बना के भयो भने गठबन्धन गर्न नसक्दा नै माओवादीहरूलाई बढी फाइदा भयो। माओवादीले प्रत्यक्ष निर्वाचनमा एमालेलाई पछारिदिए।

हुन त नेकपा (माओवादी) को एउटा घटक बाबुरामले नेतृत्व गरेको संयुक्त जनमोर्चाले सन् १९९१ को चुनावमा भाग लिएको थियो र २०५ सदस्यीय प्रतिनिधिसभामा नौ सिट जितेर तेस्रो स्थानमा आएको थियो। तर यसपटकको निर्वाचन साँचो अर्थमा माओवादीहरूको पहिलो चुनावी युद्ध थियो। चुनाव भनेको अर्को तरिकाबाट चलाइएको युद्धको निरन्तरता हो भन्ने उनीहरूको सार्वजनिक अभिव्यक्ति र आन्तरिक रूपमा संस्थागत गरिएको विचारले निकै ठूलो महत्त्व राखेको थियो। यसको अर्थ उनीहरूले निर्वाचनलाई सशस्त्र बलको परीक्षाका रूपमा हेरेका थिए भन्ने होइन। तर यसको अर्थ तिनले सशस्त्र विद्रोह गर्दा अवलम्बन गरेको रणनीति र कार्यनीतिमा जति प्रतिबद्धता आवश्यक थियो त्यति नै प्रतिबद्धता निर्वाचनमा आवश्यक छ भन्ने हो। सशस्त्र सङ्घर्षमा उपयोग गरिएको रणनीतिक कडाइ र कार्यगत लचकतालाई राष्ट्रिय चुनावको मागअनुरूप उनीहरूले "जनताको राजनीति" मा प्रयोग गरे। जे होस्, उनीहरूले सिक्ने र सिकेको कुरालाई व्यवहारमा प्रयोग गर्ने योग्यताको प्रदर्शन गरेर देखाए।

## ख) बल्झिरहने चुनौती

माओवादीका विरोधीहरूका लागि परिस्थिति झनै अल्मल्याउने खालको थियो। काङ्ग्रेस र एमालेसित देशभरिका आफ्ना बृहत् सन्जालहरू साबुत थिए र उनीहरू चुनावको तयारीलाई पन्छाउने काम पनि गरिरहेका थिएनन्। उनीहरू आफूले प्राप्त गरेका वर्षौं पुराना अनुभवहरूका आधारमा चुनावी अभियानको औपचारिकतामा भाग लिइहेका थिए। तर तिनका धेरै कार्यकर्ताहरू उत्साहविहीन र मनोबलरहित जस्ता देखिन्थे, कति त आफ्ना विरोधीहरूलाई सघाइरहेका पनि थिए होलान्।

नेकालाई उसको नीतिगत अस्पष्टता र विभाजनको घाउ नपुरिएको अवस्थाले नोक्सान पुऱ्याएको थियो। यसका थुप्रै वरिष्ठ नेताहरू र स्थानीय कार्यकर्ताहरूबीच काङ्ग्रेसको गणतन्त्र अपनाउने निर्णय अत्यन्त अलोकप्रिय थियो। प्रधानमन्त्रीकी छोरीसहित केही नेताहरूबाट आफ्नै पार्टीलाइन विरुद्ध चुनाव प्रचार अभियानभरि जनसभामा आफ्नो आक्रोश पोख्ने काम भयो। केही चाहिँ पार्टी नेतृत्वप्रति असन्तुष्टि प्रकट गर्नमा रमाउँथे। गृहमन्त्री गोविन्दराज जोशीले दुख प्रकट गर्दै भने "सरकार निकम्मा छ। सरकार नै छैन।"[१२]

उम्मेदवारहरूलाई "टिकट वितरण" गर्ने कामले माउ काङ्ग्रेस र पहिले छुट्टिएर सेप्टेम्बर २००७ मा काङ्ग्रेससँग फेरि मिलेको काङ्ग्रेस (प्रजातान्त्रिक) बीच अझै विद्यमान विभाजनलाई उजागर गऱ्यो। दुवै समूहले आफ्नो धेरै समय र ऊर्जा सिटको बाँडफाँडको झगडामा खर्च गरे र आखिरमा केही नलागेर ६०-४० को नीति अपनाए।[१३] विडम्बना यस्तो भयो, प्रत्यक्ष चुनावमा उम्मेदवारी नपाएर तिरस्कृत महसुस गर्ने धेरैजसो वरिष्ठ व्यक्तिहरू प्रत्यक्ष चुनावको मारबाट जोगिएर पछि समानुपातिक प्रतिनिधित्वबाट छिर्न पाए, जुन समानुपातिक प्रतिनिधित्वलाई पहिले उनीहरूले हेयपूर्ण ठानेका थिए।

उता एमालेले पनि आफ्ना स्थापित नेताहरूका लागि सिटको चाँजोपाँजो मिलाउँदा त्यस्तै समस्या झेल्नुपऱ्यो।[१४] चुनावी बाँडफाँडबाट दुःखी भएर तिनका केही कार्यकर्ताहरूले पार्टीबाट राजीनामा पनि दिए। एमाले फुटी त हालेन तर माओवादीहरूसँगको सम्बन्धबारे उठेका गम्भीर मतभेदहरूको सामना पार्टीले गर्नुपऱ्यो। केहीले बृहत् वाम एकताको पक्षमा दलिल दिए भने केहीले कम्तीमा पनि चुनावी सिट बाँडफाँड ठोस रूपमा हुनुपर्छ भन्नेमा जोड दिए। तर यस बहसमा मूलधार समातेको पार्टीका रूपमा एमालेले काङ्ग्रेससँग निकट रही माओवादीहरूसँग सीधै टक्कर लिनुपर्दछ भनी तर्क दिनेहरूको जित भयो। यस निर्णयबाट पार्टीका केही सक्रिय कार्यकर्ताहरू र विदेशी सरकारहरू खुसी भए। धेरै नेताहरूले चुनावपछि मात्र आफ्नो हिसाब नराम्रोसँग फेल खाएको चाल पाए। मतदान हुनुभन्दा दुई दिनअगाडिसम्म एक जना एमाले मन्त्री माओवादीहरूले आफ्नो खुट्टामा आफैं बन्चरो हाने भन्दै थिए। उनले भने "हामीहरूले तिनका चार-पाँच जना नेताहरूलाई निर्विरोध छाडिदिने भनेका थियौं, तर तिनले हाम्रो प्रस्तावलाई षड्यन्त्र ठाने र

[१०] १२ मार्च २००८ मा कीर्तिपुरको चुनावी सभामा बाबुराम भट्टराईको भाषण।

[११] १२ मार्च २००८ मा कीर्तिपुरको सोही चुनावी सभामा प्रचण्डको भाषण।

[१२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दमौली, ४ अप्रिल २००८।

[१३] जनवरीको अन्त्यसम्मा, माओवादीहरूको तयारी राम्रैसित अघि बढिरहेको थियो। तर ठूला काङ्ग्रेसी नेताहरू चाहिँ जिल्ला सभापति तहभन्दा मुनिका पार्टी अधिकारीहरूको नियुक्ति गर्नमा र काङ्ग्रेसका दुई समूहहरूबीच सम्झौता गराउने प्रयासमा मुलुकभरिको दौडाहामा थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, प्रकाशशरण महत, विराटनगर, २४ जनवरी २००८।

[१४] समानुपातिक सूचीका बारेमा मतदानअघि र जित्ने उम्मेदवारहरूको छनोटबारेमा चुनावपछि भएको विवादले गर्दा धेरैले राजीनामा गरेका थिए। हेर्नुहोस् खण्ड ५क(४)।

अस्वीकार गरिदिए।"[१५] काङ्ग्रेसले पनि एमालेलाई नै आफ्नो मुख्य प्रतिद्वन्द्वी ठानेको थियो। काङ्ग्रेसले धेरै जिल्लामा मतदाताहरूलाई यदि साँच्चिकै वामदललाई छान्नु छ भने नेकपा (माओवादी) लाई भोट दिए हुन्छ भनेर प्रोत्साहित गरेका थिए। यस्तो दाउले काङ्ग्रेस आफैँलाई बेफाइदा गऱ्यो र साथै एमालेलाई पनि त्यसले कमजोर पाऱ्यो भन्न सकिन्छ।

माओवादीहरूलाई आफ्नो नौलो छविको पनि फाइदा भयो। माओवादी नेताहरूको एक झलक हेर्नलाई नै मतदाताहरू ओइरिन्थे। माओवादीहरूसँग धेरै जोसिला र प्रखर वक्ताहरूको जमात पनि थियो। उता काङ्ग्रेस र एमाले चाहिँ उस्तै खाले कमजोरीबाट पीडित थिए। किनभने तिनका प्रमुख प्रचारकहरू पुरानै अनुहारहरूका थिए, जसको भाषण सुन्दा-सुन्दा जनता वाक्क भएका थिए।[१६] प्रचण्डलगायत शीर्षस्थ माओवादी नेताहरू सधैँजसो घुमेको घुम्यै गर्दथे तर नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला भने चुनाव प्रचारमा एउटै निर्वाचन क्षेत्र पनि घुमेनन् र कुनै आमसभामा उनले भाषण पनि गरेनन्।[१७] कार्यवाहक अध्यक्ष सुशील कोइराला मुख्यतः आफ्नै निर्वाचन क्षेत्रमा सीमित रहे। उनी आफ्नै सिट जोगाउन व्यस्त भए, तर पनि निर्वाचनमा उनी हारे। नेपाली काङ्ग्रेसका सभामा सबैभन्दा बढी भीड जम्मा गर्नेहरूमा विद्यार्थी नेता गगन थापा र कुशल वक्ता प्रदीप गिरी थिए भने एमालेपट्टि शङ्कर पोखरेल प्रभावशाली वक्ता साबित भए। तर पार्टी वरियतामा यिनीहरूको स्थान उपल्लो नभएकाले यिनीहरूका प्रयत्नहरू त्यति प्रभावकारी हुन सकेनन्।

माओवादीहरू पर्चाबाजी गर्नमा र ढोका-ढोकामा गई चुनाव प्रचार गर्न अथक रूपमा लागेका थिए, तर काङ्ग्रेस र एमालेले जनतासँग भेटघाट गर्नमा उति साह्रो रुचि देखाएनन्। उनीहरूले ढिलो चुनाव प्रचार थाल्नु पनि यसको आंशिक कारण थियो। काङ्ग्रेसी चुनाव प्रचार मार्चको तेस्रो हप्ताबाट बल्ल सुरु भयो (त्यस बेलासम्म पनि धेरै पार्टी नेताहरू चुनाव हुनेमा विश्वस्त थिएनन्) र एमाले चाहिँ आफ्नो जनाधारप्रति पूरै ढुक्क थियो। पहिले नोभेम्बर २००७ मा हुने भनिएको चुनावको प्रचारमा एमाले जोडतोडसित लागेको थियो तर चुनाव स्थगित हुँदा खिस्स परेको थियो। त्यसैले एमाले त्यो कुरा दोहोऱ्याउन चाहँदैन थियो। तर जब पार्टीले अन्त्यमा चुनाव प्रचार सुरु गऱ्यो पार्टी कार्यकर्ताहरू एकदमै निरुत्साहित अवस्थामा थिए। केही गाउँलेहरूले अनुभव गरेअनुसार माओवादीहरू चिउरा र स्कुसको तरकारीका भरमा दिनभर खट्थे भने काङ्ग्रेस र एमालेका कार्यकर्ताहरू चाहिँ टन्न मासु-भात नखाई चल्दैन थिए।[१८] उम्मेदवार र नेताहरू मतदाताहरूसमक्ष जाँदा पहिला उनीहरूले के काम गरे र पछि के गर्ने योजना छ भन्ने बाङ्गा प्रश्नहरूको सामना गर्नुपर्थ्यो।

### ग) मधेसी दलहरू : पारस्परिक सन्देह र सक्रियता

चुनावी प्रचार थालिएपछि मधेसमा परिवर्तनको लहर उठ्न लागेको सबैलाई प्रस्ट थियो। सायद यो कुरा स्थापित पुराना राजनैतिक दलहरूलाई त्यति प्रस्ट नहुन सक्छ। हुन त फेब्रुअरी २००८ को मधेसी आन्दोलन केही अस्पष्ट सम्झौतामा गएर टुङ्गिएको थियो, तापनि त्यस आन्दोलनले केवल नयाँ नेतृत्वले मात्र काठमाडौँलाई मधेसी समस्याहरूप्रति ध्यान दिन बाध्य पार्न सक्तछ भन्ने भावनालाई बलियो बनाइदिएको थियो।[१९] तैपनि उच्च तहमा पुगेको यस सजगतालाई कुन पार्टीहरूले भजाउन सक्लान् त्यो चाहिँ प्रस्ट थिएन।

मधेस जनअधिकार फोरमले सन् २००७ को प्रारम्भमा नै मधेसी आन्दोलनलाई चर्काएको थियो र आफ्नो नामको डङ्का बजाएको थियो। तर यसको सङ्गठनात्मक क्षमताप्रति मानिसमा निकै ठूलो शङ्का थियो र साथै सबैलाई खुसी पार्न खोज्ने अस्थिर चित्तवृतिका नेता उपेन्द्र यादवको बदलिरहने नीतिप्रति पनि उत्तिकै शङ्का थियो। तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) काङ्ग्रेसका एक वरिष्ठ नेता महन्थ ठाकुरको नेतृत्वमा डिसेम्बर २००७ मा "संस्थापना" को नरमपन्थी मञ्चका रूपमा गठन भएको थियो। यसको गठनमा नयाँ दिल्लीको सहयोग हुँदाहुँदै पनि यसले आफ्नो जरा फैलाउन समय पाएको थिएन। लामो विभाजन र असहमतिपश्चात् आएको राजेन्द्र महतो समूहको नेपाल सद्भावना पार्टी (नेसपा) लाई आफ्नो माउपार्टीबाट निर्णायक ढङ्गले छुट्टिएको भनी देखाउन गाह्रो परेको थियो। फेरि नेसपाले धेरै समयदेखि क्षेत्रीय मुद्दा उठाउँदै आए पनि खासै केही गर्न नसकेको अनुभव धेरै मधेसीहरूले गरेका थिए। आखिरमा फोरमले आफूलाई चुनावी संयन्त्र सञ्चालन गर्न सक्षम साबित गऱ्यो र तमलोपा तथा नेसपासँग नमिल्ने आफ्नो नीति अरूले आलोचना गरे पनि पार्टी हितका लागि ठीक थियो भनेर प्रमाणित पनि गऱ्यो।

चुनाव प्रचारका बेला र मतगणनाका बेला मधेसी मतदाताहरूको उत्साह हेर्न लायक थियो।[२०] ऐतिहासिक रूपमा नै नेपाली राजनीतिको मलिलो ब्याड रहँदै आएको तराई क्षेत्रमा राजनैतिक अनुभवको कमी थिएन। यद्यपि पूर्वी जिल्लाहरूमा सक्रिय सशस्त्र समूहहरूको धम्कीले मतदाता संचेतना र पार्टीको दलीय प्रचारका

---

[१५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पृथ्वी सुब्बागुरुङ, लमजुङ, ८ अप्रिल २००८। मन्त्री गुरुङ आफ्नो क्षेत्र लमजुङ-२ बाट जितेर आए। आफ्नो चुनाव क्षेत्रमा आफ्नो पार्टीको वर्चस्व भएको हुँदा उनले त्यसो भनेको हुन सक्छ, तर त्यहाँ उनको मुख्य प्रतिस्पर्धा काङ्ग्रेससित थियो। मर्स्याङ्दी पूर्वको लमजुङ क्षेत्र नं. १ मा माओवादीहरू बढी सक्रिय थिए, तिनले त्यो सिट जिते पनि। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, एमाले र काङ्ग्रेस कार्यकर्ताहरू, बेँसीसहर, ८ अप्रिल २००८।

[१६] उम्मेदवारहरू छान्दा नेकाले सन् १९९९ को चुनावमा जितेकाहरूलाई नै प्राथमिकता दिएको हुनाले पुराना अनुहार नै धेरै पर्ने स्वाभाविक थियो।

[१७] उनको खराब स्वास्थ्य नै यसको मुख्य कारण थियो। हुन त उनले प्रधानमन्त्री र कार्यवाहक राष्ट्रप्रमुख भएको हुँदा सक्रिय पार्टी प्रचार–प्रसारमा लाग्नु हुन्न भनी मैले ठानेको छु भनेका थिए।

[१८] गाउँलेहरूसँग क्राइसिस ग्रुपको अन्तर्वार्ता, काभ्रेपलाञ्चोक, १५ मे २००८।

[१९] विरोध कार्यक्रम १९ जनवरी २००८ देखि सुरु भयो। १३ फेब्रुअरीदेखि अनिश्चितकालसम्मको हडताल थालियो। त्यसपछि २८ फेब्रुअरीमा आठ बुँदे सम्झौतामा आएर टुङ्गियो। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित, पृ. २।

[२०] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, बाँके र बर्दिया, २–३ अप्रिल २००८, बारा, पर्सा, सिराहा र धनुषा, १२–१३ अप्रिल २००८।

प्रयत्नमा केही अवरोध ल्याएको थियो।[२१] चुनाव प्रचारमा केही साम्प्रदायिक रङ देखिएको थियो, तर मधेसी आन्दोलन चर्केको बेलामा जति थिएन। मधेसी आन्दोलन चर्केका बेला पहाडीहरू जताततै धम्कीका सिकार भएका थिए। धेरै नेताहरूले जिम्मेवारपूर्ण व्यवहार देखाए। महन्थ ठाकुर जस्ता केही नेताहरूले त मधेसी एजेन्डाबाट पहाडी मूलका मानिस विरुद्धका आग्रहहरू हटाउन ठूलो कोसिस गरे। तैपनि विगतमा भएको हिंसाको प्रभावका कारण नयाँ मधेसी पार्टीहरूको सहज विजय नहोस् भन्नाखातिर धेरै पहाडियाहरूले माओवादीलाई आफ्ना हितरक्षक ठानी ठूलो समर्थन दिए।

नेपाली काङ्ग्रेस र एमालेले तराईको प्रत्यक्ष चुनावमा धेरैजसो पुराना र बदनाम पहाडे अनुहारहरूलाई उठाउने निर्णय गरेकाले पनि मधेसी दलहरूलाई ठूलो फाइदा भयो। उपेन्द्र यादव र प्रधानमन्त्रीकी छोरी सुजाता कोइरालाबीचको सीधा टक्कर र यस्तै किसिमको अरू प्रतिस्पर्धाले चुनाव प्रचारलाई निकै ततायो। साथै केही-केही मात्रामा हिंसात्मक भिडन्तहरूलाई पनि निम्त्यायो। मधेसी दलहरूको चुनाव प्रचार अभियानमा मुख्य कमजोरी भनेको तिनले महिला, दलित र अल्पसङ्ख्यक जातिका उम्मेदवारहरूलाई ठाउँ दिन नसक्नु थियो। (तल हेर्नुहोस्।)

## घ) द्वन्द्वको विरासत

चुनाव द्वन्द्वको छायाँमा भयो र धेरै क्षेत्रहरूमा पार्टी-पार्टीहरूको बीचको सम्बन्धलाई र मतदाताहरूको रुचिलाई पनि द्वन्द्वले प्रभावित पारेको थियो। काठमाडौंसित पश्चिममा जोडिएको जिल्ला धादिङमा अन्य पहाडी जिल्लाहरूभन्दा धेरै हिंसाका घटनाहरू भए।[२२] चुनाव हुनुअघि भएका १८ ओटा भिडन्तहरूमा ८२ जना घाइते भए। एमालेका तत्कालीन सांसद राजेन्द्रप्रसाद पाण्डेको प्रचार अभियानमा मार्च महिनामा भएको हिंसामा १६ जना घाइते भएका थिए।[२३] ८ अप्रिलका दिन काङ्ग्रेस-एमालेको भिडन्तले गर्दा जिल्ला सदरमुकाममा कर्फ्यु लगाउनुपरेको थियो र मतदानका दिन एक मतदान केन्द्रबाहिर एउटा बम विस्फोट भएको थियो।[२४]

हिंसाका यी घटना अकस्मात् यसै भएका थिएनन्। द्वन्द्वको क्रममा अत्यन्त कष्टकर पीडा धादिङले भोगिसकेको थियो। यहाँका ६० जनाभन्दा बढी बासिन्दाहरूलाई सुरक्षा फौजले गायब पारेको भनिन्छ र तिनको अझै पत्तो छैन। राजेन्द्र पाण्डेको चुनावी सभामा जानीबुझी आक्रमण गरेको दोष लागेका जीवनपुरका माओवादी सङ्गठन-कर्ताहरूले एमाले कार्यकर्ताहरूलाई नै घटनाका लागि दोषी बताएका थिए :

> एमालेको निर्देशनमा यस गाउँबाट मात्र पाँच जनालाई सुरक्षा फौजले अपहरण गरेको थियो। अपहरित व्यक्तिहरूका परिवारका सदस्यहरूको स्थानीय समितिले आफ्ना मानिसहरूको अवस्थाबारे खोजीनीति गरिदिन राजेन्द्र पाण्डेलाई खालि बिन्तीपत्र दिन खोजेका थिए। पाण्डेले तिनीहरूसँग बोल्नसम्म मानेनन्, बरु पुलिस तिनीहरूमाथि अकारण खनियो।[२५]

अपहरित व्यक्तिहरूका परिवारले यस भनाइको पुष्टि गरे। पुलिसका कुटाइमा परेका एमाले समर्थकहरूले पनि त्यस कुरालाई सकारे। हुन त नेकपा (माओवादी) कै अग्रसरतामा निवेदन दिने कार्य भएको थियो र भिडन्त निम्ति माओवादी तयार थियो।[२६] जेसुकै भए पनि माओवादीहरूले जिल्लामा आफ्नो आधिपत्य जमाउन धादिङका करिब १२ जना एमाले कार्यकर्ताहरूको हत्या गरी अरूलाई जिल्लाबाट लखेटी आफ्नो प्रचार अभियान सुरु गरेपछि यी अपहरणका घटना भएका थिए। माओवादी कार्यकर्ताहरूलाई सेनाले अपहरण गरेका बेला शाही शासन भएको र त्यस समय स्वयम् आफैं थुनामा परेको हुँदा त्यस घटनामा आफू संलग्न हुनै नसक्ने राजेन्द्र पाण्डेले बताए। उनले भने, "एक प्रकारको शान्ति त फर्किएला, तर द्वन्द्वको क्रममा सामाजिक सम्बन्धका आधारहरू पूरै ध्वस्त भएका छन्। त्यसैले अब साँचो अर्थमा शान्ति र सामाञ्जस्यता कहिल्यै आउन सक्तैन।"[२७]

द्वन्द्वका प्रारम्भिक वर्षहरूमा जन्मिएको वैमनस्यताले पनि चुनाव प्रचार अभियानमा हिंसाका अनेक रङ भरिदिएको थियो। तनहुँ जिल्लामा पूर्व गृहमन्त्री नेपाली काङ्ग्रेसका गोविन्दराज जोशीले आफ्ना पार्टी कार्यकर्ताहरूमाथि माओवादीहरूबाट नियोजित ढङ्गले आक्रमणहरू गरिएको गुनासो गरेका थिए।[२८] उनका प्रतिद्वन्द्वी नेकपा (माओवादी) का वरिष्ठ नेता सुरेश आलेमगरले केही घटनाहरूउपरको जिम्मेवारीलाई नकारेनन् :

> हाम्रो पार्टीको नीति नै प्रतिकार गर्ने हो, त्यसैले हामी एउटा गालामा हिर्काउँदा अर्को गाला थाप्ने गान्धी हुँदैनौं। तर हामी पहिले हिंसा सुरु गर्दैनौं। छिमेकको निर्वाचन क्षेत्रमा हामीले रामचन्द्र पौडेल (नेपाली काङ्ग्रेस, शान्ति तथा पुनर्निर्माण मन्त्री) को विरुद्ध अत्यन्तै शान्तिपूर्ण प्रचार अभियान चलायौं। किनभने रामचन्द्र आफैं राम्रो राजनैतिक संस्कारका मान्छे हुन् र उनी नियमको बर्खिलाफ जाँदैनन् पनि। तर यहाँ चाहिँ चुनावमा

---

[२१] तराईमा राजनैतिक क्रियाकलापको इतिहासबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *हिंसाको तापमा तराई,* माथि उल्लेखित, पृ. ५–६।

[२२] एउटा विस्तृत सर्वेक्षणअनुसार धादिङमा भएका २३ घटनाहरू उछिन्नेमा पूर्वी तराईका सप्तरी र सुनसरी जिल्ला मात्र थिए। त्यहाँ क्रमशः २६ र २४ ओटा घटनाहरू भएका थिए। निर्वाचन हुनुअघिका घटनाहरूमा पूरै मुलुकमा धादिङ जिल्लामा नराम्रा घटनाहरू भएका थिए। "Election and Political Violence in Nepal: Final Report, November 26, 2007 to April 30, 2008", Democracy and Election Alliance Nepal (DEAN), काठमाडौं, १९ जून २००८।

[२३] ऐ.ऐ., पृ. २५, DEAN को रिपोर्ट, धादिङका अरू पाँच घटनामा एमाले र माओवादीहरू मुछिएका थिए।

[२४] ऐ.ऐ., पृ. ३७।

[२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, स्थानीय नेकपा (माओवादी) नेता, जीवनपुर, २७ मार्च २००८।

[२६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, जीवनपुर, २७ मार्च २००८।

[२७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, राजेन्द्रप्रसाद पाण्डे र उनको प्रचार टोली, मलेखु, १ अप्रिल २००८।

[२८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, दमौली, ८ अप्रिल २००८।

धाँधली गर्न नेकाले अरू जिल्लाहरूबाट ल्याएको भाडाका गुन्डाहरूको प्रतिकार हामीले गर्नैपर्छ।[२९]

धादिङ र तनहुँमा भएका भिडन्तका घटनाहरूबाट कुन पार्टी दोषी हो र कुन पार्टी निर्दोष हो भन्ने प्रस्ट तस्बिर पाइन्न। तर पनि तिनले वर्षौंको सशस्त्र सङ्घर्ष, हल नभएका समस्याहरू र बदलाभावबाट उत्पन्न हुने खराब असरहरूलाई उजागर गर्दछन्। यस्तो परिस्थितिमा हुने प्रतिद्वन्द्विता कहिलेकाहीं तिक्ततापूर्ण भएमा आश्चर्य मान्नुपर्दैन। बरु द्वन्द्वको यस्तो कष्टपूर्ण बर्बादीका बाबजुद पनि ठूल्ठूला हिंसाका घटनाहरू नहुनु चाहिँ उल्लेखनीय मान्नुपर्छ।

[२९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, तनहुँ, ८ अप्रिल २००८।

## ३. मतदान

### क) प्राविधिक व्यवस्थापन

निर्वाचन आयोगले आफूलाई सुव्यवस्थित र कुशलतापूर्वक सञ्चालित निकाय प्रमाणित गऱ्यो।[३०] मतदान केन्द्रहरू साधारणतया राम्रोसित चलाइएका थिए र निर्वाचन कर्मचारीहरू (आयोगकै कर्मचारीहरू, काजमा खटाइएका निजामती कर्मचारीहरू, स्वयंसेवी उत्प्रेरकहरू र सुरक्षा जवानहरू) सबैले आआफ्ना काम-कर्तव्य उत्साहपूर्वक सम्पन्न गरे।[३१] निर्वाचन अधिकृतहरू राम्ररी प्रशिक्षित देखिन्थे र चुनाव प्रचारको समयभरि दलका स्थानीय उम्मेदवारहरू र कार्यकर्ताहरूसँग आत्मविश्वाससाथ व्यवहार गर्ने गर्थे। तर त्यसका साथै तिनीहरू निर्वाचन आचारसंहिता असाध्यै महत्त्वाकाङ्क्षी भएको स्वीकार्थे र नियमहरू उल्लङ्घन भएका उजुरी उनीहरूले लिनुपरेको बताए। केही जिल्ला निर्वाचन अधिकृतहरूले पार्टीहरूले जथाभाबी गरेको भित्तेलेखन मेटाउन र मोटरसाइकल ऱ्याली निकाल्ने जस्ता चुनाव प्रचारको माध्यममाथि रोक लगाएका थिए। तर धेरैजसोले चाहिँ यस्ता कुरामा आँखा चिम्लिदिए।[३२]

बरबन्दोबस्तका अनेक समस्या हुँदाहुँदै पनि निर्वाचनसम्बन्धी सामग्रीहरू करिब १० हजार मतदान केन्द्रहरूमा समयमा नै पुऱ्याइए।[३३] मुख्यतः मतदानपत्रहरू जस्ता संवेदनशील सामग्रीहरूलाई लैजाने र भण्डारण गर्ने काम प्रभावकारी सुरक्षाअन्तर्गत भए। निर्वाचन अधिकृतहरूलाई राम्ररी प्रशिक्षण दिइएको देखियो। काजमा खटिएका केन्द्रीय र स्थानीय सरकारी कर्मचारीहरूको तालिम व्यवस्थित रूपमा भएको थियो।[३४] मतदाता सूचीले चाहिँ केही कठिनाइहरू ल्यायो। कुनै कुनै मतदान केन्द्रहरूमा मतदाताहरूलाई आफ्नो नाउ फेला पार्न धेरै समय लाग्यो भने कुनै केन्द्रहरूमा चाहिँ

[३०] क्राइसिस ग्रुपले २० ओटा जिल्लाका निर्वाचन अधिकृतहरूसँग अन्तर्वार्ता लिएको थियो।

[३१] धेरैजसो ठाउँहरूमा समयमा नै आफ्ना सबै कार्यहरू सिध्याउन र अन्य तयारीहरू पूरा गर्नलाई कार्यालय समय अघिपछि नभनी सबै तहका कर्मचारी काम गरिरहेका निर्वाचन कार्यालयहरूमा जाँदा क्राइसिस ग्रुपले पाएको थियो। त्यसैगरी, धेरै मतगणना केन्द्रहरूमा पनि पालोपालो गरी अहोरात्र काम भएको थियो।

[३२] चुनाव प्रचारका बेला हरेक जिल्लामा सानातिना कुरामा आचारसंहिता उल्लङ्घन भएका कुरा क्राइसिस ग्रुपले अवलोकन गरेको थियो। उल्लङ्घनका त्यस्ता कार्यमा धेरैजसो भित्तेलेखन पर्दथे (हुन त खासगरी बागलुङ, म्याग्दी र स्याङ्जा जिल्ला निर्वाचन अधिकृतहरूले दलहरूलाई जिल्ला सदरमुकामहरूमा भित्तेलेखन नगर्न अनुरोध गरेका थिए र पुराना भित्तेलेखनहरूलाई मेटाउन लगाएका थिए)। धेरैजसो जिल्ला निर्वाचन अधिकृतहरूले पार्टीहरूलाई नियम-कानुन नमिच्न धेरैचोटि अनुरोध गरेको र मुखले हुन्छ भने पनि कुनै पनि दलहरूले कार्यरूपमा त्यस्तो नगरेको बताएका थिए। विभिन्न जिल्लाहरूमा क्राइसिस ग्रुपको अन्तर्वार्ता, मार्च-अप्रिल २००८।

[३३] ९,७८८ केन्द्रहरूमा २०,८६६ मतदान केन्द्रहरू थिए। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. ८।

[३४] दोलखादेखि पाल्पासम्मका धेरैजसो जिल्लाहरूमा मतदान अधिकृतहरूलाई तालिम दिइएको क्राइसिस ग्रुपले अवलोकन गरेको थियो।

अघि-अघिका चुनावहरूमा भोट हालेका मतदाताहरूको नाम नै छुटेको थियो।

मतदाताको सनाखत गर्ने काम कडाइसाथ नभएकाले अर्काको नाममा फर्जी मत खसाल्न सजिलो पारेको थियो, तापनि पहिले-पहिलेका चुनावहरू हेरी यस्ता विषयमा उजुरीहरू कम परेका थिए।

मतदानमा सुरक्षा बन्दोबस्त पनि योजनाअनुसार भएको थियो र प्रहरी बलको ठूलो उपस्थिति थिएन। प्रत्येक स्थानमा खटिएका प्रहरीहरूभन्दा पार्टीका एजेन्टहरूको सङ्ख्या नै बढी देखिन्थ्यो। त्यसले गर्दा प्रहरीहरू पार्टी कार्यकर्ताहरूको प्रभावमा पर्न सक्ने सम्भावना हुन्थ्यो। म्यादी प्रहरीमा आफ्नै कार्यकर्ताहरूलाई भर्ना गर्न राजनैतिक पार्टीहरूले हुनसम्मको कोसिस गरेका थिए। एक जना प्रहरी उपरीक्षकले गुनासो पनि गरेका थिए, "पार्टीहरूले आफ्ना कार्यकर्ताहरूलाई म्यादी प्रहरीमा लिइदिन हामीलाई खुबै दबाब दिन्छन्।"[३५] तर त्यति भएर पनि म्यादी प्रहरीहरूबाट पक्षपात भएको त्यस्तो ठूलो उजुरी परेन। जे होस्, निर्वाचनको प्राविधिक बन्दोबस्तको पार्टी कार्यकर्ताहरू र मतदाताहरू दुवैथरीले सहनी गरे। धेरैले त नेपालमा अहिलेसम्म भएका चुनावहरूमा अत्यन्त उत्तम व्यवस्था यसैपटक भएको थियोसम्म भने।[३६]

## ख) मतदान

मुलुकभरि नै मतदान बिहान ७ बजेदेखि सुरु भयो। धेरै मतदाताहरू मतदान केन्द्र खुल्नुभन्दा पहिले नै लाम लागेका थिए। एक-दुई ठाउँमा साना-साना विवादहरूले गर्दा मतदान सुरु गर्न केही घण्टा ढिलो भएको थियो। बेलुकी ५ बजे मतदान केन्द्र बन्द हुनुअघि नै धेरैजसोले भोट हालिसकेका थिए। मध्याह्नभित्रै निर्वाचन आयोगले झन्डै ५० प्रतिशतको हाराहारीमा मतदाताहरूले मतदान गरिसकेको घोषणा गरेको थियो। भक्तपुर र काठमाडौंका मतदान केन्द्रहरू त अपराह्नतिरै सुनसान भइसकेका थिए। मतदानको दिनमा तीन जना मारिए। मारिने एक जनामा सर्लाही-६ का स्वतन्त्र उम्मेदवार शम्भुप्रसाद थिए, जो त्यस दिन साँझ अज्ञात बन्दुकधारीहरूद्वारा मारिएका थिए।[३७] तर पहिले-पहिलेका चुनावहरूभन्दा यसपालि हिंसाका वारदात र मृत्युहरू कमै भए।

जुन परिस्थितिमा मतदान भएको थियो त्यसलाई हेर्दा मतदाताहरूको सङ्ख्यालाई धेरै मान्नुपर्दछ। हुन त पहिले-पहिलेका चुनावहरूभन्दा यसपटकको सङ्ख्या केही कम थियो।[३८] प्रत्यक्ष मतदानको प्रतिशत र समानुपातिक मतको प्रतिशतमा केही फरक पाइन्छ (प्रत्यक्ष मतदान : ६१.७ प्रतिशत र समानुपातिकतर्फ ६३.३ प्रतिशत)। दुवै प्रणालीअन्तर्गतको मतदानमा झन्डै सबैजसो मतदाताहरूले भाग लिएका थिए। तर सरकारी कर्मचारीहरू, सुरक्षाकर्मीहरू र माओवादी जनमुक्ति सेनाका जवानहरूलाई अस्थायी मतदाताको रूपमा समानुपातिक चुनावमा मात्र मतदान गर्न अनुमति दिइएको थियो।[३९] सुरुमै चुनावमा धेरै भोट खस्नुलाई चुनावप्रति जनतामा रहेको उत्साहका रूपमा हेर्न सकिन्छ, साथै त्यो धाँधली गर्ने तिकडम पनि हुन सक्छ। मतदानको प्रकृति ठाउँ हेरी बेग्लाबेग्लै थिए। सशस्त्र हस्तक्षेपका कारण मतदाताहरू भाग्न सक्ने डर हुँदाहुँदै पनि तराईका धेरैजसो निर्वाचन क्षेत्रमा ६५ प्रतिशतभन्दा बढी मतदाताहरूले भोट दिए।

धेरै दुर्गम जिल्लाहरूमा, खासगरी पश्चिममा, ७० प्रतिशतभन्दा बढी मतदाताहरूले भोट दिए। ती सबै क्षेत्रहरूमा माओवादीहरूले विजय हासिल गरे।[४०] डोल्पा जस्तो अनकन्टार जिल्लामा २१,९३२ पञ्जीकृत मतदाताहरूमध्ये ७९.९ प्रतिशत मतदाताहरूले मतदानमा भाग लिए। उता माओवादी मन्त्री देवप्रसाद गुरुङले चुनाव जितेको नगिचैको मनाङ जिल्लामा ४०.१ प्रतिशत मतदाताहरूले मात्र भोट खसाले। सहरी क्षेत्रहरूमध्ये सबैभन्दा बढी भक्तपुरमा ७४.३ प्रतिशत मतदान भयो। त्यहाँ नेपाल किसान मजदुर पार्टी (नेमकिपा) ले दुवै सिट जित्यो। नेमकिपा सातदलीय घटकको कनिष्ट सदस्यहरूमध्ये एक हो।[४१]

गाउँबाट सहर आएका धेरैजसो मानिसहरू भोट हाल्न आफ्नो गाउँ फर्किए र धेरैलाई माओवादीहरूले निःशुल्क यातायातको सुविधा मिलाइदिएका थिए। त्यति भएर पनि धेरैले भोट दिन पाएनन्। आफ्ना स्थायी थलोमा पुग्न समय र खर्च दुवैले नभ्याउने भएकाले भोट दिन जान नसकेको काठमाडौंमा बसाइँ सरी बस्नेहरू धेरैले क्राइसिस ग्रुपलाई अन्तर्वार्तामा बताएका थिए। भोट दिन गाउँ जानेहरूमा प्रायः नगिच र सुगम जिल्लाहरूका थिए।[४२] विदेशमा काम गर्ने लाखौंलाख नेपालीहरू (सायद २५ लाख जति) ले पनि

[३५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नेपालगन्ज, ४ अप्रिल २००८।

[३६] विभिन्न जिल्लाहरूमा क्राइसिस ग्रुपको अन्तर्वार्ता, १०–१७ अप्रिल २००८।

[३७] "Independent candidate gunned down in Sarlahi", nepalnews.com, १० अप्रिल २००८।

[३८] पहिलेका निर्वाचनहरूमा मतदानको प्रतिशत यसप्रकार थियो : सन् १९९१ मा ६५.१५ प्रतिशत, सन् १९९४ मा ६१.८७ प्रतिशत र सन् १९९९ मा ६५.७९ प्रतिशत। निर्वाचन आयोगको वेबसाइट www.election.gov.np/EN/prevelection.html. हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. ७।

[३९] अस्थायी मतदाताबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. ११।

[४०] मतदानको प्रतिशत : कालिकोटमा ७०.६ प्रतिशत, डोल्पामा ७९.९ प्रतिशत, मुगुमा ७५.४ प्रतिशत, जुम्लामा ७१ प्रतिशत र हुम्लामा ७९.७ प्रतिशत। Winning Candidates of FPTP by Constituency", http://result.nepalelectionportal.org/report.html.

[४१] यस रिपोर्टमा "सात पार्टीहरू" भन्नाले ६ दलहरू र कम्युनिस्ट पार्टी (माओवादी) सहितको सत्तामा रहेको सात पार्टी गठबन्धनलाई बुझाउँछ। नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) एकीकरण भएपछि सात पार्टीको गठबन्धन घटेर "६ पार्टी गठबन्धन" हुन गएको हो। क्राइसिस ग्रुपका पहिलेका रिपोर्टहरूमा सात पार्टी गठबन्धन (SPA) भनेर नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) सहितको गठबन्धनलाई उल्लेख गरिएको थियो। तर अब सात पार्टी भन्नाले ६ पार्टी र नेपाल कम्युनिस्ट पार्टी (माओवादी) भन्ने बुझिन्छ, यद्यपि त्यस्तो खालको गठबन्धन अहिले अस्तित्वमा छैन। ६ ओटा पार्टीहरूमा नेपाली काङ्ग्रेस (नेका), नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र संयुक्त वाममोर्चा पर्दछन्।

[४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, १०-१२ अप्रिल र मे २००८।

भोट दिन पाएनन्। यद्यपि ठूलाठूला पार्टीहरूले भारतमा पहिलेदेखि रहेका आफ्ना समर्थक संस्थाहरूलाई परिचालन गरेर भोट दिन देश फर्कन प्रोत्साहित गरेका थिए।

यी तथ्याङ्कहरूबाट साबिकभन्दा कम प्रतिशत मतदान हुने कारण बुझ्न सकिन्छ। तर त्यसका साथै मानिसका भनाइअनुसार धेरै गैरहाजिर मतदाताहरूको ठाउँमा पार्टीका प्रतिनिधिहरूले नै तिनका नाममा मतदान गरेका थिए। केही लाख युवकहरूको नाम मतदाता सूचीमा पर्न सकेन किनभने मतदाता सूचीमा नाम लेखाउने म्याद मध्य नोभेम्बरमा सकिएको थियो।[४३] महिलाहरूको सहभागिता कस्तो रह्यो वा छुट्टाछुट्टै समूहहरू कतिले मतदान दिए त्यसको तथ्याङ्क उपलब्ध छैन।[४४] पार्टीका एजेन्टहरूले ककसले भोट दिए वा दिएनन् भन्ने कुराको लगत राखेका थिए, तीमध्ये चुस्त पार्टीहरूले त्यस तथ्याङ्कको आफ्नै तरिकाले विश्लेषण गर्न सक्नेछन्।

### ग) मतदाताहरू कति सचेत थिए?

मतदाताहरूको बुझाइको तह थाहा पाउनलाई तथ्याङ्कहरू मात्र पर्याप्त छैनन्। तर उच्च मात्रामा भएको मतदान र खेर गएका मतपत्रहरू (एक प्रत्यक्ष चुनावतर्फ ५.२ प्रतिशत र समानुपातिकतर्फ ३.७ प्रतिशत)[४५] बाट पर्यवेक्षकहरूले आशङ्का गरेको भन्दा कता हो कता बढी मतदाता जागरुकता देखियो।[४६] दिएको मत खेर जानु भनेको ज्यादै थकथक लाग्ने कुरा हो। केही निर्वाचन क्षेत्रहरूमा खेर गएका मतपत्रहरूको सङ्ख्या जित्ने र हार्नेको फरक भोटभन्दा बढी देखियो। तैपनि समानान्तर मतदानको जटिलता र वातावरणको अनिश्चिततालाई दृष्टिगत गर्दा मतदानको प्रतिशतलाई धेरै राम्रो मान्नुपर्छ।[४७] मतपत्रमा त्यतिविधि दलहरूका नाम छापिएका थिए र उनीहरूका उस्तै-उस्तै लाग्ने चुनाव चिह्नहरू (जस्तो, धेरै किसिमका कम्युनिस्ट पार्टीहरूको चुनाव चिह्नमा पाइने हथौडा, हँसिया र ताराहरूको बहुविध संयोजन) थिए। त्यसले गर्दा मतदाताहरूलाई भोट हाल्ने काममा निकै सकस भएको थियो।

मतदान केन्द्रहरूमा मतदाताहरूसित भएको कुराकानीमा चुनावको उद्देश्य र चुनावी प्रक्रियाबारे साधारणतया सबैले राम्ररी बुझेका पाइन्थ्यो। धेरैजसो मतदाताहरूले लामो लाइनमा बस्दाबस्दै नै चुनावी प्रक्रियाहरू (जस्तो, मतदाताको सनाखत, नमेटिने मसीले नङमा चिनो लाउनु, प्रत्यक्ष निर्वाचनको मतपत्र लिनु र भोट खसाल्नु त्यसपछि फेरि समानुपातिक मतपत्र लिनु, त्यसमा चिनो लाउनु र बाकसमा मत खसाल्नु आदि) निरीक्षण गर्न प्रशस्त समय पाउँथे। त्यसबाहेक मतदाताहरूलाई सरकारी कर्मचारीहरू र दलका प्रतिनिधिहरूसमेतले बुझाउँथे। पार्टीका प्रतिनिधिहरूलाई वैधानिक रूपमा नै मतदान केन्द्रभित्र बस्न दिइएको थियो। काठमाडौँमा प्रयोगात्मक रूपमा भएको विद्युतीय मतदानले गजब सफलता प्राप्त गर्‍यो। त्यसबाट एउटै भोट खेर गएन र नतिजा पनि चाँडै निस्क्यो।[४८]

निर्वाचन आयोग आफैँले मुलुकभरि ४५ दिने मतदाता प्रशिक्षण कार्यक्रम चलाएको थियो, जसमा जिल्लाका सबैजसो गाउँहरूमा मुख्यतः स्कुले शिक्षकहरूलाई स्वयंसेवकका रूपमा खटाइएका थिए। केही जिल्लाका निर्वाचन अधिकृतहरूले र स्वयंसेवकहरूले

---

[४३] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित, पृ. ११।

[४४] पाँच सयभन्दा बढी चुनाव केन्द्रहरूमा कतिपय अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले गरेका गणनाका आधारमा मानवअधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालय (OHCHR) ले दिएको जानकारीअनुसार ५३ प्रतिशत महिला मतदाताहरू थिए। "Constituent Assembly Elections of 10 April 2008: Summary of Human Rights Monitoring", OHCHR-Nepal, १८ जून २००८, पृ. ५। तर ती गणना योजनाबद्ध ढङ्गले नगरिएकाले प्रतिशतको हिसाब नमिल्न सक्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू, काठमाडौँ, मे-जून २००८।

[४५] खासगरी पूर्वी तराईका जिल्लाहरूमा बदर मतपत्रहरूको सङ्ख्या अत्यधिक थियो। सबैभन्दा खराब स्थिति सप्तरीमा थियो, त्यहाँ ६ ओटामध्ये तीनओटा निर्वाचन क्षेत्रहरूमा नौ प्रतिशतभन्दा बढी मतपत्रहरू बदर भएका थिए (जिल्लाभरिमा चाहिँ प्रत्यक्ष निर्वाचनमा सरदर ८.१ प्रतिशत बदर भएको थियो)। समानुपातिकतर्फ सप्तरी-२ को निर्वाचन क्षेत्रले देशभरिमा नै सबभन्दा बढी बदर मत (९.३ प्रतिशत) देखायो। फेरि सप्तरीमा नै मतदानको प्रतिशत सबैभन्दा उच्च थियो भने बदर मत सबभन्दा थोरै हुने जिल्ला मनाङ थियो (२.१ प्रतिशत)। तर त्यहाँको मतदान प्रतिशत भने ४०.१ मात्र थियो। हेर्नुहोस् "निर्वाचन क्षेत्रअनुसारका कुल मतदाताहरू, भोट सङ्ख्या, सदर भोट, बदर भोट र समानुपातिक चुनाव पद्धतिमा यिनको प्रतिशत", नेपाल निर्वाचन आयोग, ६ मे २००८, www.election.gov.np. क्षेत्रीय तवरमा बदर भएका मतहरूको तुलना देखाउने उपयोगी नक्साका लागि हेर्नुहोस् http://result.nepalelectionportal.org/maps.html.

[४६] चुनावअघि गरिएको सबैभन्दा ठूलो सर्वेक्षणले औँल्याएअनुसार "सङ्घीय राज्य, समानुपातिक चुनाव पद्धति आदि जस्ता राजनैतिक दलहरूले उठाएका प्रश्नहरूबारेमा जनताको सानो अनुपातले सुनेको मात्र थियो। त्यसैगरी एकदमै थोरै अनुपातमा तिनले संविधानसभाको चुनाव के हो भनेर बुझेका थिए।" सुधीन्द्र शर्मा र पवनकुमार सेन, "Nepal Contemporary Political Situation V: Nationwide Opinion Survey", काठमाडौँ, मार्च २००८, पृ. ६७। डिसेम्बर २००७ र जनवरी २००८ मा गरिएको स्थलगत अनुसन्धानले के देखाएको थियो भने ६७ प्रतिशत उत्तरदाताहरूले संविधानसभाबारे सुनेका मात्र थिए र खालि २१ प्रतिशत उत्तरदाताले यसलाई राम्ररी बुझेका थिए। यस शृङ्खलाअन्तर्गत गरिएका सर्वेक्षणहरू र "ठीक" बुझाइ भनेको के हो भन्नेबारेको साँघुरो परिभाषाका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *Towards a Lasting Peace*, माथि उल्लेखित, पृ. ३७, पादटिप्पणी ३६०।

[४७] सन् २००७ मा भएको स्कटिस संसदको चुनावमा केही भिन्न तर उत्तिकै जटिल प्रविधि अपनाइएको थियो। त्यहाँ निर्वाचन क्षेत्रअनुसार र क्षेत्रीय स्तरको समानुपातिक चुनावमा क्रमशः ४.२८ प्रतिशत र तीन प्रतिशत मतपत्र बदर भएका थिए। "Rejected ballots at the 3 May Scottish Parliamentary Elections", UK Electoral Commission, १३ जून २००७, www.electoralcommission.org.uk/templates/search/document.cfm/19604. एक अध्ययनको निष्कर्षअनुसार क्षेत्रीय तहका थुप्रै दलहरू हुनाले र सामाजिक अपहेलनाका कारण ठूलो सङ्ख्यामा मतपत्रहरू बदर भएका थिए। Christopher Carman and James Mitchell, "An Examination of Ballot Rejection in the Scottish Parliamentary Election of 2007", Department of Government, Strathclyde University, http://news.bbc.co.uk/2/shared/bsp/hi/pdfs/25_06_07_rejectedballots.pdf. लन्डनको मेयर पदका लागि सन् २००८ मा भएको निर्वाचनमा हस्तान्तरण गर्न सकिने मतदान विधि प्रयोग गरिएको थियो। त्यसमा पहिलो छनोटको मतदानमा १.७ प्रतिशत मत र दोस्रो छनोटको मतदानमा चाहिँ १६.८ प्रतिशत मत खेर गएको थियो। http://results.londonelects.org.uk/Results/MayoralResult.aspx.

[४८] हेर्नुहोस् "Winning Candidates of FPTP by Constituency", http://result.nepalelectionportal.org/report.html.

त्यस्तो प्रशिक्षणमा आएका केही कठिनाइहरूबारे खबर गरेका थिए र केही पार्टी कार्यकर्ताहरूले चुनाव प्रचारको तुलनामा प्रशिक्षण राम्रोसित नभएको गुनासो गरेका थिए। तापनि निर्वाचन आयोगको प्रयास सफल देखिन्छ। निर्वाचन आयोगको प्रयासमा नागरिक समाज, सञ्चार जगत् र दलहरूको प्रचारले पनि ठूलो सघाउ पुग्यो। केही जिल्लाका निर्वाचन अधिकृतहरूले अनमिनद्वारा निर्वाचनका लागि जिल्ला-जिल्लामा खटाइएका सल्लाहकारहरूबाट सचेतना कार्यक्रममा बल प्राप्त भएको र प्रत्येक जिल्लामा एक-एक जना युएन स्वयंसेवक खटिएका थिए। चुनावी तयारीमा आत्मविश्वास बढेको तथा उनीहरूबाट नैतिक साथसाथै प्राविधिक सहयोग मिलेको बताएका थिए।[४९]

### घ) पुनःमतदान

बाह्र जिल्लाका २१ निर्वाचन क्षेत्रका १०६ मतदान केन्द्रहरूमा मतदान स्थगित गरिएको थियो।[५०] मतदान स्थगित गरिएका ७७ मतदान केन्द्रहरू सुर्खेत-१ मा थिए जहाँ चुनाव हुनुअघि एमाले उम्मेदवार मारिएकाले चुनाव पर सारिएको थियो। विरोधी पार्टी कार्यकर्ताहरूबीचको झडप र बुथ कब्जा गर्न खोज्ने कार्यले गर्दा चुनावकै दिनमा अन्य बाँकी केन्द्रहरूमा मतदान स्थगित गर्नुपरेको थियो। कुल २०,८६६ मतदान केन्द्रमध्ये मतदान स्थगन भएका केन्द्रहरूको प्रतिशत ०.५ मात्र हुन आउँछ। पहिलो मतदान भएको मितिले नौ दिनभित्रैमा पुनःमतदान सफलतापूर्वक सम्पन्न भएको थियो। त्यसै दिन अर्थात् १९ अप्रिलको दिन पहिले रोकिएको सुर्खेत-१ को चुनाव पनि सम्पन्न भएको थियो। जानकार पर्यवेक्षकहरूले ठूलो सङ्ख्यामा चुनाव स्थगन हुने र पुनःनिर्वाचनमा चुनावी सामग्री र सुरक्षासम्बन्धी गम्भीर बाधाहरू आउने अड्कल गरेका थिए।[५१] तर वास्तविकतामा चाहिँ एकदम कम समस्या आयो। त्यसका कारणमा पार्टीहरूको आश्चर्यजनक राम्रो व्यवहार, सशस्त्र समूहहरूको नगण्य हस्तक्षेप र निर्वाचन आयोगको उच्च सङ्गठनात्मक क्षमता थिए।

## ४. के चुनाव स्वतन्त्र र निष्पक्ष थियो?

### क) चुनावी वातावरण

चुनावका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूको अभिमत एकदमै सकारात्मक थियो। विशेषगरी राष्ट्रिय पर्यवेक्षकहरूको अभिमत महत्त्वपूर्ण थियो, किनभने राष्ट्रिय पर्यवेक्षकहरूमध्ये धेरैजसो प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाली काङ्ग्रेस वा एमालेका निकट थिए र माओवादीका गलत व्यवहारको आलोचना गर्ने मौका उनीहरू चुकाउँदैन थिए। मतदान सुरु भएको केही घण्टाभित्रै सबैभन्दा विख्यात पर्यवेक्षक भूतपूर्व अमेरिकी राष्ट्रपति जिमी कार्टरले चुनावलाई "क्रान्तिकारी"[५२] भनी बताएका थिए। यसले गर्दा अरू पर्यवेक्षकहरूको पनि प्रतिक्रिया चाँडै आउन थाल्यो र राष्ट्रिय पर्यवेक्षकहरू पनि प्रारम्भिक निष्कर्ष सार्वजनिक गर्न हतारिएका हुन सक्दछ।[५३] एउटा ठूलो राष्ट्रिय पर्यवेक्षक संस्थाले ११ अप्रिलमा भनेको थियो, "लामो समयको प्रतिक्षापछि संविधानसभाको अतिशय महत्त्वपूर्ण निर्वाचन अन्तर्राष्ट्रिय रूपमा स्थापित मापदण्ड र मान्यता बमोजिम सम्पन्न भएको छ।[५४]

युरोपेली सङ्घले निर्वाचन "नेपालमा समावेशी लोकतन्त्रका लागि एउटा खुड्किलो भएको र यसले अहिलेसम्मका धेरै अन्तर्राष्ट्रिय मापदण्ड पूरा गरेको" बताएको थियो। हुन त युरोपेली सङ्घका पर्यवेक्षकहरूले भने चुनाव प्रचारको अवधिमा पूरै देशमा तनाव रहेको र हिंसा तथा डरधाकका घटनाहरू भएको कुरा उल्लेख गरेका थिए।[५५] एसियन नेटवर्क फर फ्रि इलेक्सन )एनफ्रेल (ले निर्वाचनलाई "ज्यादै सफल र विश्वसनीय" भनेको थियो। एनफ्रेलले अगाडि भनेको थियो, "मतगणना राम्रोसँग भएमा र निर्वाचनसम्बन्धी गुनासा तथा उजुरीहरू उपयुक्त तरिकाबाट समाधान गरिएमा र

---

[४९]क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पर्वत र धादिङ जिल्लाका विभिन्न ठाउँहरू, अप्रिल २००८।

[५०]नेपाल निर्वाचन आयोग, http://election.gov.np/EN/detail_news.php?id=128 मा उपलब्ध छ।

[५१]हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. १६।

[५२]मनेश श्रेष्ठ, "Three dead in Nepal vote violence" हेर्नुहोस् www.cnn.com/2008/WORLD/asiapcf/04/10/nepal.election/index.html, कार्टर सेन्टरले निकालेको प्रेस वक्तव्य, ११ अप्रिल २००८। विस्तृत जानकारीका लागि यो वेबसाइट हेर्नुहोला www.cartercenter.org/news/pr/nepal_prelim_041208.html.

[५३]केही पर्यवेक्षकहरूले प्रारम्भिक प्रतिक्रिया तत्काल व्यक्त गर्ने योजना बनाएका थिए। हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. १४-१५। तर जिमी कार्टरको उच्च व्यक्तित्व र उनलाई धेरैले मान्ने हुनाले (कार्टरले एकातिर माओवादीको विश्वास जितेका थिए भने अर्कातिर नेपाली काङ्ग्रेस उनीप्रति आभारी थियो किनभने राष्ट्रपति छँदा उनले राजा वीरेन्द्रलाई चिठी लेखी नेकाका नेता बीपी कोइरालालाई स्वाध्य परीक्षणका लागि रिहा गरिदिन अनुरोध गरेका थिए) तथा कार्टर सेन्टरले नेपालमा लामो समयदेखि काम गरेको हुनाले अन्य पर्यवेक्षकहरूभन्दा उनको अभिमतलाई सबैले महत्त्वका साथ हेरेका थिए।

[५४]"Statement of Preliminary Observation", National Election Observation Committee (NEOC), काठमाडौं, ११ अप्रिल २००८।

[५५]"Largely successful election day despite tense campaign marks step towards inclusive democracy", EU Election Observation Mission statement, काठमाडौं, १२ अप्रिल २००८।

आवश्यक परेमा पुनःमतदानसमेत गरिएमा समग्र निर्वाचनको विश्वसनीयता बढ्नेछ।"[५६]

मतदानको व्यवस्थापन एकदमै सुनियोजित ढङ्गले गरिएको थियो र निर्वाचनको वातावरण पनि ज्यादै राम्रो थियो। यस निर्वाचनलाई धेरै मानिसहरूले सम्भवतः नेपालको अहिलेसम्मकै सबैभन्दा व्यवस्थित निर्वाचनका रूपमा पनि लिएका थिए।[५७] तर पनि चुनावी वातावरण उत्कृष्ट भने थिएन। निर्वाचनमा अप्रत्यक्ष रूपमा धाकधम्की र डरत्रास व्याप्त थियो। सबै ठूला दलहरू आचारसंहिता विपरीत काम गरिरहेका थिए। विशेष गरेर माओवादीहरू विभिन्न खाले धम्की दिने कार्यमा संलग्न थिए। उनीहरू आफूलाई भोट नदिए आफूहरू फेरि जङ्गल फर्कने धम्की दिनेदेखि लिएर थुप्रै उपायबाट आफूलाई भोट हाल्नका लागि जनतालाई प्रोत्साहित वा बाध्य पार्ने काममा लागेका थिए। केही यस्ता उपायहरू योजनाबद्ध ढङ्गबाट सञ्चालित देखिन्थे। उदाहरणका लागि मतदान हुने दिन शिविरभित्रै राखिए पनि चुनाव प्रचारको क्रममा उनीहरूले जनमुक्ति सेनालाई शिविरबाट बाहिर निकालेर आफ्नो सैन्य शक्ति जनतालाई देखाउने काम गरेका थिए।

## ख) गडबडी, धाकधम्की र धोखाघडी

माओवादीहरूले खास-खास ठाउँहरूमा अन्य दलको चुनावी कार्यक्रम बिथोल्न योजनाबद्ध प्रयास गरे। तर उनीहरू संलग्न नरहेका ठाउँमा पनि भिडन्तहरू नभएका भने होइनन्।[५८] माओवादीहरू गडबडी मचाउने रणनीतिका साथ उत्रिए जस्ता देखिन्थे। यसका लागि उनीहरूले आधारक्षेत्र सुरक्षित राख्ने, विवाद हुन सक्ने निर्वाचन क्षेत्रमा थप कार्यकर्ता खटाउने र केन्द्रीय स्तरमा अरू दल, विशेषगरी एमालेसँग चुनावी तालमेलमा आफ्नो अवस्था दह्रो बनाउन स्थानीय स्तरमा शक्ति प्रदर्शनका कार्य गरेका थिए।[५९] नेकपा (माओवादी) ले दरबारिया दलहरूलाई पनि लगातार अवरोध पुऱ्याएको थियो। एमाले र काङ्ग्रेसले चाहिँ आफ्ना कार्यकर्तालाई दुःख दिएको भन्दै त्यसको कडा प्रतिरोध गरेको थियो।

चुनाव बिथोल्ने कामको दोषी माओवादी मात्र होइन नेका र एमाले पनि थिए। यस कुरालाई चुनाव प्रचारको अन्तिम समयतिर भएका र क्राइसिस ग्रुपद्वारा पुष्टि गरिएका दुईओटा घटनाले साबित गर्दछन् : एउटा घटनामा एमाले र नेकाबीच लमजुङ जिल्लामा भिडन्त भएको थियो। त्यसबारे एकअर्का दलप्रति चर्को आरोप प्रत्यारोप भएको थियो र दुवैतर्फका कार्यकर्ताहरू गम्भीर घाइतेसमेत भएका थिए।[६०] त्यस्तै नेका र एमालेबीच धादिङको सदरमुकाममा भएको भिडन्त नियन्त्रण गर्न स्थानीय प्रशासनले कर्फ्यु लगाउनुपरेको थियो।[६१] एमाले र नेकाका केही खास उम्मेदवारहरूले चुनाव प्रचार क्रममा भाडाका गुन्डाहरू ल्याएर प्रयोग गरेको भन्ने पत्यारिलो आरोप बारम्बार लाग्ने गरेको थियो।[६२] चुनाव हुनुअघिका दिनहरूमा अपहरणका घटनाहरू बढेका थिए। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त )ओएचसीएचआर (को कार्यालयमा ६ देखि ९ तारिख अप्रिलको बीचमा २८ ओटा अपरहणका घटनामध्ये २२ ओटामा माओवादीको संलग्नता रहेको भनिएको थियो। अपहरणमा परेका अधिकांश व्यक्तिलाई केही घण्टा नियन्त्रणमा राखी छाडिएको थियो। निर्वाचनसम्बन्धी गलत कार्य गरेको आरोपमा केहीलाई प्रहरीको जिम्मा लगाइएको थियो। अपहरणकारीहरूले यी घटनालाई अपहरण नभनेर "नागरिक कारबाही" भन्ने गरेका थिए।[६३]

सबै ठूला दलहरूले ठाडो हिंसाका अतिरिक्त आफ्नो पक्षमा भोट बढाउने अन्य भित्री उपाय पनि अपनाएका थिए। यस्ता कार्यहरूप्रतिको प्रतिबद्धता, मात्रा र सफलतामा भने माओवादीहरू अगाडि थिए। मत प्रभावित पार्ने धेरैजसो तरिकाहरू नदेखिने खालका थिए जसका लागि ठूलो साङ्गठनिक लगानी आवश्यक पर्दथ्यो। सम्भवतः यसमध्ये सबैभन्दा महत्त्वपूर्ण कार्य चाहिँ फर्जी मतदान थियो। )यद्यपि यसलाई किटानीका साथ भन्ने ठोस आधार छैन(। मतदानका लागि उपस्थित मतदाताकै नाममा पनि अरूले भोट हाले। तर अनुपस्थित रहेका मतदाताको नाममा भोट हाल्ने काम अझ बढी मात्रामा भयो।[६४]

अर्काका नाममा फर्जी भोट हाल्ने चलन नयाँ भने होइन। धेरै दलहरूले यसो गर्ने गरेका थिए। तर माओवादीले मात्रै यस्तो स्रोत परिचालन गरेको थियो जसका कारण हरेक घरमा कति जना मतदाता छन् र मतदाता नामावलीमा नाम भएकामध्ये कति जना मतदानमा उपस्थित हुन सक्दैनन् भन्ने कुरा अगाडि नै उनीहरूले

[५६] "Credible Elections Advance Nepal's Peace Process", ANFREL statement, काठमाडौं, १२ अप्रिल २००८।

[५७] इसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, भक्तपुर, ललितपुर, १० अप्रिल २००८।

[५८] Democracy and Election Alliance Nepal (DEAN) ले चुनावका समयमा भएका घटनाहरूको विस्तृत अध्ययन गरेको छ। जसअनुसार २६ नोभेम्बर २००७ देखि ३० अप्रिल २००८ सम्ममा ४८५ ओटा घटना भएका थिए। तीमध्ये ५० ओटा हत्याका घटना थिए। "Election and Political Violence in Nepal", माथि उल्लेखित।

[५९] एमाले कार्यकर्ताहरूका विचारमा माओवादीहरूले एमालेलाई चुनावी एकताका लागि बाध्य पार्न उनीहरूमाथि आक्रमण गरेका थिए। उनीहरू भन्ने गर्थे, "जब हाम्रा नेताहरू माओवादीले खोजे जसरी एकता हुन सक्तैन भन्छन्, तब माओवादीले हामीमाथि आक्रमण गर्दछन्। यसले उनीहरू हतास भएका छन् भन्ने देखाउँछ।" वाईसीएलका २००-३०० कार्यकर्ताले एमालेले मैनापोखरीमा गर्न लागेको चुनावी सभामा अवरोध पुऱ्याएपछि एमाले तथा अनेरास्ववियु (एमालेको विद्यार्थी सङ्गठन) का नेताहरूले यस्तो विचार व्यक्त गरेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँपुल (तामाकोसी) दोलखा, २८ मार्च २००८।

[६०] भिडन्तमा घाइते भएका नेका र एमाले जिल्ला कार्यालयका प्रतिनिधि र एमालेका कार्यकर्तासँग क्राइसिस ग्रुपको अन्तर्वार्ता, लमजुङ, ८ अप्रिल २००८।

[६१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पार्टी कार्यकर्ता र स्थानीय प्रशासन तथा सुरक्षा अधिकारीहरू, ९ अप्रिल २००८।

[६२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, तनहुँ, धादिङ र लमजुङ, मार्च-अप्रिल २००८।

[६३] "Constituent Assembly Elections", OHCHR-Nepal, माथि उल्लेखित, पृ. ३।

[६४] उदाहरणका लागि काठमाडौंका एक पत्रकारको भनाइ काफी छ। उनले कसरी उनको जिल्लामा उनको नाममा अर्को व्यक्तिले मतदान गरे भन्ने उल्लेख गरेका छन्। उनले भनेकी छिन्, त्यो भोट कसको पक्षमा पऱ्यो भन्ने म सजिलै अनुमान गर्न सक्छु। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, २९ अप्रिल २००८।

पत्ता लाउन सके। सिन्धुपाल्चोक-२ का एक माओवादी कार्यकर्ताका अनुसार उनले आफ्नो निर्वाचन क्षेत्रमा १५० पटक अर्काको नाममा मत खसालेका थिए।[६५] "डमी उम्मेदवारको"[६६] उम्मेदवारीले चुनावी प्रचार अभियानमा त त्यति फरक परेन तर यस्ता उम्मेदवारको प्रतिनिधिलाई मतदानको दिन मतदान केन्द्रभित्र उपस्थित भएर आफ्ना असली दललाई सघाउन सजिलो भयो।[६७] चुनाव प्रचारका क्रममा निर्वाचन नियमले तोकेभन्दा बढी रकम खर्च गरेर नियम मिचेका हुन सक्छन् तर यस्ता विषयमा पूर्ण अनुसन्धान हुने सम्भावना छैन।[६८]

चुनावका बेला गम्भीर हिंसा हुन्छ भन्ने आमधारणाले गर्दा सानातिना घटना र झट्ट हेर्दा नदेखिने खालका धाँधलीप्रति पर्यवेक्षकहरूको त्यति ध्यान नपुगेको पनि हुन सक्छ। केही हदसम्म चुनावसम्बन्धी सामग्रीहरूको भौतिक सुरक्षाको विषयले गर्दा पनि ध्यान बाँडिन गयो। केही घटनाबाहेक मतपेटिकामाथि प्रत्यक्ष आक्रमण गर्ने प्रयासको तुलनामा धाँधलीका काम हाकाहाकी भएनन्। मतदानभन्दा अगाडि त्यस्ता केही प्रयास भएका थिए। ललितपुर-३ र रामेछाप-२ का निर्वाचन अधिकृतहरूले टेलिभिजनको समाचारदातालाई के कुरा बताएका थिए भने उनीहरूलाई मतदान हुनुअगावै केही मतपत्रमा हस्ताक्षर गर्न दबाब दिइएको थियो )नियमअनुसार एक-एकओटा मतपत्रमा सही गरेर सनाखत भइसकेको मतदातालाई मतपत्र दिनुपर्छ(।[६९] सप्तरीमा मतदान अधिकृतको हस्ताक्षर नभएका समानुपातिक निर्वाचनको मतपत्र प्रयोग गरेकोमा निर्वाचन आयोगले मतदान अधिकृतमाथि कारबाही गरेको थियो।[७०] केही दलका कार्यकर्ताले मतदातालाई पैसा बाँडेका थिए, रक्सी र मासु खुवाएका थिए।[७१]

### ग) हत्या

राजनैतिक हिंसाको सिकार मुख्य रूपमा माओवादी नै भए पनि उनीहरूले नै सङ्गठित रूपमा डर, त्रास र धम्की दिने काम गरेर हिंसा उक्साउने गरेका थिए। निर्वाचन प्रचार थालिएको हप्तामै आठ जना माओवादी कार्यकर्ता मारिएका थिए।[७२] यसबाहेक ८ अप्रिलमा नेपाली काङ्ग्रेसका उम्मेदवार खुमबहादुर खड्काको सुरक्षाका लागि खटिएका सशस्त्र प्रहरीद्वारा दाङ जिल्लामा सात जना माओवादी कार्यकर्ता मारिएका थिए। यस घटनाको प्रारम्भिक प्रतिवेदनमा माओवादीले आक्रमण गरेपछि आत्मरक्षाका लागि प्रहरीले गोली चलाएको भन्ने उल्लेख छ। तर पछिल्लो तथ्यले त्यो कुरा गलत भएको देखाएको छ।[७३] यस घटनाको सोधपुछ र अनुसन्धान सुरु गरिए पनि अन्तिम प्रतिवेदन आउन बाँकी नै छ। माओवादी नेता कृष्णबहादुर महरा तत्कालै घटनास्थलमा आई सबैलाई थामथुम पारेकोले यस घटनाले उग्ररूप लिन पाएन।

मतदानको अघिल्लो दिन सुर्खेत-१ बाट एमालेका उम्मेदवार ऋषिप्रसाद शर्मा नेपाली काङ्ग्रेसका नेता पूर्णबहादुर खड्काको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीले चलाएको गोलीबाट मारिए। सुर्खेत निर्वाचन क्षेत्र नं १ को निर्वाचन स्थगित गरियो। तर आशङ्का गरेअनुसार निर्वाचनको दिन हुन सक्ने यी घटनाहरू रक्तपातका पूर्व सङ्केत साबित भएनन्।[७४] निर्वाचनको दिन वास्तवमा शान्तिपूर्ण रह्यो। यद्यपि उक्त दिन निर्वाचनसँग सम्बन्धित घटनामा चार जना मारिए।[७५] तराईमा बम विस्फोटका सानातिना घटना भए। तर २९

[६५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, माओवादी कार्यकर्ता, काठमाडौं, २ मे २००८।

[६६] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. १४।

[६७] क्राइसिसले ग्रुपले यस्ता धेरै एजेन्टलाई भेटेको थियो जसमध्ये दुई जनालाई त आफू कुन उम्मेदवारको प्रतिनिधि हुँ भन्ने कुरा पनि थाहा थिएन। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, ललितपुर, १० अप्रिल २००८।

[६८] चुनावमा भाग लिएका ५४ मध्ये २६ ओटा दलले मात्र आयोगको निर्देशनबमोजिम आफ्नो चुनाव खर्चको विवरण प्रस्तुत गरेका छन्। "26 parties furnish poll expenditure details at EC", *The Kathmandu Post*, १२ जून २००८। यीमध्ये (ठूला तीन दलसमेत) जसको चुनाव खर्च नियमबमोजिम पाइएको छ त्यो शङ्कास्पद छ। पार्टीले अरूलाई गलत विवरण दिएको आरोप लगाएका छन्। नेपाली काङ्ग्रेस र माओवादीले गलत काम गरे भन्नेबारेमा एमालेको दृष्टिकोणका लागि हेर्नुहोस, "माओवादी र काङ्ग्रेसद्वारा नक्कली खर्च पेस", *बुधबार*, १८ जून २००६।

[६९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, अजयबाबु शिवाकोटी, काठमाडौं, १८ अप्रिल २००८।

[७०] हस्ताक्षर नभएका समानुपातिक मतपत्र प्रयोग गर्न दिएकोमा सप्तरीको दधा गाविसका मतदान अधिकृत अमरेन्द्रकुमार यादवलाई विभागीय कारबाही गर्न र त्यहाँ पुनःमतदान गर्न निर्वाचन आयोगले सप्तरीका प्रमुख निर्वाचन अधिकृतलाई आदेश दिएको थियो। EC press briefing, 12 April, 2008, http://election.gov.np/EN/detail_news.php?id=127.

[७१] उदाहरणका लागि माओवादीका कार्यकर्ताले नुवाकोट-३ को मतदान केन्द्रभन्दा १०० मिटर टाढा मतदान भइरहेका बेलामा मतदातालाई चिउरा र चिनी बाँडेको कुरा क्राइसिस ग्रुपले देखेको थियो, १७ अप्रिल २००८।

[७२] हेर्नुहोस क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. १४।

[७३] "सात जना माओवादी कार्यकर्ता मारिएको र १२ जना घाइते भएको यो घटना नेपाली काङ्ग्रेसका उम्मेदवारको सुरक्षामा खटिएका सशस्त्र प्रहरी र नेपाल प्रहरीले माओवादी चढेका गाडीमा गोली चलाउनाले लमही गाविसमा भएको थियो। सशस्त्र प्रहरी र नेपाल प्रहरीले माओवादीको आक्रमणको प्रतिकारमा गोली चलाएको भन्ने दावीको पुष्टि हुने आधार ओएचसीएचआरले फेला पारेन। माओवादी चढेका गाडीमा कुनै पनि हतियार फेला परेन र नेपाली काङ्ग्रेसतर्फ कोही पनि घाइते भएका थिएनन्। प्राप्त जानकारी र सूचनाअनुसार माओवादी कार्यकर्ता मारिनु प्रहरीद्वारा गरिएको गैरन्यायिक हत्या हुन सक्ने भएकाले यसको स्वतन्त्र अनुसन्धान गर्नका लागि ओएचसीएचआरले सुझाउ दिएको छ", "Constituent Assembly Elections", OHCHR-Nepal, माथि उल्लेखित, पृ. ३।

[७४] शर्माकी पत्नी कमला शर्मालाई एमालेले उक्त निर्वाचन क्षेत्रको उम्मेदवार बनायो र १९ अप्रिलमा भएको निर्वाचनमा उनले नेपाली काङ्ग्रेसका उम्मेदवार लालबहादुर घलेको १२,३५५ मतका विरुद्ध १८,८०४ मत प्राप्त गरी विजय हासिल गरिन्। उनी एमालेका तर्फबाट प्रत्यक्ष निर्वाचनमा विजयी हुने एक्ली महिला हुन्। हेर्नुहोस् "सुर्खेत-१ मा कमला शर्मा विजयी" www.nepalipost.com/nepali/nepalinews.php?&nid=5643.

[७५] सुनसरीमा मधेसी जनअधिकार फोरम र नेकाबीच झगडा हुँदा एक जनाको मृत्यु भयो। महोत्तरीमा नेका उम्मेदवार चढेको गाडीले हिर्काएर एक जना

मार्चमा विराटनगरको एउटा मस्जिदमा भएको आक्रमण चाहिँ ज्यादै डरलाग्दो थियो।[७६] समग्रमा, तराईमा हिंसाका केवल सानातिना घटना मात्र भएबाट के बुझाउँछ भने त्यहाँका सशस्त्र समूहहरूको धम्की फोस्रो थियो। दरबारले हिंसात्मक गडबडी मचाउन पैसा खन्याएको कुरा या त सरासर झूट थियो या बढाइचढाइ गरिएको थियो।

## घ) होहल्ला धेरै तर उजुरी थोरै

चुनावमा हार्नेहरूले र कहिलेकाहीं जित्नेहरूले पनि चुनाव सम्बन्धमा अनेक गुनासाहरू निर्वाचन सकिएपछि सञ्चारमाध्यमहरूमार्फत व्यक्त गरे। केही राजनैनितक दलहरूले, विशेषगरी राजावादी दल र नेपाली काङ्ग्रेसका नेताहरूले चुनाव हुनुअगावै सार्वजनिक रूपमा विभिन्न किसिमका आरोप लगाएका थिए र उनीहरूका धेरै गुनासाहरू सही ठहरिए।[७७] तथापि निर्वाचनको वैधताको सम्बन्धमा अन्तर्वार्ता र सार्वजनिक वक्तव्यमार्फत व्यापक रूपमा उठाइएका कुरा लिखित उजुरीका विषय बनेनन्।

संविधानसभा निर्वाचनसँग सम्बन्धित ऐन र नियमहरूमा निर्वाचनका बेला उठेका विवाद समाधान गर्ने, नियमको बर्खिलाफ भएमा छानबिन गर्ने, आवश्यक परेको खण्डमा कसुरदार व्यक्ति वा राजनैतिक दललाई सजाय गर्न सक्ने प्रावधान राखिएका छन्।[७८] निर्वाचन आयोगमा निर्वाचन सम्पन्न हुनुभन्दा पहिले ३०४ ओटा उजुरीहरू दर्ता भएका थिए। तीमध्ये धेरैजसो निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको र प्रचार-प्रसारमा अवरोध पुर्‍याएको विषयमा थिए। ती सबैजसो उजुरीलाई तत्कालै किनारा लगाइएको थियो। केही उजुरीहरू निर्वाचन आयोगलाई जानकारी गराउने उद्देश्यले मात्रै दर्ता गरिएका थिए। त्यस्तै, कतिपय विवाद पहिला नै समाधान गरेर आयोगमा दर्ता गरिएका थिए।[७९] चुनावको दिन र मतगणनाका बेला भएका घटनाका सम्बन्धमा ६४ ओटा मात्रै उजुरीहरू परेका थिए र तिनलाई किनारा लगाइएको थियो। पुनःमतदान हुनुपर्ने १०६ ओटा मतदान केन्द्रमध्ये ३० ओटा मतदान केन्द्रमा आयोगले पुनःमतदान गराउने आदेश दिएको थियो भने बाँकी मतदान केन्द्रहरूमा जिल्ला निर्वाचन अधिकृतहरूको निर्णयबाट गरिएको थियो।

निर्वाचनको पूरै अवधिमा आयोगले एक जनालाई मात्रै सजाय गर्‍यो। त्यो सजाय पनि राजनैतिक दल वा उम्मेदवारलाई नभएर आफ्नै कर्मचारीलाई गरेको थियो।[८०] मतदान र मतगणनाको अवधिमा केही छिटफुट घटनाहरू भए पनि आयोगमा ज्यादै कम मात्र उजुरी दर्ता भए। धेरैजसो विवादहरू राजनैतिक दलका प्रतिनिधि, आयोगका कर्मचारी, सुरक्षाकर्मी र स्थानीय प्रशासन मिलेर तत्कालै समाधान गरेका थिए।[८१] आयोग र सम्बद्ध अन्य निकायले कारबाही गर्नेतर्फ साह्रै रुचि नदेखाएका कारणबाट पनि कतिपय साँच्चिकै अन्यायमा परेका व्यक्तिहरूलाई उजुरी गर्ने जाँगर नहुन सक्छ। उदाहरणका लागि, लिखित उजुरी दर्ता गरी कारबाहीका लागि अनुरोध गर्दा पनि प्रहरीले अपहरणकारीहरूलाई पक्राउ नगरेको कुरा ओएचसीएचआरले पत्ता लगाएको थियो।[८२]

त्यसैगरी निर्वाचन सकिएपछि दर्ता भएका उजुरीहरू पनि थोरै थिए। केही दलहरूले जिल्ला प्रशासन कार्यालय अथवा जिल्ला अदालतहरूमा उजुरी दर्ता गराएका भए पनि काठमाडौंका सम्बन्धित निकायहरू र राजनैतिक दलको माथिल्लो तहको जानकारीमा नपुगेको हुन सक्छ। निर्वाचनका सम्बन्धमा सर्वोच्च अदालतमा कुनै पनि रिट निवेदन परेनन्।[८३] संविधानसभा निर्वाचन अदालतमा १६ ओटा मुद्दाहरू दर्ता भएका छन्, तीमध्ये १२ ओटा प्रत्यक्ष निर्वाचनसँग सम्बन्धित विवाद छन भने चारओटा समानुपातिक प्रणालीअन्तर्गत मतगणनासँग सम्बन्धित छन्। प्रत्यक्ष निर्वाचनतर्फ मुद्दाहरूमा मतदान केन्द्र कब्जा गरिएको र चुनावमा धाँधली

---

प्रदर्शनकारीको मृत्यु भयो (उम्मेदवारको गाडीबाट गोली हानेको आरोप लगाएपछि), सर्लाहीमा एक जना स्वतन्त्र उम्मेदवारको हत्या भयो जसको कारण अझै खुल्न सकेको छैन र कास्कीमा एक जना एमाले कार्यकर्ताको हत्या भयो। हत्या माओवादीले गरेको आरोप एमालेले लगाए पनि माओवादीले त्यसको खण्डन गरेको छ। "Constituent Assembly Elections", OHCHR-Nepal, माथि उल्लेखित, पृ. ६। नेपालमा यसअघि भएका आम-निर्वाचनहरूमा पनि हिंसाका घटनाहरू भएका थिए। उदाहरणका लागि सन् १९९१ मा भएको आमनिर्वाचनमा चुनावकै दिन १० जना मारिएका थिए भने झन्डै एकतिहाइ जिल्लाहरूमा पुनःमतदान गर्नुपरेको थियो। हेर्नुहोस् "Election and Political Violence in Nepal", DEAN, माथि उल्लेखित, पृ. १३। मे २००८ मा नेपालको पूर्वी सिमानासँग जोडिएको भारतको पश्चिम बङ्गालमा भएको स्थानीय निर्वाचनमा ३७ जना मारिएका थिए। सुवीर भौमिक, "Toll in violent India poll rises", BBC News, २० मे २००८। (पश्चिम बङ्गालमा सन् २००३ मा भएको स्थानीय निर्वाचनमा पनि यस्तै भएको थियो। निर्वाचनका दिनमा थुप्रै मारिएका थिए भने चुनाव प्रचारका बेलामा ३० जनाको ज्यान गएको थियो, सुवीर भौमिक, "Bengal's bloodied poll", BBC News, १२ मे २००३।)

[७६] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित, पृ. ६।

[७७] उदाहरणका लागि, हेर्नुहोस् ऐ.ऐ. , पृ ६-७।

[७८] हेर्नुहोस् ऐ.ऐ. , पृ. १९।

[७९] आयोगका प्रवक्ता लक्ष्मण भट्टराईसँग क्राइसिस ग्रुपको अन्तर्वार्ता, ९ जून २००८। परेका उजुरहरू यसप्रकार थिए : दलहरूका ९१, सरकारी निकायहरूका ५५, आमसञ्चारका २८ र अन्य १३० थिए।

[८०] हेर्नुहोस् पादटिप्पणी ७०।

[८१] क्राइसिस ग्रुपले थुप्रै सानातिना विवादहरू देखेको थियो। तीमध्ये सबैजसो विवादबारे अदालत वा आयोगमा उजुरी नपठाई तत्कालै समाधान गरिएका थिए। (यद्यपि केही संवेदनशील विवाद भने निर्देशन र कारबाहीका लागि आयोगमा पठाइएका थिए)। यस्ता घटनाहरूमा फर्जी मतदाताले भोट हालेको भन्ने (ललितपुर चौघारी मतदान केन्द्र, १० अप्रिल २००८) प्रतिस्पर्धी दलले धाँधली गरेकाले मतगणना रोकिएको (बारा र धनुषा १३ अप्रिल २००८, सुनसरी १४ अप्रिल २००८) रहेका छन्।

[८२] ओएचसीएचआरमा उजुरी परेका अपहरणका कुनै पनि मुद्दामा "प्रहरीले माओवादी कार्यकर्ताका विरुद्ध कुनै पनि कारबाही नगरेकोले ओएचसीएचआरले यसप्रति चासो व्यक्त गरेको थियो। ती घटनाहरूमा पीडितले जाहेरी दर्खास्तसमेत दर्ता गरेका थिए।" "Constituent Assembly Elections", OHCHR-Nepal, माथि उल्लेखित, पृ. ४।

[८३] क्राइसिस ग्रुपले सर्वोच्च अदालतका सह-रजिस्ट्रार श्रीकान्त पौडेलसँग १० जूनमा गरेको कुराकानी। सर्वोच्च अदालतमा सरिता गिरीद्वारा गरिएको उजुरी मात्रै दर्ता भएको थियो। त्यो उजुरी निर्वाचनसँग सम्बन्धित नभई निर्वाचनपछिको विवादका सम्बन्धमा थियो।

गरिएको आरोप लगाइएका छन् भने समानुपातिकतर्फका मुद्दामा उम्मेदवारले आफ्नै दलका विरुद्ध उजुरी दिएका छन्। ती उजुरीमा विजयी उम्मेदवारहरूलाई दलको केन्द्रीय समितिले नछानेको दाबी गरिएको छ र कानुनबमोजिम त्यस्ता उम्मेदवारहरूलाई केन्द्रीय समितिले छान्नु अनिवार्य छ। यी सबै मुद्दाहरू हाल विचाराधीन छन् र अदालत स्रोतका अनुसार तिनको फैसला हुन केही हप्ता वा केही महिना नै लाग्न सक्छ। समग्रमा तथ्य एकदमै स्पष्ट छ। हार्ने उम्मेदवारहरूको उजुरी मनासिब भए पनि कानुनबमोजिम तोकिएको प्रक्रिया अपनाई उजुरी गर्न उनीहरूले अनिच्छा देखाएबाट के प्रस्ट हुन्छ भने या त उनीहरूसँग दाबी प्रमाणित गर्न चाहिने प्रमाणहरूको अभाव छ या उनीहरू कानुनबमोजिम न्याय प्राप्त गर्नुभन्दा पनि प्रचारबाजीलाई बढी महत्त्व दिन्छन्।

### ङ) निष्कर्ष के हो?

अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले अब "स्वतन्त्र र निष्पक्ष" भन्ने शब्दावलीको प्रयोग गर्न छाडेका छन्। त्यसको सट्टा उनीहरू "अन्तर्राष्ट्रिय मापदण्डका आधारमा" भन्ने शब्दावली प्रयोग गर्छन्। यस आधारमा सबै नै अन्तर्राष्ट्रिय पर्यवेक्षण टोलीहरूले निर्वाचनको परिणाम सकारात्मक भएको प्रतिवेदन पेस गरेका छन्।[८४] सबैभन्दा नकारात्मक प्रतिक्रिया अमेरिकाको विदेश विभागले व्यक्त गरेको थियो जसमा भनिएको छ — "अप्रिल २००८ मा नेकपा )माओवादी ( ले संविधानसभा निर्वाचनमा धेरै सिटहरू जितेको छ र त्यसलाई सामान्यतया जनताले स्वीकारेका छन् तर निर्वाचन हिंसा, धम्की र धाँधलीबाट प्रभावित थियो।"[८५]

यी सबै कुराको निर्ष्कषमा के भन्न सकिन्छ भने निर्वाचनमा केही अनियमितता र हिंसा )विशेषगरी माओवादी कार्यकर्ताहरूको हत्या ( भए पनि विद्यमान परिस्थितिलाई हेर्दा निर्वाचन उल्लेखनीय रूपमा स्वतन्त्र र निष्पक्ष थियो। निर्वाचनले जनइच्छालाई प्रस्टतासाथ जाहेर गरेको छ र जनादेश माओवादीहरूको पक्षमा गएको छ। धाँधली गर्ने र डर-धम्की देखाउने सम्भावना ज्यादै कम भएको राजधानी जस्तो ठाउँमा उनीहरूलाई प्राप्त भएको जनसमर्थनले यसको पुष्टि गर्दछ। निर्वाचन धाँधलीपूर्ण थियो भनी आरोप लगाउने ठाउँ ज्यादै कम छ। हार्ने दलहरूले यस्ता धाँधलीका घटना किटेर ज्यादै थोरै उजुरी दर्ता गराउनुले पनि त्यसो भन्ने ठाउँ रहँदैन। महत्त्वपूर्ण कुरा के हो भने अझ राम्रोसित निर्वाचन भए पनि यसभन्दा फरक परिणाम प्राप्त हुने थियो भन्ने कुनै स्पष्ट आधार छैन।

[८४] ठूला अन्तर्राष्ट्रिय पर्यवेक्षण टोलीहरूको अन्तिम प्रतिवेदन आउन बाँकी नै छ। कार्टर सेन्टर र युरोपेली सङ्घले जुलाई २००८ सम्ममा प्रतिवेदन सार्वजनिक गर्ने सम्भावना छ। यी दुवै टोली र एनफ्रेलले १२ अप्रिल २००८ मा प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरिसकेका छन्।

[८५] "Advancing Freedom and Democracy Reports – 2008", U.S. State Department, Bureau of Democracy, Human Rights, and Labor, २३ मे २००८, www.state.gov/g/drl/rls/afdr/2008/104861.htm.

## ५. परिणाम

### क. समग्र तस्बिर

#### १. मतगणना

परीक्षणका रूपमा गरिएको इलेक्ट्रोनिक मतदान प्रणालीले गर्दा मतगणनाको पहिलो परिणाम मतदान सकिएको भोलिपल्ट बिहानै निस्क्यो। नेपाली काङ्ग्रेसका प्रकाशमान सिंह काठमाडौंको क्षेत्र नं. १ (पहिले एमालेको पकड रहेको क्षेत्र) बाट विजयी भए। त्यस परिणामलाई सो दलका नेताले शुभ सङ्केतका रूपमा लिए। एमाले र माओवादीले एकअर्काको भोट काट्ने हुनाले यसबाट आफ्नो दललाई लाभ हुने क्रम जारी रहने अनुमान उनीहरूले गरे।[८६] तर त्यो अनुमान काठमाडौंको हकमा मात्रै लागू हुने देखियो जहाँ नेपाली काङ्ग्रेसले अचम्मलाग्दो ढङ्गले राम्रो मत ल्यायो। अन्यत्र भने माओवादीका पक्षमा देखिएको लहरलाई अस्वीकार गर्न नसकिने अवस्था आयो। विशेषज्ञहरूले अनुमान गरेभन्दा छिटो र कुशलतापूर्वक मतगणना कार्य सम्पन्न भयो। कतै-कतै त चुनावको सुपरीवेक्षण गरिरहेका अधिकारीहरूसमेत मतगणनाको यस्तो वेग देखेर छक्क परे।[८७]

आशाअनुरूप सबै मतदान केन्द्रमा प्रत्यक्ष प्रणालीको मतगणना पहिले र समानुपातिक प्रतिनिधित्व प्रणालीको मतगणना पछि गरियो। त्यसले गर्दा आम नागरिक र दलहरूले माओवादीले ठूलै विजयी हासिल गरे भन्ने ठाने। माओवादीले प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत अरूले भन्दा धेरै सिट जितेका थिए। पछि समानुपातिकतर्फको परिणाम आएपछि संविधानसभाको कुल सिटमा माओवादीको सिट सङ्ख्या कम हुन गयो। मतदान भएको केही दिनभित्रैमा प्रत्यक्ष मतदानतर्फको धेरैजसो परिणाम आइसकेको थियो। केही केन्द्रले त समानुपातिकतर्फको मत पनि सँगसँगै गन्न भ्याए।[८८] पुनःमतदान कार्यसमेत प्रत्यक्षतर्फको परिणाम निकाल्ने काम मतदान भएको १२ दिनमा सकियो। अरू दुई दिनमा समानुपातिकतर्फको परिणाम पनि आइसकेको थियो। पुनःजाँच गर्ने र समानुपातिकतर्फको जोड-घटाउ

[८६] गगन थापा, नेपाल टेलिभिजनसँग अन्तर्वार्ता, ११ अप्रिल २००८।

[८७] विवादका कारण मतगणना रोकिएका केन्द्रका मतगणनामा खटिएका प्रमुखहरूले मतगणना प्रक्रिया बिनाअवरोध सम्पन्न भएकोमा अचम्भित र मतगणना कर्मचारीको लगनशीलताबाट प्रभावित भएको बताएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पर्सा र धनुषा जिल्लाका मतदान अधिकृतहरू, १३ अप्रिल २००८।

[८८] अप्रिल १३-१५ मा क्राइसिस ग्रुप पूर्वी पहाडी जिल्लाहरूमा पुग्दा पर्यवेक्षण गर्ने कुरा खासै केही बाँकी थिएन। धनकुटाको मतगणना १३ अप्रिलमा सकिएको थियो। १४ अप्रिलमा तेह्रथुमको मतगणना अन्तिम अवस्थामा पुगेको थियो। १५ तारिखमा इलामका अधिकारीहरू मतपेटिका र अरू सामग्रीलाई गोदाममा थन्क्याउनका लागि पोको पार्दै थिए। जनसङ्ख्या बढी भएकाले पनि होला तराईका जिल्लामा मतगणना सम्पन्न हुन अलि बढी समय लाग्यो।

गर्ने ठाउँसमेत काम सकेर[८९] निर्वाचन आयोगले समानुपातिक सहितको परिणाम २५ अप्रिलमा घोषणा गऱ्यो।

माओवादीले ५७५ सिटमध्ये २२० सिट जित्यो जो सबैभन्दा निकट प्रतिस्पर्धी नेपाली काङ्ग्रेसले ल्याएको सिटभन्दा दोब्बर थियो।[९०] (मन्त्रिपरिषद्ले मनोनित गर्ने २६ जना सदस्य छानिएपछि ६०१ सदस्यीय संविधानसभा पूर्ण हुन्छ। मन्त्रिपरिषद्को मनोनयन सम्बन्धमा सहमति भइसकेको छैन।) एमाले १०३ सिट ल्याएर तेस्रो भयो। मधेसी जनअधिकार फोरमले ५२ सिट ल्याएर मधेसको सबैभन्दा ठूलो र चौथो ठूलो दल बन्यो। माओवादीले प्रत्यक्ष निर्वाचनमा आफ्ना विपक्षीहरूलाई पराजित गर्दै १२० सिट (कुल सिटको आधा) ल्यायो। नेपाली काङ्ग्रेसले ३७ र एमालेले ३३ सिट मात्र जिते। पूर्वी तराईमा त्यति बलियो नदेखिए पनि पश्चिम तराईमा अरू सबैलाई पछारेर माओवादी तराईमा पनि सबैभन्दा ठूलो दल बन्यो। माओवादीले तराईका ४२ सिट जिते। मधेसी जनअधिकार फोरमले ३० सिट मात्र ल्यायो।

समानुपातिकतर्फको परिणामले प्रत्यक्ष निर्वाचन परिणामले ल्याएको असन्तुलनलाई ठीक पार्नु स्वाभाविकै हो। माओवादीहरूले प्रत्यक्ष निर्वाचनतर्फ ३०.५ प्रतिशत मत हासिल गरेर ५० प्रतिशत सिट जितेका थिए भने समानुपातिकतर्फ पनि २९.३ प्रतिशतकै हाराहारीमा सिट जिते। समानुपातिक प्रणालीले गर्दा नेपाली काङ्ग्रेस र एमालेको इज्जत जोगियो। उनीहरूले क्रमशः ७३ र ७० सिट जिते (क्रमशः १९.१ र १८.१ प्रतिशत मत ल्याएर)। प्रत्यक्ष निर्वाचनतर्फ पाँच जना उमेदवार दुई-दुईओटा निर्वाचन क्षेत्रबाट विजयी भए। उनीहरूले एक-एक सिटबाट राजीनामा दिएपछि पाँचओटा सिटका लागि उपचुनाव हुन बाँकी छ।[९१]

## २. महत्त्वपूर्ण विशेषता

मत परिणामका मुख्य विशेषताहरूको विश्लेषण नेपाली सञ्चारमाध्यमले यथेष्ट ढङ्गले गरिसकेका छन् र यस्ता धेरै विश्लेषण सजिलै पाउन सकिन्छ।[९२] माओवादीको विजयबारे अर्को खण्डमा चर्चा गरिएको छ। प्रत्यक्ष चुनावको उल्लेखनीय पक्ष के रह्यो भने लामो समयदेखि मूलधारमा रहेका राजनीतिज्ञहरू र आफूलाई भोट दिइहाल्छन् भनी ठान्ने पुराना दलप्रति मतदाताहरूले असन्तुष्टि व्यक्त गरे। आफ्नो राम्रो पकडमा रहेको काठमाडौंमा एमाले हाऱ्यो। काठमाडौं ललितपुर र भक्तपुर जिल्लाका १५ ओटा निर्वाचन क्षेत्रमध्ये नेपाली काङ्ग्रेसले ६, नेपाल मजदुर किसान पार्टीले दुई र बाँकी सिट माओवादीले जिते। यसअघि नचिनिएका रोल्पाका माओवादी कार्यकर्ता झक्कु सुवेदीले एमालेका महासचिव माधवकुमार नेपाललाई काठमाडौंको त्यस निर्वाचन क्षेत्रमा हराए। माओवादीको लहरले माओवादीप्रति सहानुभूति राख्ने अरू पार्टीका नेताहरूलाई पनि छाडेन। गृहमन्त्री तथा शान्ति सम्झौताकार कृष्णप्रसाद सिटौलालाई झापामा, माओवादीसँग तालमेल गर्नुपर्छ भन्ने एमाले नेता वामदेव गौतमलाई बर्दियामा र जनमोर्चाका नेता लीलामणि पोखरेललाई सिन्धुलीमा माओवादीले हराए।

नेपाली काङ्ग्रेसले भोग्नुपरेको अपमानजनक हारको सबैभन्दा ठूलो मार रुढिवादी नेता र कोइराला परिवारका उम्मेदवारहरूले तुलनात्मक रूपमा बढी बेहोर्नुपऱ्यो। सेरेमोनियल राजाका पक्षमा वकालत गर्ने सबैजसो नेताहरू हारे। प्रत्यक्ष निर्वाचनमा उठेका कोइरालाका २० नातेदारहरूमध्ये १८ जना उम्मेदवार हारे। (आफ्नो परम्परागत निर्वाचन क्षेत्रबाट नउठेर गिरिजाप्रसाद कोइरालाले बुद्धिमतापूर्ण काम गरेको मान्नुपर्छ)। मकवानपुर निर्वाचन क्षेत्रमा खसेको मतको १० प्रतिशत ल्याउन नसकेकाले गणतन्त्र विरोधी एकमात्र दल राप्रपा (नेपाल) का कट्टर राजावादी नेता कमल थापाको जमानत जफत भयो। जमानत जफत हुनेमा उनी एक्ला होइनन्। प्रत्यक्ष निर्वाचनमा उम्मेदवार भएका पाँचमध्ये चार जना उम्मेदवारहरूको धरौटी जफत भयो।[९३]

कसै-कसैको दृष्टिमा शङ्कास्पद भए पनि माओवादीले उल्लेखनीय उपलब्धि हासिल गरेको मान्नुपर्छ। आफ्नो निकटतम प्रतिद्वन्द्वीभन्दा ४० प्रतिशत बढीको अन्तरले विजयी हुने सबै १० जना उम्मेदवारहरू माओवादीका थिए।[९४] गोर्खा-२ मा बाबुराम भट्टराईले

---

[८९] हरेक दलले समानुपातिकतर्फको कति सिट पाए त्यसको निर्धारण परिमार्जित सेन्ट-लग सूत्रका आधारमा निकालिएको थियो। क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. ९, पादटिप्पणी ५७।

[९०] अन्तिम परिणाम निम्न ठेगानामा उपलब्ध छ : http://election.gov.np/reports/CAResults/. निर्वाचन आयोगको आधिकारिक परिणाममा प्रत्यक्ष निर्वाचनमा एकै जना उम्मेदवार दुई-दुई सिटमा विजयी भएका पाँच सिट संलग्न गरिएको छैन। आयोगले संविधान सभामा ५७० जना सदस्य मात्र निर्वाचित भएको मानेको छ। ती सिटमा विजयी भएका दलहरूको सिट उपनिर्वाचनबाट पूर्ति हुने गरी घटाएको छ।

[९१] प्रचण्डले रोल्पा-२ को निर्वाचन क्षेत्र छाडेर काठमाडौं-१० को निर्वाचन क्षेत्रलाई राखेका छन्। शेरबहादुर देउवाले कञ्चनपुर-४ को सिट छाडेर आफ्नो जिल्ला डडेलधुरा-१ को सिट रोजेका छन्। देव गुरुङले मनाङको सिट राखेर कास्की-१ को सिट छाडे। मधेसी जनअधिकार फोरमका उपेन्द्र यादव र विजयकुमार गच्छेदार दुवैले मोरङको निर्वाचन क्षेत्र छाडेर सुनसरीको क्षेत्र रोजेका छन्। केही दलहरूले उपनिर्वाचन तुरुन्तै हुनुपर्ने माग गरे पनि निर्वाचन आयोगले वर्षा याममा व्यावहारिक कठिनाइ पर्ने भएकोले मनसुनपछि मात्र चुनाव गर्न उपयुक्त ठानेको छ।

[९२] चुनावसम्बन्धी जानकारीका लागि निम्न स्रोतहरू उपयोगी छन् : www.election.gov.np निर्वाचन आयोग -www.unmin.org.np/?d=peace process&p=election) र Nepal Election Portal (www.nepalelection portal.org) जसले सबैभन्दा राम्रो नक्सा र तथ्याङ्क तालिका प्रस्तुत गरेको छ।

[९३] "80 pc contestants failed to get 10 pc votes: EC", nepalnews.com, २२ अप्रिल २००८।

[९४] ती निर्वाचन क्षेत्रहरू निम्नबमोजिम छन् : रामेछाप-२ (एमालेका कैलाशप्रसाद ढुङ्गेललाई डिल्लीमान तामाङले ४६.५ प्रतिशतले), धादिङ-१ (नेपाली काङ्ग्रेसका दिलमान पाखिनलाई पुष्पविक्रम मल्लले ४१.२ प्रतिशतले), गोर्खा-१ (नेपाली काङ्ग्रेसका चिरञ्जीवी वाग्लेलाई पार्वती थापाले ५५.७ प्रतिशतले), (गोर्खा- २ बाबुराम भट्टराई ७१ प्रतिशत) गोर्खा-३ (नेपाली काङ्ग्रेसका पूर्व सांसद चिनकाजी श्रेष्ठलाई अमरबहादुर गुरुङले ४९.३ प्रतिशतले), रुकुम-१ (जुनकुमारी रोका ६७.९ प्रतिशतले), रुकुम-२ (नेपाली काङ्ग्रेसका प्रेमप्रकाश ओलीलाई जनमुक्ति सेनाका कमान्डर जनार्दन शर्माले ४४ प्रतिशत), रोल्पा-१ (जयपुरी घर्तीमगर ५६ प्रतिशत), रोल्पा-२ (माओवादी अध्यक्ष ५९.५ प्रतिशत), बैतडी-१ (नरेन्द्रकुमार कुँवर ४०

८१.९ प्रतिशत मत पाएर नेपाली काङ्ग्रेसका उम्मेदवारलाई ७१ प्रतिशत मतको अन्तरले हराए। यसले माओवादीप्रति सहानुभूति राख्ने पर्यवेक्षककहरूमा समेत शङ्का उत्पन्न गरायो। आफ्नो हार स्वीकार गरे पनि नेपाली काङ्ग्रेसका नेताहरू यस आँकडालाई माओवादीले गरेको धाँधलीको गतिलो उदाहरणका रूपमा हेर्ने गर्छन्।[९५] यसको उल्टो नेपाली काङ्ग्रेसले सबैभन्दा बढी अन्तरको मतले जितेको ठाउँ डडेलधुरा थियो जहाँ नेपाली काङ्ग्रेसले समानुपातिकतर्फ ३७.५ प्रतिशत बढी मत ल्याएको थियो। नेपाली काङ्ग्रेसले ससरीमा सबैभन्दा कम ९.७ प्रतिशत मत ल्यायो। एमालेले समानुपातिकतर्फ सबैभन्दा बढी प्रतिशत मत ल्याएको ठाउँ मुस्ताङ (३९.७ प्रतिशत) थियो र सबैभन्दा थोरै मत ल्याएको ठाउँ माओवादीको गढ गोर्खामा (७.८ प्रतिशत) थियो।

### ३. नयाँ स्वरूपको संविधानसभा

संविधानसभा यसअघिका संसदहरूभन्दा धेरै प्रतिनिधिमूलक छ। राष्ट्र सङ्घका महासचिवका विशेष प्रतिनिधि इयान मार्टिनका शब्दमा यो "नेपालको अहिलेसम्मको सबैभन्दा बढी समावेशी निकाय" हो।[९६] प्रत्यक्ष निर्वाचनतर्फ "उम्मेदवार चयन गर्ने क्रममा समावेशी सिद्धान्तलाई ख्याल गर्न"[९७] निर्वाचन ऐनले दिएको निर्देशनको परिपालना अधिकांश दलहरूबाट त्यतिविघ्न नभए पनि (माओवादी यसको उल्लेखनीय अपवाद थियो) समानुपातिक प्रतिनिधित्वतर्फ निश्चित कोटा तोकिएकाले धेरै अल्पसङ्ख्यकको प्रतिनिधित्व हुन सकेको छ। संविधानसभाका ५७५ निर्वाचित सदस्यमध्ये ५० दलित, २०४ मधेसी र १९२ जना जनजाति छन्।[९८] प्रत्यक्ष निर्वाचनतर्फका २४० सदस्यमध्ये २९ जना (तीमध्ये २३ जना माओवादी हुन्) मात्र महिला निर्वाचित भए, तर समानुपातिकतर्फको ५० प्रतिशत कोटाले गर्दा संविधानसभाको एकतिहाइसम्म सदस्य महिला हुन पुगे। समलिङ्गी, उभयलिङ्गी र तेस्रो लिङ्गीहरूको हितका लागि सक्रिय रहेका सुनीलबाबु पन्त खुला रूपमा समलिङ्गीहरूको प्रतिनिधित्व गर्ने पहिलो सदस्य भए। उनी नेकपा (एकीकृत) को तर्फबाट समानुपातिक प्रणालीअन्तर्गत चुनिए।[९९]

निर्वाचन प्रणालीले गर्दा राजनीतिक दलहरूको प्रतिनिधित्वमा पनि विविधता आयो। पहिलेको प्रत्यक्ष निर्वाचन प्रणालीमा साना पार्टीहरूको प्रतिनिधित्व हुन लगभग असम्भव थियो भने समानुपातिक प्रणालीले गर्दा २५ ओटा दललाई आफ्नो प्रतिनिधित्व गराउन सक्ने बनायो। उदाहरणका लागि, प्रत्यक्ष निर्वाचनअन्तर्गत एक सिट पनि जित्न नसकेको नेकपा (माले) समानुपातिकतर्फ २.३ प्रतिशत मत पाएको आधारमा आठ सिट जित्न सफल भयो। राजावादी राप्रपाले पनि त्यति नै प्रतिनिधि पठाउन सक्यो। अरू राजावादी दलले पनि समानुपातिकतर्फ केही सिट जिते। राप्रपा (नेपाल) ले चार सिट जित्यो। पहिले जातीय आधारमा गठन भएको भनेर विवादमा आएको राष्ट्रिय जनमुक्ति पार्टीले दुई सिट जित्यो। पूर्वी तराईमा चलेको मधेसी आन्दोलनको विरोधमा गठित पहाडेहरूको पार्टी चुरेभावर राष्ट्रिय एकता समाजले एक सिट जितेबाट यसका सभापति केशवराज मैनाली सदस्य भए। काठमाडौंका नेवारहरूको हितरक्षार्थ गठित नेपाः राष्ट्रिय पार्टीले पनि एक सिट जित्यो। समानुपातिकतर्फको सदर मत १०,७३९,०७८ मध्ये केवल २३,५१२ मत पाएको नेपाल परिवार दलले आफूलाई संविधानसभाको सबैभन्दा अनौठो दलका रूपमा स्थापित गऱ्यो।[१००] यो दल दक्षिण कोरियाको युनिफिकेसन चर्च (सुन मुङ मुनद्वारा स्थापित) को सहयोगमा गठन गरिएको हो।

मधेसी दलहरूको दह्रो उपस्थितिले संविधानसभाको अनुहार बदलिदिएको छ र यसले राजनीतिको स्वरूपलाई पनि बदल्नेछ। तीनओटा मुख्य मधेसी दलहरू — मधेसी जनअधिकार फोरम, तराई मधेस लोकतान्त्रिक पार्टी र सद्भावना पार्टी राष्ट्रिय स्तरमा चौथो, पाँचौं र छैटौं स्थानमा आए। उनीहरूले क्रमशः ५२, २० र नौ सिट ल्याए। (सत्तारुढ गठबन्धनको सदस्य रहेको नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले समानुपातिकतर्फका दुई सिट मात्र जित्यो।)[१०१] मधेसी पार्टीहरूले नेपाली काङ्ग्रेसको मत काटे।[१०२] तर उनीहरूले धेरै जिल्लामा माओवादीलाई पनि ओझेलमा पारे। तराईका सबै जिल्लामा नेकपा (माओवादी) ले समानुपातिकतर्फ कम

---

प्रतिशत)। थप जानकारीका लागि हेर्नुहोस् "FPTP Winning Margin by Constituency", http://result.nepalelectionportal.org/report.html.

[९५] एक जना काङ्ग्रेसी नेताले के गुनासो गरे भने आफ्नो निर्वाचन क्षेत्रमा आफ्नो दलका कम्तीमा पनि १० हजार समर्थक रहेकामा उनले केवल ६,१४३ मत पाए। क्राइसिस ग्रुपसँगको अन्तर्वार्ता, काठमाडौं, १४ मे २००८। माओवादीले गोर्खामा समानुपातिकतर्फ ६५.८ प्रतिशत मात्र मत पाएको थियो। यसको अर्थ बाबुरामले व्यक्तिगत हैसियतका आधारमा पनि मत पाएका थिए। पार्टीले प्रचार-प्रसारमा थप मेहनत गरेकाले पनि उनले बढी मत पाएको हुन सक्छ। माओवादीले समानुपातिकतर्फ उनीहरूको गढ रोल्पामा सबैभन्दा बढी मत (६६.४ प्रतिशत) पायो। रोल्पाको छिमेकी जिल्ला रुकुममा माओवादीले ल्याएको मत (६५.६) गोर्खाकै बराबर थियो।

[९६] SRSG Ian Martin, प्रेस वक्तव्य, काठमाडौं, २८ मे २००८।

[९७] निर्वाचन ऐन, ५(३)।

[९८] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पासाङ सेर्पा, १३ जून २००८।

[९९] "Constituent Assembly Elections", OHCHR-Nepal, माथि उल्लेखित, पृ. ८, समानुपातिक प्रतिनिधित्वतर्फ ५० प्रतिशत महिला हुनुपर्ने बाध्यकारी व्यवस्थाले गर्दा निर्वाचित सभामा महिलाहरूको प्रतिनिधित्वका हिसाबले नेपाल चौधौं स्थानमा उक्लन सफल भयो।

[१००] समानुपातिक निर्वाचन प्रणालीका लागि हेर्नुहोस् www.election.gov.np/reports/CAResults/reportBody.php?selectedMenu1=Party%20Wise%20Count% 20In%20Nation.

[१०१] निर्वाचन आयोगले प्रकाशित गरेको तथ्याङ्क भ्रमात्मक छ : दलहरूले ल्याएको परिणाममा मधेसी जनअधिकार फोरमले प्रत्यक्ष निर्वाचनतर्फ २९ सिट जितेको देखाइएको छ तर कुल सिटमा भने फोरमले २८ जना जितेको मान्यता आयोगले लिएको छ। वास्तवमा मधेसी जनअधिकार फोरमले ३० सिट जितेको हो। तर, उपेन्द्र यादव र विजयकुमार गच्छदारले दुई-दुईओटा निर्वाचन क्षेत्रबाट जितेकाले एक-एकओटाबाट राजीनामा दिएका थिए। महोत्तरी-६ मा मधेसी जनअधिकार फोरमका शरतसिंह भण्डारीले नेपाली काङ्ग्रेसका सीताराम भण्डारीलाई २१ मतले पराजित गरेका थिए। फोरमको पक्षमा परिणाम प्रकाशित भए पनि नेपाली काङ्ग्रेसले यसका विरुद्ध उजुरी दियो। अदालतले परिणाम तत्काल कार्यान्वयन नगर्नु भन्दै यसको अन्तिम फैसला नभएसम्म शरतसिंह भण्डारीलाई संविधानसभाको सदस्यको शपथ ग्रहण गर्न रोक लगायो। यो मुद्दा अझै विचाराधीन छ।

[१०२] प्रशान्त झा, "Forum in Maostan", *Nepali Times*, १८ अप्रिल २००८।

भोट पायो।[१०३] तराईका दलित र मुसलमानको प्रतिनिधित्व अझै पनि थोरै छ। माओवादीले तराईका जुन-जुन ठाउँमा जित्यो (पश्चिम तराईमा माओवादीले लहरै ल्यायो) ती ठाउँहरूमा माओवादीहरूले सम्भवतः अल्पसङ्ख्यक र पहिलेका चुनावमा एमालेलाई भोट दिने पहाडेहरूको मत पाएको हुनुपर्छ।

लामो समयदेखि राजनीतिमा लागेका मूलधारका नेताहरूको पराजयले गर्दा नयाँ अनुहारहरू देखा परेका छन्। प्रत्यक्ष निर्वाचनमा उम्मेदवारी दिएका एमालेका ४० केन्द्रीय सदस्यहरूमध्ये १० जना मात्र विजयी भए। नेपाली काङ्ग्रेसका ६३ मध्ये १६ जना मात्र जितेर आउन सके।[१०४] स्थापित हस्तीहरूलाई हराउनेमध्ये केही त एकदमै नयाँ अनुहार छन्। बर्दियामा माओवादीकी युवा महिला सरला रेग्मीले एमालेका विख्यात नेता वामदेव गौतमलाई, माओवादीकै पार्वती थापाले गोर्खामा नेपाली काङ्ग्रेसका चिरञ्जीवी वाग्लेलाई र माओवादीकै धर्मशीला चापागाईंले झापामा चक्र बाँस्तोलालाई हराए। स्थानीय स्तरमा लोकप्रिय नेता राजेन्द्रबहादुर अमात्यलाई पर्सामा राजनीतिक क्षेत्रमा एकदमै अपरिचित मधेसी जनअधिकार फोरमकी करिमा बेगमले हराइन्। सबैभन्दा अनौठो किसिमले जित्नेमा बबन सिंह होलान्। रौतहट-१ का स्वतन्त्र उम्मेदवार बबन १ सेप्टेम्बर २००७ मा काठमाडौँमा भएको बम काण्डका लागि दोषी भएको शङ्कामा समात्न सुराक दिनेलाई प्रहरीले एक लाख रुपैयाँ इनाम दिने घोषणा गरेपछि भूमिगत भएका थिए।[१०५]

उम्मेदवारको उमेरका हकमा पनि दलहरूबीच धेरै ठूलो अन्तर थियो।[१०६] प्रत्यक्ष निर्वाचनतर्फ माओवादीका विजयी उम्मेदवारको औसत आयु ३९ थियो भने नेपाली काङ्ग्रेसका विजयी उम्मेदवारको औषत आयु ५३ थियो। मधेसी जनअधिकार फोरमका तर्फबाट कपिलवस्तु-५ बाट विजयी २५ वर्षीय अभिषेकप्रताप साह सबैभन्दा कान्छा उम्मेदवार हुन् भने ८४ वर्षीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला सबैभन्दा वृद्ध सदस्य हुन्। (कोइराला समानुपातिकतर्फबाट चुनिएका थिए।)

## ४. समानुपातिकतर्फको सिट वितरण

समानुपातिकतर्फको प्रतिस्पर्धा प्रक्रिया जटिल र अपारदर्शी थियो। नेपाल त्यस्ता सारै थोरै देशहरूमध्ये पर्छ जसले यस्तो बन्द सूची प्रणाली अपनायो जसमा आफ्ना भागमा परेका सिटमा कसलाई पठाउने भन्ने कुरा पार्टीका नेताको हातमा निर्भर हुन्छ।[१०७] एउटै मात्र बाध्यता के थियो भने यस्तो छनोटलाई पार्टीको केन्द्रीय समितिले अनुमोदन गर्नुपर्थ्यो र त्यसमा विभिन्न जातजातिका मानिस र महिलालाई समावेश गर्नका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्थ्यो। अधिकांश मतदाता र धेरै अधिकारीहरू दलले पाएको मतका आधारमा संविधानसभाका सदस्यको छनोट कसरी हुन्छ भन्नेबारेमा प्रस्ट थिएनन्।[१०८] यस प्रणालीले राजनीतिक दलका केही नेताका हातमा सबै शक्ति सीमित गरिदियो र मतदाताबीच अलोकप्रिय नेतालाई जिताउने अवसर दियो। मतदाताहरूलाई आफ्नो प्राथमिकता क्रम निर्धारण गर्न दिएन।[१०९]

जुन प्रकारले पुराना दलहरूले समानुपातिकतर्फका उम्मेदवार छाने त्यसले उनीहरूले चुनावमा भएको आफ्नो हारले सिकाएको पाठ सिक्न नखोजेको देखाउँछ, यद्यपि समानुपातिक प्रणालीअन्तर्गत उम्मेदवार छान्न उनीहरूलाई तीन हप्ताको समय मिलेको थियो। नेपाली काङ्ग्रेस निरन्तरको अन्तरकलहबाट पीडित थियो, त्यसैले समानुपातिकतर्फका सिट मूल पार्टी र पहिलेको देउवा खेमाका बीचमा ६० र ४० को अनुपातमा बाँड्ने काम भयो। यसले गर्दा केही योग्य व्यक्ति उम्मेदवार बन्न पाएनन् र उम्मेदवार छनोटमा पनि नयाँ सोचाइको अभाव देखियो। नेपाली काङ्ग्रेसले तराईमा आफ्नो हारपछि समानुपातिक सूचीबाट यस्ता उम्मेदवार छान्यो जो प्रत्यक्ष निर्वाचनमा उठेका भए हार्ने थिए। उदाहरणका लागि, नेपाली काङ्ग्रेसले सुनसरी जिल्लाबाट १४ जना उम्मेदवार ल्यायो तर उनीहरूमध्ये एक जना पनि मधेसी थिएनन्। प्रत्यक्ष चुनावमा काठमाडौँबाट पत्तासाफ भएको एमालेले काठमाडौँका १० जना सदस्य समानुपातिकबाट बनायो। यसप्रकार दलहरूले कोटा त पूरा गरे तर भौगोलिक रूपमा तालमेल मिलाउनेतिर उनीहरूले त्यति ध्यान दिएनन्।[११०]

---

[१०३] पर्सामा समानुपातिकतर्फ माओवादीले सबैभन्दा कम (९.६ प्रतिशत) मत ल्यायो। पूर्वी तराईका अरू जिल्लाहरूमा पनि झन्डैझन्डै यस्तै अवस्था रह्यो। मधेसी आन्दोलनको गढ मानिएका सर्लाही र सप्तरीमा पनि माओवादीले क्रमशः (९.४ प्रतिशत), (९.६ प्रतिशत) भोट पायो। (यसको विपरीत नेपाली काङ्ग्रेसले पर्सामा २३ प्रतिशत मत ल्यायो)। सर्लाही तराई मधेस लोकतान्त्रिक पार्टीको पक्षमा गयो भने सप्तरी मधेसी जनअधिकार फोरमको पक्षमा। फोरमले सिराहामा २५ प्रतिशत मात्र मत ल्यायो।

[१०४] खगेन्द्र पन्त, "केन्द्रीय नेता चुनाव हारे", *नयाँ पत्रिका*, १६ अप्रिल २००८।

[१०५] के.पी. ढुङ्गाना, "मस्ट वान्टेडले जिते", *नयाँ पत्रिका*, १५ अप्रिल २००८।

[१०६] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित, पृ. ४।

[१०७] ऐ.ऐ., पृ. ९।

[१०८] धेरै अनुभवी र राजनीतिक रूपले सचेत अधिकारीहरूले पनि समानुपातिकतर्फ दलले कति मत पाउँदा कति सिट उसका भागमा पर्छ भन्ने कुरा बताउन सकेनन्। क्राइसिस ग्रुपको अन्तर्वार्ता, इलामलगायतका विभिन्न जिल्लाहरू, १५ अप्रिल २००८।

[१०९] सबै समानुपातिक प्रणालीमा यस्तो हुँदैन। वास्तवमा नेपालले प्रचलनमा आएका मध्ये सबैभन्दा कम पारदर्शी प्रणाली रोज्यो। अधिकांश समानुपातिक प्रणालीमा कुन उम्मेदवारलाई मन पराउने भन्ने कुरा जनाउने अधिकार मतदातालाई दिइएको हुन्छ। कम्तीमा पनि चुनावअगाडि निकालिएको पार्टीको सूचीको प्राथमिकता क्रमलाई बदल्न नपाइने व्यवस्था हुन्छ। अथवा त्यसमा जुन क्रममा नाम राखिएको हो पछि पनि त्यही क्रममा निर्वाचित हुनुपर्छ। थप जानकारीका लागि हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित, पृ. ९।

[११०] नेकपा (माओवादी) ले बाँकेबाट ११ जना र इलामबाट नौ जना उम्मेदवार छान्यो भने अरू धेरै जिल्लाबाट एक जनालाई पनि ल्याएन। एमालेले मुस्ताङबाट मात्रै १० जना र तेह्रथुमबाट आठ जना ल्यायो। नेपाली काङ्ग्रेसले चितवनबाट १४, इलामबाट १२, मोरङबाट १०, कैलालीबाट नौ र पर्साबाट आठ जना उम्मेदवार छान्यो। मधेसी जनअधिकार फोरमले समानुपातिकतर्फ जितेको २२ सिटमा एउटा मात्र गैरमधेसी उम्मेदवार छान्यो। बाँकी सिटमा मधेसका उच्च र मध्यम जातका मानिसका चुनिए। राजेन्द्र महतोको पार्टीले पाएको चारै सिटमा मोरङका उम्मेदवारहरू छानिए।

उम्मेदवार छनोट गर्ने पार्टीको आन्तरिक प्रक्रियाले गर्दा स्वाभाविक तवरमा अहम् जुध्न पुग्यो र कतिको भावनामा पनि चोट पुग्न गयो। त्यसले पार्टीभित्र निकै वादविवाद पनि जन्मायो। अनुशासित मानिने माओवादी पार्टीका असन्तुष्ट कार्यकर्ताले झापामा आफ्नै पार्टी कार्यालयमा तोडफोड गरे।[१११] केही पार्टीका प्रमुख नेताहरूमाथि उम्मेदवार बनाइदिनका लागि घूस वा अन्य प्रकारको फाइदा लिन खोजेको आरोप पनि लाग्यो। पार्टी नेताहरूले प्रक्रिया उल्लङ्घन गरेको भनी अदालतमा परेको मुद्दा अझै पनि विचाराधीन छ।[११२] समग्रमा यसले अनैतिकतालाई प्रोत्साहन दियो। स्थापित दलका नेताहरूलाई उम्मेदवारको छनोटमा अझ बढी समावेशी हुनुपर्छ भन्ने माग स्वीकार गर्न निकै गाह्रो परेको देखियो।

## ख) माओवादीले किन जित्यो?

माओवादीको विजय अनपेक्षित हुन सक्छ तर यो एकदमै बुझ्नै नसकिने कुरा भने होइन। उनीहरूको ऊर्जा र प्रतिबद्धता अनि सुनिश्चित रणनीतिक लक्ष्य प्राप्त गर्न उनीहरूले अपनाएको लचकदार तरिकाका बारेमा माथि नै उल्लेख भइसकेको छ। धेरै मतदाताहरूले उनीहरूलाई शान्ति र परिवर्तनका वाहकका रूपमा पनि लिए। यस्तो हुनुमा केही हदसम्म उनीहरूलाई भोट नदिए उनीहरू फेरि युद्धमा जान उक्साउनु हो भन्ने भावनाले पनि काम गरेको थियो। गहन अध्ययन नगरी अथवा एक्जिट पोल जस्ता थप सूचकहरूको सहयोग नलिई माओवादीको विजयका कारणहरूबारे गरिने विश्लेषण अड्कल मात्र हुन सक्छ। तैपनि माओवादी विजय पछाडिका केही कारणहरू निम्नबमोजिम छन् :

- **सङ्गठन र सञ्चार बलियो हुनु।** नेकपा (माओवादी) ले आफ्ना सक्रिय र प्रतिबद्ध कार्यकर्ताहरूको बलमा पूर्ण व्यवस्थित प्रचार अभियान चलाएका थिए। उनीहरूले तालिम र अरू सार्वजनिक कार्यक्रम योजनाबद्ध ढङ्गले चलाएका थिए। माओवादी प्रचारको आयतन र कार्यकर्ताहरूको परिचालन क्षमता पनि प्रभावकारी थियो। राम्रो अथवा नराम्रो जे भए पनि भूमिगत कालमा उनीहरू देशभर जनतासँग निरन्तर सम्पर्कमा रहेका थिए। उनीहरूले सधैंभरि जनताबाट माया पाउने काम गरेनन् तर उनीहरूले जनताका कुरा सुने, जनताहरूबाट सिके र जनतासँग सम्पर्क कायम राखे। स्थापित दलहरूले आफ्नो जनाधारलाई बेवास्ता गरे र शक्तिको राजनीतिमा बढी ध्यान केन्द्रित गरे। उनीहरू माओवादीहरूबाट धेरै गाउँहरूबाट धपाइएका थिए, तर ती ठाउँमा पुनःस्थापित हुने मौका पाउँदा पनि उनीहरूले त्यसतिर ध्यान दिएनन्। माओवादीको व्यापक सम्पर्कले गर्दा उनीहरूले जनताको विश्वास जित्ने र जनतालाई दबाब दिने जस्ता दुवै काम गर्न सक्ने अवस्थामा उनीहरू पुगे।

- **अरूले बेवास्ता गरेको विषय अँगाल्नु।** स्थापित दलहरूले धेरै वर्ग र समुदायको बेवास्ता गरे। माओवादीले उनीहरूका मुद्दा उठायो। त्यसैले उनीहरूको समर्थन लिने काममा माओवादीले अरूसँग प्रतिस्पर्धा गर्नुपरेन। एमालेसमेतले वास्तविक रूपमा तल्ला वर्गका, सीमान्तीकृत, भूमिहीन र रोजगारविहीन वर्गको उपेक्षा गर्‍यो। (हुन त पार्टीको सहयोगले धेरैले विदेशमा रोजगार पाए, तर यस्तो अवसर नपाउनेहरू माओवादीपट्टि लाग्ने सम्भावना धेरै थियो) माओवादीले केही गर्ला भन्ने आशा तराईका दलित, थारू र राजवंशी जस्ता समुदायहरूको रह्यो। संविधानसभामा चुनिएका ४९ मध्ये २३ जना दलितलाई माओवादीले जितायो। माओवादीले उठाएको एक राजवंशी उम्मेदवारले झापामा गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई हराएको थियो। होटल तथा रेस्टुरेन्ट मजदुरहरूलाई माओवादीका कारणले नै अनिवार्य सेवा शुल्क लागू गरिएको हो भन्ने थाहा थियो, जसबाट उनीहरूलाई फाइदा पुगेको थियो।

- **स्पष्ट नीति र परिवर्तनका एजेन्डा अघि सार्नु।** माओवादीलाई आफू केका लागि लड्दैछौं भन्ने कुरा स्पष्ट रूपमा थाहा थियो र उनीहरूले आफ्ना मतदातालाई पनि यो कुरा बुझाएका थिए। एमाले र नेपाली काङ्ग्रेसले नयाँ धार समात्नलाई ढिलो गरे र यसबाट मतदातालाई विश्वास भएन। गणतन्त्रमा रूपान्तरण, संविधानसभा र सङ्घीय शासन माओवादीका एजेन्डा थिए। उनीहरूले एजेन्डा आफैंले तोकेका थिए र यसबारे उनीहरू स्पष्ट थिए। पुराना दलहरू थाके जस्ता थिए र तुलनात्मक रूपमा उनीहरूसँग नयाँ विचार थिएन।

- **बल प्रदर्शनको रणनीति अपनाउनु।** माओवादीले धेरै तरिकाले आफ्नो बल प्रदर्शन गरे भने नदेखिने तरिकाले धम्की र दबाब दिन पनि पछि परेनन्।[११३]

- **ढुक्क भएर नबस्नु।** नेपाली काङ्ग्रेस र एमाले आफूसित "कतै नजाने" पक्का भोट छ भनेर बढी नै मात्रामा ढुक्क थिए जुन भोट उनीहरूले आशा गरेभन्दा धेरै कम मात्रामा रहेको देखियो। माओवादीहरूले एक-एक मत जुटाउन मेहनत गरे, उनीहरूले

---

एउटा घटनामा, एमालेका २० जना जिल्ला कमिटी सदस्यले नेतृत्वले समानुपातिकतर्फ आफ्नो समुदायको प्रतिनिधित्व नगराएको विरोधमा राजीनामा दिए। "30 UML men resign en masse", ekantipur.com, ८ जून २००८।

[१११] "Discontent in Parties our PR List", nepalnews.com, ४ मे २००८।

[११२] माथिको खण्ड ५ को घ हेर्नुहोला।

[११३] माओवादीहरूले सूक्ष्म र कठोर दुवै किसिमले शक्ति उपयोग गरे। उदाहरणका लागि, चुनाव अभियानका क्रममा घरदैलोमा पुगेका वरिष्ठ माओवादी नेताले घरमुली बूढी आमैलाई भन्थे "मैले तपाईंको भोट मागेको होइन, जङ्गल जानुपरेका खण्डमा तपाईंको आशीर्वाद मागेको हो। भारत, अमेरिका, राजा, नेपाली काङ्ग्रेस र एमाले सबैले हामीलाई पन्छाउन खोजेका छन् र हामीलाई हराउने षड्यन्त्र गरेका छन् यद्यपि हामीसँग जनसमर्थन छ। त्यसैले, युद्ध फेरि सुरु भयो भने त्यति बेला सहयोग माग्न आउँदा पहिला जस्तै बास दिन तयार रहनुहोला।" मतदाताले फेरि माओवादीलाई बास दिनुपर्ने र सेना उनीहरूलाई खोज्दै आफ्ना घर आउने अवस्था नआओस् भन्नाखातिर कसलाई मत दिनुपर्छ भन्ने कुरा बुझ्थे। अर्कोतिर माओवादीका कार्यकर्ताले जनसेना लडेको लडाइँका दृश्य देखाएर भन्थे "लडाइँका बेलामा त भिडियो खिच्न सक्यौं भने कसले कसलाई भोट हाल्छन् भन्ने खिच्न गाह्रो हुन्छ र?" अरू कतिपय कार्यकर्ताले दूरबीन लिएर मतदातालाई दूरबीनबाट कस्तो, के के देखिन्छ भनेर देखाउँथे अनि भन्थे, "कसले कसलाई भोट हाल्छ हामी सबै थाहा पाउँछौं।" विभिन्न जिल्लाका मतदातासित क्राइसिस ग्रुपको अन्तर्वार्ता, अप्रिल २००८।

राजनीतिक अवस्था राम्रोसित बुझ्ने र तरल राजनीतिक अवस्थामा कसको पार्टी कतातिर बफादारी हुन सक्छ त्यसको मूल्याङ्कन अरू पार्टीले भन्दा सही ढङ्गले गरे (मधेसी पार्टी पनि यही कारणले सफल भएका हुन्।) पहिलोपटक भोट हाल्नेहरू लाखौं थिए। त्यस्ताहरूको सङ्ख्या कुल मतदाता सङ्ख्याको २२ प्रतिशत जति थियो। पहिले कुनै दलमा आबद्ध नभएका र नयाँ पुस्ताका यस्ता मतदाताहरूलाई पुराना दलले आकर्षित गर्न सकेनन्। यसको ठीक विपरीत माओवादीले युवावर्गको मन जित्न भरमग्दुर प्रयास गऱ्यो, धेरै युवाहरूलाई उम्मेदवार पनि बनायो।

सबैभन्दा ठूलो भूमिका सायद सङ्घर्ष र बलिदानले खेल्यो। धेरै गैरमाओवादी र माओवादीका विरोधीहरूसमेतले राजनीतिक परिवर्तन ल्याउन माओवादीले ठूलो लडाइँ गरेका कुरा स्वीकार गरेका छन्। धेरै मतदाताहरूले भनेअनुसार माओवादीलाई भोट हाल्न यत्ति एउटा कुराले उनीहरूलाई प्रेरित गऱ्यो।[११४] संविधानसभा र गणतन्त्र जस्ता माओवादीका एजेन्डा अरू दलहरूले पनि बोकेका थिए तर पनि धेरै मानिसले नेपालमा राजनीतिक परिवर्तनको नेतृत्व गरेको श्रेय माओवादीलाई दिए। यो नयाँ चलन होइन। नेपाली काङ्ग्रेसले सन् १९५० को दशकमा (राणाविरोधी क्रान्ति गरेबापत) यस्तै श्रेय पाएको थियो। त्यसैगरी नेपाली काङ्ग्रेस र एमालेले सन् १९९० को आन्दोलनको जस कमाएका थिए। पुराना पार्टीका राजनीतिक नेताहरू उच्च तहमा बसिरहने मुख्य योग्यता उनीहरूको व्यक्तिगत इतिहास रहँदै आएको छ अर्थात् को कति वर्ष जेलमा बस्यो वा सडक सङ्घर्षमा कति भिड्यो भन्ने कुरा महत्त्वपूर्ण रहँदै आएको छ। यस पृष्ठभूमिलाई विचार गर्दा माओवादीले गरेको धेरै वर्षको लडाइँको जस उनीहरूले पाउनु अनौठो होइन।

## ग) किन हामी (प्रायः) सबै नै गलत भयौं?

यस चुनावको मुख्य विशेषता भन्नु नै यसले दिएको अप्रत्याशित चुनाव परिणाम थियो। परिणाम देखेर सबैभन्दा बढी आश्चर्यमा तिनै व्यक्तिहरू परेको हुनुपर्दछ जसले अनजानमै भए पनि माओवादीलाई कम आँकेर भ्रमात्मक मूल्याङ्कन गर्न सघाउ पुऱ्याएका थिए।

यस गलत अनुमानको मात्रा र काठमाडौं तथा विदेशको राजनीतिक दृष्टिकोणमा रहेको यसको सान्दर्भिकताले गर्दा यसको चिरफार गर्नु जरुरी छ। निश्चय नै माओवादीहरूको आफ्नै सञ्चारमाध्यमहरू चुनावमा जित हुने उनीहरूको अनुमान सही साबित भएको दाबी गर्न सक्छन्। तर उनीहरूको एकपक्षीय समाचार सम्प्रेषणका कारण निष्पक्ष पाठकहरूले उनीहरूको त्यस्तो अनुमानलाई संशयका साथ हेरेका थिए। त्यसबाहेकका सञ्चारमाध्यम र स्वदेशी तथा विदेशी विश्लेषकहरूले माओवादी तेस्रो स्थानमा आउन सक्ने अड्कल गरेका थिए। चुनावको मुखमा निकालिएको क्राइसिस ग्रुपको रिपोर्टमा पनि त्यस्तै खालको परिणाम आउने विचार अघि सारिएको थियो र चुनावलाई बिथोल्ने तत्त्वका रूपमा माओवादी र दरबारलाई इङ्गित गरिएको थियो।[११५] यद्यपि त्यस रिपोर्टमा भविष्यवाणी गर्ने काम भने गरिएको थिएन।

के कारणले सारा अनुमान गलत साबित हुन गए त्यसपछाडिका मुख्य तत्त्वहरू ऐतिहासिक रुचिका मात्र छैनन्। यसले विद्यमान राजधानीकेन्द्रित विश्लेषण प्रणालीमा अन्तरनिहित त्रुटिलाई प्रतिबिम्बित गर्छ। यस्ता विश्लेषण राजधानीबाहिर नजाने व्यक्तिलाई सहजै उपलब्ध हुने गर्दछ। प्रमुख दल तथा सञ्चारमाध्यमले आफ्नो गलत प्रक्षेपणबारे केही आत्मालोचना गरे पनि त्यसको प्रभाव रहिरहँदैन। तसर्थ यहाँ चुनावी परिणामले देखाएका केही महत्त्वपूर्ण कमजोरीहरूबारे चर्चा गरिन्छ :

- **राजधानीकेन्द्रित विश्लेषण।** प्रमुख सञ्चारमाध्यम, विश्लेषक र कूटनीतिज्ञहरू पूरै काठमाडौंकेन्द्रित भए। चुनाव नजिकिँदै जाँदा राजधानीबाहिर माओवादीहरूले कुनै असजिलो परिस्थिति भोग्नु नपरेको तथ्य प्रस्ट हुँदै गयो। थुप्रै मतदाताले चुनावको दिनभन्दा अगाडि नै यस्तो महसुस गरेका थिए।[११६] स्थानीय जिल्लाका संवाददाताहरूले आफूले पठाएका सामग्रीमा यस तथ्यको उल्लेख गरेको तर उनीहरूले सम्प्रेषण गरेका समाचारलाई काठमाडौंका सम्पादकहरूले बेवास्ता गरी आफ्नै धारणाबमोजिम प्रस्तुत गरेको बताए।[११७] राजधानीका विश्लेषकहरूले प्राथमिक स्रोतमाथि भर नपरी एकअर्काका गलत विश्लेषणलाई प्रश्रय दिने काम गरे।[११८]

- **मूलधारका कमजोर सञ्चारमाध्यम।** मूलधारका सञ्चारमाध्यमका सबै कमजोरीहरूले यसमा भूमिका खेलेका छन्। यसमा प्रत्यक्ष रूपमा रहेको पूर्वाग्रह र वास्तविकताप्रति आँखा चिम्लने दुवै कुराले काम गरेका छन्। पत्रकार र टिप्पणीकारहरू लामो समयदेखिको आफ्नो विश्वासलाई छाड्न चाहँदैनथे। विशेषगरी माओवादीहरूको व्यापक जनसमर्थन छैन गर्न सक्दैनन् भन्ने विश्वास उनीहरूको थियो। नेपाल जस्तो देशले दक्षिणपन्थी वा वामपन्थी दुवै निरङ्कुशतालाई स्वीकार्दैन भन्ने विचारले यस मान्यतालाई अझ बल पुऱ्याएको थियो। त्यस्तै त्रिकोणात्मक

[११४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विभिन्न जिल्ला, मार्च-अप्रिल २००८।

[११५] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित।

[११६] पहाडी तथा पश्चिम तराईका जिल्लाका अधिकांश मतदाताहरूले माओवादी कडा प्रतिद्वन्द्वीका रूपमा आउने विश्वास गरेका थिए। नेपाली काङ्ग्रेस र एमालेका समर्थकहरूमा थोरैमा मात्र आफ्ना दलका नेताहरूले व्यक्त गरेका विश्वास झल्कन्थ्यो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता।

[११७] क्राइसिस ग्रुपले जनवरी २००८ देखि जून २००८ सम्म राष्ट्रिय स्तरका सञ्चारमाध्यम, रेडियो तथा टेलिभिजनका संवाददाता तथा पाँचै विकास क्षेत्रका विभिन्न व्यक्तिहरूसँग लिएको अन्तर्वार्ता।

[११८] यस मामिलामा क्राइसिस ग्रुपको पनि आलोचना भयो। *Kathmandu Post* का संवाददाता विकास संग्रौला भन्छन्, "नेपालको संसदीय चुनावमा माओवादीहरूको प्रचण्ड जितले एकचोटि सबैलाई मूर्ख बनायो। विज्ञ, माओवादी तथा म लगायतका पत्रकारहरू ... चुनावका दौरान राजनीतिक विश्लेषकका कुरामा भर परे। सञ्चारमाध्यमहरूले अन्तर्राष्ट्रिय क्राइसिस ग्रुप जस्ता अनुसन्धान संस्थाका भनाइलाई उद्धृत गरे जसमा भनिएको थियो चुनावपछि माओवादीहरूले चुनावी परिणामलाई अस्वीकार गर्न सक्ने हुनाले नेपालले समस्याको सामना गर्नुपर्ने हुन सक्छ।... यो आधारभूत रूपमा गलत सूचना र विश्लेषणको चक्रव्यूह थियो।" David Clark Scott, "Reporters on the Job", *The Christian Science Monitor*, १५ अप्रिल २००८।

राजनीतिमा माओवादीलाई एकातर्फ राजतन्त्रको विपरीत ध्रुवमा राख्ने काम भयो भने अर्कोतर्फ राजा र माओवादीलाई "अधिनायकवादी" हिसाबले आधारभूत रूपमा एक समान मानियो। मूलधारका सञ्चारमाध्यमका अधिकांश पत्रकारहरू एमाले वा काङ्ग्रेसप्रति सहानुभूति राख्ने अथवा प्रत्यक्षतः ती पार्टीका राजनीतिमा संलग्न व्यक्तिहरू छन्। (धेरै जना विद्यार्थी राजनीतिमा लागेर त्यही सम्बन्धबाट संवाददाता बनेका छन्।) चल्तीका साप्ताहिक पत्रिकाहरू पूर्णरूपमा एकपक्षीय थिए। आफ्नो राजनीतिक आस्थाअनुसारको परिणाम आउने देखिएमा मात्र तिनीहरूले खोजमूलक समाचारहरू सम्प्रेषण गर्दथे। यसले गर्दा उनीहरूले छाप्ने समाचार जतिसुकै सही भए पनि तिनको विश्वसनीयता कम थियो। चुनावपूर्व सबभन्दा राम्रो एउटा मात्र समाचार आएको थियो जुन नेपालका बारेमा जानकारी राख्ने तर कहिलेकाहीँ मात्र नेपाल आउने एक भारतीय पत्रकारले लेखेका थिए।[११९]

- **माओवादीलाई बुझ्न नसक्नु वा बुझ्न नचाहनु।** माओवादीका विचार बुझ्न गम्भीर प्रयास गर्ने गैरमाओवादी पत्रकार, बुद्धिजीवी तथा विश्लेषकहरू अति थोरै छन्। १० वर्षे सशस्त्र द्वन्द्वकाल र दातृ संस्थाहरूको सहयोगले थुप्रै द्वन्द्वविद् जन्मिए तर माओवाद र माओवादीका बारेमा बुझ्ने कुनै प्राज्ञिक व्यक्ति तयार भएनन्। पत्रकारहरूलाई तालिमका लागि धेरै लगानी भयो तर पहिलेबाटै स्वाध्यायले त्यस विषयउपर गर्ने एक-दुई जनाबाहेक अर्को नयाँ विज्ञ पत्रकार तयार हुन सकेन।

- **अनुपयोगी मतसर्वेक्षण।** चुनावको मतसर्वेक्षण गर्ने काम त्रुटिरहित हुन सक्तैन। नेपालमा बृहत् मतसर्वेक्षणको इतिहास ज्यादै छोटो छ।[१२०] त्यसमाथि संविधानसभाको चुनावी वातावरणले गर्दा मतसर्वेक्षण जतिसुकै राम्रो भए पनि त्यसबाट मतदाताको व्यवहार बुझ्न कठिन थियो।[१२१] यस मामिलामा नेपाल एक्लो होइन। सन् २००४ को भारतीय आमचुनावका बेला त्यहाँका मतसर्वेक्षकहरूलाई लाजमर्नु भएको थियो। त्यस बखत प्रायः सबैजसो मतसर्वेक्षकहरूले भारतीय जनता पार्टीको नेतृत्वमा रहेको सत्ताधारी राष्ट्रिय प्रजातान्त्रिक गठबन्धनले बहुमत ल्याउने पूर्वानुमान गरेका थिए जुन पछि गलत साबित भयो। भारतका निकै अनुभवी मतसर्वेक्षकहरू पनि सन् २००८ को राज्य विधानसभाको चुनावको गलत पुर्वानूमानका कारण आलोचित हुन पुगेका थिए।[१२२]

  नेपालको मतसर्वेक्षण उपयोगी नभएकामा आश्चर्य मान्नुपर्ने कुनै कारण छैन न त सर्वेक्षणकर्ताहरूको सिकारुपनले नै यस्तो हुन गएको हो। मतसर्वेक्षण विधिको विकासका लागि प्रशस्त समय चाहिन्छ र यसका लागि स्थानीय अवस्थाबाट सिक्नु पर्ने हुन्छ। अन्तरिम संविधानले नयाँ संविधान लेख्नका लागि निर्धारण गरेको समयावधिभित्रै काम सिध्याउनेमा सबै पार्टीहरू एक मत भएमा यसपटक जस्तो दुई चुनावका बीच नौ वर्ष लामो अन्तराल हुनेछैन। स्मरणीय छ यसपटकको चुनावमा पहिलोपटक भोट दिने मतदाताहरूको सङ्ख्या कुल मतदाता सङ्ख्याको २० प्रतिशत थियो।

- **प्रमुख राजनीतिक दलहरूको गलत अनुमान।** नेपाली काङ्ग्रेस तथा नेकपा (एमाले) को सञ्जाल व्यापक छ तैपनि उनीहरूले राजनीतिक वास्तविकतालाई राम्रोसँग बुझ्न सकेनन्। पर्यवेक्षकहरूले उनीहरूको आत्मविश्वासका पछाडि ठोस कारणहरू हुनुपर्छ भन्ने ठाने।[१२३] यसको विपरीत माओवादीहरूले सार्वजनिक रूपमा जे भने पनि चुनाव अभियानले गति नलिँदासम्म भित्री तवरमा भने उनीहरू कमै विश्वस्त थिए।[१२४] माओवादी प्रवक्ता कृष्णबहादुर महराले भनेका थिए,

---

[११९] सिद्धार्थ वर्धराजन, "A vote for change, a vote for peace", *The Hindu*, १ अप्रिल २००८। यो लेख कुन अर्थमा पढ्न लायक छ भने यो संवाददाताहरूले आफ्नो पेसाको आधारभूत तरिका उपयोग गरेर अर्थात् बिनापूर्वाग्रह मान्छेका कुरा सुनेर आगामी दिनमा हुने कुराको कति हदसम्म सही पूर्वानुमान गर्न सक्छन् भन्ने कुराको उदाहरण हो। वर्धराजनले ८ दिनमा १५ ओटा निर्वाचन क्षेत्रको भ्रमण गरी समाचार सङ्कलन गरेका थिए। नेपाली पत्रकारहरूले संयुक्त रूपमा समाचार सम्प्रेषण गरेका भए कम्तीमा वर्धराजनले त्यत्तिकै मात्रामा सही जानकारी उपलब्ध गराउन सक्थे।

[१२०] नेपालमा राजनीतिक मतसर्वेक्षणका सम्बन्धमा हेर्नुहोस् सुधीन्द्र शर्मा र पवनकुमार सेन Opinion Poll in Nepal's Context, *Studies in Nepali History and Society*, अङ्क १०, नं. २ (२००५), पृष्ठ ३२१-३५८। चुनावअघिको सबैभन्दा ठूलो मतसर्वेक्षण इन्टरडिसिप्लिनरी एनालिस्ट नामक संस्थाले गरेको थियो। (पादटिप्पणी ४६ पनि हेर्नुहोस्)।

[१२१] मतसर्वेक्षण कार्यका थालनीकर्ता एक अनुभवी तथा ज्ञाताले हालसालैका मतसर्वेक्षणमा आएका उत्तरहरूमा "भन्न सक्दिन" र "थाहा छैन" जस्ता उत्तरहरूले सही पूर्वानुमान गर्न कठिनाइ उत्पन्न गर्ने कुरा व्यक्त गरेका छन्। सुधीन्द्र शर्माले बीबीसी विश्वसेवाको १२ अप्रिल २००८ को "नयाँ नेपाल" कार्यक्रममा बोल्दै यसो भनेका थिए। क्राइसिस ग्रुपले यसअघि नै यसरी सचेत गराएको थियो, "समानान्तर व्यवस्थाको जटिलता, मतदाताहरूको मतदानसम्बन्धी व्यवहारमा देखिएको अनपेक्षित परिवर्तन, मत सर्वेक्षणको कमजोर परम्परा र द्वन्द्वपछि राजनीतिक वृत्तमा देखिएको अनिश्चितताले गर्दा यकिन भविष्यवाणी गर्न सकिँदैन। मतदाताको बानीका सम्बन्धमा अनुसन्धान भएको छैन। उनीहरूको पार्टीप्रति पुरानो निष्ठालाई तत्कालीन आवश्यकताले बदल्छ कि बदल्दैन भन्ने कुरा पनि निश्चित हुँदैन। माओवादी यसअघि परीक्षण नभएको चुनावी शक्तिका रूपमा आएकाले वामपन्थी र अन्य मतदाताको प्रवृत्ति फेरिन सक्छ।" क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित, पृ. १७।

[१२२] उदाहरणका लागि, मे २००८ मा भएको कर्नाटक राज्यको चुनावका परिणामका बारेमा सेन्टर फर दि स्टडी अफ् डेभलपिङ स्टडिजले विधानसभामा कसैको पनि बहुमत नआउने र काङ्ग्रेस सबैभन्दा ठूला दलका रूपमा विधानसभामा रहने भनी गलत पूर्वानुमान गरेको थियो। 'Exit Polls give different Pictures, *The Hindu*, २३ मे २००८। सापेक्षिक रूपमा यस्ता सर्वेक्षणहरू वास्तविकताका नजिक भए पनि २००६ मा समेत यसबारेमा आलोचना भइसकेको थियो। हेर्नुहोस् K. Narayanan, "How CSDS fine-tunes polling exercise", *The Hindu*, २२ मे २००६।

[१२३] दलका नेता र तल्ला तहका कार्यकर्ता (जसलाई चुनावमा गाह्रो छ भन्ने थाहा थियो) बीचको सही सञ्चारलाई विभिन्न तत्त्वहरूले प्रभाव पारेको देखिन्छ। केही कार्यकर्ताहरूले परिस्थितिको सही जानकारी माथिल्लो तहलाई दिन चाहेनन् होला। उनीहरूलाई आफ्ना नेताहरूप्रति या त भ्रम थियो या नकारात्मक खबर गरेको भनी दोष आउला भन्ने डर थियो। यस्ता आशङ्का व्यक्त गर्नेहरूलाई निराशावादी भएको आरोप पनि लागेको थियो।

[१२४] माओवादी सङ्गठनकर्ताहरूले सन् २००७ को अन्त्यतिर आत्मविश्वासको कमी देखाए भन्नु गलत हुन जान्छ। जनवरी २००८ मा जिल्लास्तरका नेताहरू पूर्ण विश्वासका साथ प्रस्तुत भए। उनीहरू चुनाव प्रचार अभियानका व्यावहारिकताबारे कार्यकर्ताहरूलाई तालिम दिनमा व्यस्त देखिन्थे। जनवरी

> "सबै दलहरूले बहुमत ल्याउने दाबी गर्छन्। हामी पनि दाबी गर्छौं। यसो गर्नु स्वाभाविक हो। तर हामी निर्वाचन परिणामलाई स्वीकार गर्नेछौं।"[१२५]

- **जनताको सोचाइमा परिवर्तन हुनु।** चुनाव प्रचार अभियानले गति नलिँदासम्म मतदाताको मनोभावलाई बुझ्न गाह्रो थियो। अनिर्णित मतदाताहरू सायद थुप्रै थिए जसले कसलाई मत दिने भन्ने कुराको निक्योंल गरिसकेका थिएनन् अथवा अन्तिम समयमा आएर मात्र विचार गर्न थाले। थुप्रै व्यक्तिहरूलाई चुनाव हुने कुरामा पत्यार थिएन। त्यसैगरी थुप्रै माओवादी मतदाताहरू माओवादीप्रति समर्थन व्यक्त गर्नलाई सायद हिचकिच्याइरहेका थिए। किनभने माओवादीलाई यस बखतसम्म बाह्य शक्ति वा गैरकानुनी शक्तिका रूपमा हेर्ने गरिन्थ्यो।

हरेक कुराका पछाडि षड्यन्त्र र गोप्य अर्थ खोज्ने बानी परेका विश्लेषकहरूका लागि त्यस समयको वस्तुस्थिति अति सामान्य हुन सक्छ। जे भए पनि अन्त्यमा निर्वाचन सम्पन्न गराउने र नेपालमा गणतन्त्र स्थापना गर्ने आफ्नो वचनबद्धतालाई प्रमुख खेलाडीहरूले थोरबहुत रूपमा पूरा गरेको देखिन्छ। चुनाव गराएरै छाड्ने आफ्नो अडानमा माओवादी र अन्य दलहरू अडिग रहे। राजाबाट पनि खुला रूपमा कुनै किसिमको हस्तक्षेप भएन। तर मधेसी सशस्त्र समूहहरूले भने आफूले भनेका कुरा व्यवहारमा देखाउन सकेनन्। उनीहरूले धम्की दिए जति मात्रामा हिंसात्मक गतिविधि भएको देखिएन।

मतदान कार्य सफलतासाथ सम्पन्न भए पनि चुनावपछि प्रक्रियागत कठिनाइ हुनेछ र पराजय बेहोर्ने राजनीतिक दलका कदमले भावी राजनीतिक स्वरूप निर्धारण गर्नेछ भन्ने पूर्व चेतावनी सही थियो। (यद्यपि माओवादीको सट्टा नेपाली काङ्ग्रेस र नेकपा (एमाले) पराजय बेहोर्ने स्थानमा परे।) निर्वाचनपछि ठूलो हिंसा र अव्यवस्था फैलन्छ भन्ने जुन डर थियो त्यो असत्य साबित भयो। तर त्यसको सम्भावना भने निकै थियो। निर्वाचनको जुन परिणाम आयो त्यसबाट परिणाम आफैं नै स्थायित्व ल्याउन र द्वन्द्व घटाउन यथेष्ट हुँदैन भन्ने कुरा देखाएको छ।

## ६. निष्कर्ष

नेपालको चुनाव शान्ति प्रक्रियामा एक मुख्य फड्को थियो। यसका लागि राजनैतिक दल र अन्य संस्थाहरू — निर्वाचन आयोग, सुरक्षा निकायदेखि निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष बनाउन दबाब सिर्जना गर्ने नागरिक समाज सबैलाई जस दिनुपर्छ। निर्वाचन सम्पन्न हुनु लोकतन्त्रको पनि विजय थियो र त्यसका लागि मुख्य रूपमा पुराना प्रमुख राजनीतिक दलहरूलाई भन्दा माओवादी र मधेसी जनअधिकार फोरम जस्ता नयाँ पार्टीहरूलाई जान्छ। माओवादीहरूको थर्काउने चाल तथा मधेसी जनअधिकार फोरमको अस्थिर नीति हुँदाहुँदै पनि उनीहरूकै प्रचार अभियानले गर्दा मतदाताहरूले आफ्नो शक्तिको प्रयोग गर्न सके। मतदाताहरूले संविधानसभालाई ज्यादा प्रतिनिधित्व-मूलक मात्र होइन जनताले सधैं बोझका रूपमा हेर्ने गरेका पुराना अलोकप्रिय नेताहरूलाई समेत घोक्रेठ्याक लगाइदिए।

---

२००८ मा क्राइसिस ग्रुपले बाँके, मोरङ, कैलाली जिल्लाका नेताहरूसँग गरेको कुराकानी। चुनाव हुनुभन्दा चार हप्ताअगाडि माओवादी नेता बाबुराम भट्टराईले कुनै पनि शङ्काको ठाउँ नराखी भनेका थिए, "चुनावपछि हाम्रो दल सबैभन्दा ठूलो दलका रूपमा देखा पर्नेछ। अन्तर्राष्ट्रिय शक्तिहरू त्यस परिणामलाई र परिवर्तनप्रति जनताको चाहनालाई स्वीकार गर्न बाध्य हुनेछन्।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, १४ मार्च २००८।

[१२५]क्राइसिस ग्रुपसँग अन्तर्वार्ता। कृष्णबहादुर महरा, काठमाडौं, ९ मार्च २००८। थुप्रै जिल्लामा समय बिताएका महरा र दलका अन्य नेताहरू चुनाव प्रचार अभियानको अन्तिम हप्ता जनसमर्थन आफ्नो पक्षमा आउने कुरामा आशावादी थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, कृष्णबहादुर महरा, प्यूठान, ५ अप्रिल २००८। बाबुराम भट्टराई टेलिफोन अन्तर्वार्ता, ८ अप्रिल २००८, र शालिग्राम जमरकट्टेल, टेलिफोन अन्तर्वार्ता, ९ अप्रिल २००८।

तथापि चुनावी परिणामले अन्योलग्रस्त राजनीतिक परिदृश्य खडा गरिदिएको छ जसमा आउँदा दिनमा विवाद बढ्न सक्ने सम्भावना र फेरि द्वन्द्व सुरु हुने खतरा छ। माओवादीहरूको विजय व्यावहारिक रूपमा स्पष्ट थियो त्यसअनुसार उनीहरूले स्पष्ट सिट सङ्ख्या भने प्राप्त गर्न सकेनन्। उनीहरूले संविधानसभामा जितेको एकतिहाइ सिट सङ्ख्या जुनसुकै निर्णय रोक्नलाई मनग्गे छ तर अरूको सहयोगबिना उनीहरूले केही हासिल गर्न पनि सक्दैनन्। उनीहरूका प्रतिद्वन्द्वी दलहरू आफ्नो हार स्वीकार गर्न वा शान्ति प्रक्रियालाई सहज ढङ्गबाट अघि बढाउन र नयाँ संविधान निर्माण गर्ने काममा जुटिहाल्न उति साह्रो तयार देखिँदैनन्। चुनावपछिका राजनीतिक चुनौतीहरूलाई राजनीतिक नेताहरूले कसरी झेल्छन् त्यसबाट नै क्रान्तिकारी (निर्वाचन) परिणामले शान्ति र परिवर्तन ल्याउँछ वा फेरि अर्को द्वन्द्वलाई निम्त्याउँछ भन्ने कुराको निर्क्यौल हुनेछ।[१२६]

**काठमाडौं/ब्रसेल्स, ३ जुलाई ,२००८**

[१२६] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* माथि उल्लेखित, पृ. १७। "परिणाम जस्तो आए पनि त्यसले द्वन्द्वको खतरा निम्त्याउँदैन भन्न सकिँदैन। जस्तोसुकै परिणाम आए पनि त्यसले तनावलाई बढाउन सक्छ र यसले शक्तिशाली हरुवा जन्माउन सक्छ।"

# अनुसूची क

# नेपालको नक्सा




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख

## एक झलकमा निर्वाचन परिणाम[१२७]

| पार्टी | प्रत्यक्षतर्फ | | | समानुपातिकतर्फ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | मत (प्रतिशतमा) | सिट सङ्ख्या | विजयी महिला | मत (प्रतिशतमा) | सिट सङ्ख्या | कुल सिट सङ्ख्या | सिट (प्रतिशतमा)* |
| नेपाल कम्युनिस्ट पार्टी (माओवादी) | ३०.५ | १२० | २३ | २९.३ | १०० | २२० | ३८.३ |
| नेपाली काङ्ग्रेस | २२.८ | ३७ | २ | २१.१ | ७३ | ११० | १९.१ |
| नेपाल कम्युनिस्ट पार्टी (एमाले) | २१.६ | ३३ | १ | २०.३ | ७० | १०३ | १७.९ |
| मधेसी जनअधिकार फोरम | ६.२ | ३० | २ | ६.३ | २२ | ५२ | ८.७ |
| तराई मधेस लोकतान्त्रिक पार्टी | ३.४ | ९ | १ | ३.२ | ११ | २० | ३.५ |
| सद्भावना पार्टी | १.७ | ४ | ० | १.६ | ५ | ९ | १.६ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ३.० | | | २.५ | ८ | ८ | १.४ |
| नेपाल कम्युनिस्ट पार्टी (माले) | १.६ | | | २.३ | ८ | ८ | १.४ |
| जनमोर्चा नेपाल | १.३ | २ | ० | १.५ | ५ | ७ | १.२ |
| नेपाल कम्युनिस्ट पार्टी (एकीकृत) | ०.४ | | | १.४ | ५ | ५ | ०.९ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ०.७ | | | १.० | ४ | ४ | ०.७ |
| राष्ट्रिय जनमोर्चा | ०.९ | १ | ० | १.० | ३ | ४ | ०.७ |
| नेपाल मजदुर किसान पार्टी | ०.६ | २ | ० | ०.७ | २ | ४ | ०.७ |
| राष्ट्रिय जनशक्ति पार्टी | ०.८ | | | १.० | ३ | ३ | ०.५ |
| सङ्घीय प्रजातान्त्रिक राष्ट्रिय मञ्च | ०.३ | | | ०.७ | २ | २ | ०.४ |
| नेपाल सद्भावना पार्टी (आनन्ददेवी ) | ०.४ | | | ०.५ | २ | २ | ०.४ |
| राष्ट्रिय जनमुक्ति पार्टी | ०.४ | | | ०.५ | २ | २ | ०.४ |
| नेपाली जनता दल | ०.२ | | | ०.५ | २ | २ | ०.४ |
| नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) | ०.५ | | | ०.५ | २ | २ | ०.४ |
| स्वतन्त्र | १.२ | २ | ० | | | २ | ०.४ |
| दलित जनजाति पार्टी | ०.३ | | | ०.४ | १ | १ | ०.२ |
| नेपाः राष्ट्रिय पार्टी | ०.१ | | | ०.४ | १ | १ | ०.२ |
| समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल | ०.१ | | | ०.३ | १ | १ | ०.२ |
| चुरे भावर राष्ट्रिय एकता पार्टी नेपाल | ०.२ | | | ०.३ | १ | १ | ०.२ |
| नेपाल लोकतान्त्रिक समाजवादी दल | ०.१ | | | ०.२ | १ | १ | ०.२ |
| नेपाल परिवार दल | | | | ०.२ | १ | १ | ०.२ |
| अन्य | ०.६ | | | २.५ | ० | | ० |
| बदर मत | ५.२ | | | ३.७ | | | |

*माथिको तथ्याङ्क संविधानसभाका ५७५ सिटका लागि भएको निर्वाचनमा आधारित छ; २६ जना सभासद मन्त्रिपरिषद्बाट मनोनित हुन बाँकी छन्।

[१२७]यो परिणाम निर्वाचन आयोगले २५ अप्रिल २००८ मा निकालेको हो। यसमा प्रत्यक्ष निर्वाचनतर्फ पाँच जना उम्मेदवारले दुई-दुई ठाउँबाट जितेका १० ओटा सिट समाविष्ट छन्। दुई ठाउँमा जित्ने पाँच जना उम्मेदवारहरूले एक ठाउँबाट राजीनामा दिएकाले तिनमा उपनिर्वाचन हुन बाँकी छ। राजीनामाबाट नेकपा (माओवादी) को दुई सिट, मधेसी जनअधिकार फोरमको दुई सिट र नेपाली काङ्ग्रेसको एक सिट खाली भएको छ। मधेसी जनअधिकार फोरमको सिट सङ्ख्या महोत्तरी-६ सहित ३० हो। महोत्तरी-६ को परिणाम विरुद्ध उजुरी परेकाले अहिले यो मुद्दा अदालतमा विचाराधीन छ (हेर्नुहोस् पादटिप्पणी १०१)।

# अनुसूची ग

# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १२० कर्मचारीहरू कार्यरत छन्। यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। आकस्मिक रूपले हिंसा भड्कन सक्ने, द्वन्द्व चर्कन सक्ने वा द्वन्द्वको पुनरावृति हुन सक्ने खतरा भएका देशभित्रै अथवा यस्ता देशका नजिकका छिमेकी मुलुकहरूमा रहेर क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकहरूको समूहले काम गर्दछ। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ। क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ। यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ। अनि मुद्रित रूपमा परराष्ट्र मन्त्रालयका अधिकारीहरू तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूलाई पठाउने गरिन्छ। त्यसबाहेक ती सामग्री क्राइसिस ग्रुपको वेबसाइट www.crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

सञ्चार जगत्, राजनीति, कूटनीति र व्यापारिक क्षेत्रका प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीतिनिर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको सहअध्यक्षमा श्री युरोपेली सङ्घका परराष्ट्र मामिलाका पूर्व आयुक्त क्रिष्टोफर प्याटन र पूर्व अमेरिकी राजदुत टमस पिकरिङ हुनुहुन्छ। सन् २००० को जनवरीदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा अस्ट्रेलियाका पूर्व विदेशमन्त्री गारेथ एभान्स रहनुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्राष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। आफ्ना पैरवीसम्बन्धी कामहरूलाई अघि बढाउन यसका कार्यालयहरू वासिङ्टन डीसी (जहाँ यसको दर्ता भएको छ), न्युयोर्क, लन्डन र मस्कोमा स्थापित गरिएका छन्। स्थलगत अनुसन्धानका लागि यस संस्थाका १४ ओटा कार्यालयहरू अम्मान, विस्केक, बोगोटा, कायरो, डाकार, दुसान्वे, इस्लामावाद, जर्काता, काबुल, काठमाडौं, नैरोबी, प्रिस्टिना, सोल र तिबलिसी रहेका छन् र चारओटा महादेशका ५० भन्दा बढी सङ्कटग्रस्त देश र क्षेत्रमा यसका विश्लेषकहरू हाल कार्यरत छन्। यीमध्ये अफ्रिकामा अङ्गोला, बुरुन्डी, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, लाइबेरिया, रुवान्डा, साहेल क्षेत्र, सियरा लिओन, सोमालिया, सुडान, युगान्डा र जिम्बाबेमा, तथा एसियामा अफगानिस्तान, इन्डोनेसिया, कश्मीर, कजाखस्तान, कीर्गिजिस्थान, म्यानम (बर्मा), नेपाल, उत्तर कोरिया, पाकिस्तान, श्रीलङ्का, ताजिकिस्तान, तुर्केमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अल्बेनिया, अरमेनिया, अजरवैजान, बोस्निया हर्जगोभिना, जर्जिया, कोसोभो, मोल्दोभा, भाल्डोमा, मन्टेनेग्रो र सर्विया तथा पश्चिम एसियामा उत्तर अफ्रिकादेखि इरानसम्मको सम्पूर्ण क्षेत्र अनि ल्याटिन अमेरिकामा कोलम्बिया एन्डियन क्षेत्र र हाइटीमा पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था र व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषमा रकम जुटाँउछ। हाल विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराउँछन्: अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एएआईडी), अस्ट्रियाको परराष्ट्र मन्त्रालय, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानेडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानेडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी, क्यानाडेली अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, फ्रान्सेली परराष्ट्र मन्त्रालय, जर्मन विदेश विभाग, आयरल्यान्डको वैदेशिक मामिला विभाग, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लिक्टेनस्टाइनको परराष्ट्र मन्त्रालय, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास एजेन्सी, शाही डेनिस परराष्ट्र मन्त्रालय, शाही नर्वेली परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अधिराज्यको विदेश तथा कमनवेल्थ विभाग, बेलायती अन्तर्राष्ट्रिय विकास विभाग र अमेरिकी सहयोग संस्था (युएसएड) छन्।

गुठी र निजी क्षेत्रका दाताहरूमा Carnegie Corporation of New York, Carso Foundation, Compton Foundation, Ford Foundation, Fundación DARA Internacional, Iara Lee and George Gund III Foundation, William & Flora Hewlett Foundation, Hunt Alternatives Fund, Kimsey Foundation, Korea Foundation, John D. & Catherine T. MacArthur Foundation, Charles Stewart Mott Foundation, Open Society Institute, Pierre and Pamela Omidyar Fund, Victor Pinchuk Foundation, Ploughshares Fund, Provictimis Foundation, Radcliffe Foundation, Sigrid Rausing Trust, Rockefeller Philanthropy Advisors and Viva Trust छन्।

# अनुसूची घ

# क्राइसिस ग्रुपले सन् २००४ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू

## CENTRAL ASIA

***The Failure of Reform in Uzbekistan: Ways Forward for the International Community***, Asia Report N°76, 11 March 2004 (also available in Russian)

***Tajikistan's Politics: Confrontation or Consolidation?***, Asia Briefing Nº33, 19 May 2004

***Political Transition in Kyrgyzstan: Problems and Prospects***, Asia Report N°81, 11 August 2004

***Repression and Regression in Turkmenistan: A New International Strategy***, Asia Report N°85, 4 November 2004 (also available in Russian)

***The Curse of Cotton: Central Asia's Destructive Monoculture***, Asia Report N°93, 28 February 2005 (also available in Russian)

***Kyrgyzstan: After the Revolution***, Asia Report N°97, 4 May 2005 (also available in Russian)

***Uzbekistan: The Andijon Uprising***, Asia Briefing N°38, 25 May 2005 (also available in Russian)

***Kyrgyzstan: A Faltering State***, Asia Report N°109, 16 December 2005 (also available in Russian)

***Uzbekistan: In for the Long Haul***, Asia Briefing N°45, 16 February 2006

***Central Asia: What Role for the European Union?***, Asia Report N°113, 10 April 2006

***Kyrgyzstan's Prison System Nightmare***, Asia Report N°118, 16 August 2006 (also available in Russian)

***Uzbekistan: Europe's Sanctions Matter,*** Asia Briefing N°54, 6 November 2006

***Kyrgyzstan on the Edge,*** Asia Briefing N°55, 9 November 2006

***Turkmenistan after Niyazov***, Asia Briefing N°60, 12 February 2007

## NORTH EAST ASIA

***Taiwan Strait IV: How an Ultimate Political Settlement Might Look***, Asia Report N°75, 26 February 2004

***North Korea: Where Next for the Nuclear Talks?***, Asia Report N°87, 15 November 2004 (also available in Korean and in Russian)

***Korea Backgrounder: How the South Views its Brother from Another Planet***, Asia Report N°89, 14 December 2004 (also available in Korean and in Russian)

***North Korea: Can the Iron Fist Accept the Invisible Hand?***, Asia Report N°96, 25 April 2005 (also available in Korean and in Russian)

***Japan and North Korea: Bones of Contention***, Asia Report Nº100, 27 June 2005 (also available in Korean)

***China and Taiwan: Uneasy Détente***, Asia Briefing N°42, 21 September 2005

***North East Asia's Undercurrents of Conflict***, Asia Report N°108, 15 December 2005 (also available in Korean)

***China and North Korea: Comrades Forever?***, Asia Report N°112, 1 February 2006 (also available in Korean)

***After North Korea's Missile Launch: Are the Nuclear Talks Dead?***, Asia Briefing N°52, 9 August 2006 (also available in Korean and in Russian)

***Perilous Journeys: The Plight of North Koreans in China and Beyond***, Asia Report N°122, 26 October 2006 (also available in Russian)

***North Korea's Nuclear Test: The Fallout***, Crisis Group Asia Briefing N°56, 13 November 2006

## SOUTH ASIA

***Unfulfilled Promises: Pakistan's Failure to Tackle Extremism***, Asia Report N°73, 16 January 2004

***Nepal: Dangerous Plans for Village Militias***, Asia Briefing Nº30, 17 February 2004 (also available in Nepali)

***Devolution in Pakistan: Reform or Regression?***, Asia Report N°77, 22 March 2004

***Elections and Security in Afghanistan***, Asia Briefing Nº31, 30 March 2004

***India/Pakistan Relations and Kashmir: Steps toward Peace***, Asia Report Nº79, 24 June 2004

***Pakistan: Reforming the Education Sector***, Asia Report N°84, 7 October 2004

***Building Judicial Independence in Pakistan***, Asia Report N°86, 10 November 2004

***Afghanistan: From Presidential to Parliamentary Elections***, Asia Report N°88, 23 November 2004

***Nepal's Royal Coup: Making a Bad Situation Worse***, Asia Report N°91, 9 February 2005

***Afghanistan: Getting Disarmament Back on Track***, Asia Briefing N°35, 23 February 2005

***Nepal: Responding to the Royal Coup***, Asia Briefing N°35, 24 February 2005

***Nepal: Dealing with a Human Rights Crisis***, Asia Report N°94, 24 March 2005

***The State of Sectarianism in Pakistan***, Asia Report N°95, 18 April 2005

***Political Parties in Afghanistan***, Asia Briefing N°39, 2 June 2005

***Towards a Lasting Peace in Nepal: The Constitutional Issues***, Asia Report N°99, 15 June 2005

***Afghanistan Elections: Endgame or New Beginning?***, Asia Report N°101, 21 July 2005

***Nepal: Beyond Royal Rule***, Asia Briefing N°41, 15 September 2005

***Authoritarianism and Political Party Reform in Pakistan***, Asia Report N°102, 28 September 2005

***Nepal's Maoists: Their Aims, Structure and Strategy***, Asia Report N°104, 27 October 2005

***Pakistan's Local Polls: Shoring Up Military Rule***, Asia Briefing N°43, 22 November 2005

***Nepal's New Alliance: The Mainstream Parties and the Maoists***, Asia Report 106, 28 November 2005

***Rebuilding the Afghan State: The European Union's Role***, Asia Report N°107, 30 November 2005

***Nepal: Electing Chaos***, Asia Report N°111, 31 January 2006

***Pakistan: Political Impact of the Earthquake***, Asia Briefing N°46, 15 March 2006

***Nepal's Crisis: Mobilising International Influence***, Asia Briefing N°49, 19 April 2006

***Nepal: From People Power to Peace?***, Asia Report N°115, 10 May 2006

***Afghanistan's New Legislature: Making Democracy Work***, Asia Report N°116, 15 May 2006

***India, Pakistan and Kashmir: Stabilising a Cold Peace***, Asia Briefing N°51, 15 June 2006

***Pakistan: the Worsening Conflict in Balochistan***, Asia Report N°119, 14 September 2006

***Bangladesh Today***, Asia Report N°121, 23 October 2006

***Countering Afghanistan's Insurgency: No Quick Fixes***, Asia Report N°123, 2 November 2006

***Sri Lanka: The Failure of the Peace Process***, Asia Report N°124, 28 November 2006

***Pakistan's Tribal Areas: Appeasing the Militants***, Asia Report N°125, 11 December 2006

***Nepal's Peace Agreement: Making it Work***, Asia Report Nº126, 15 December 2006

***Afghanistan's Endangered Compact***, Asia Briefing Nº59, 29 January 2007

## SOUTH EAST ASIA

***Indonesia Backgrounder: Jihad in Central Sulawesi***, Asia Report N°74, 3 February 2004

***Myanmar: Sanctions, Engagement or Another Way Forward?***, Asia Report N°78, 26 April 2004

***Indonesia: Violence Erupts Again in Ambon***, Asia Briefing N°32, 17 May 2004

***Southern Philippines Backgrounder: Terrorism and the Peace Process***, Asia Report N°80, 13 July 2004 (also available in Indonesian)

***Myanmar: Aid to the Border Areas***, Asia Report N°82, 9 September 2004

***Indonesia Backgrounder: Why Salafism and Terrorism Mostly Don't Mix***, Asia Report N°83, 13 September 2004

***Burma/Myanmar: Update on HIV/AIDS policy***, Asia Briefing Nº34, 16 December 2004

***Indonesia: Rethinking Internal Security Strategy***, Asia Report N°90, 20 December 2004

***Recycling Militants in Indonesia: Darul Islam and the Australian Embassy Bombing***, Asia Report N°92, 22 February 2005 (also available in Indonesian)

***Decentralisation and Conflict in Indonesia: The Mamasa Case***, Asia Briefing N°37, 3 May 2005

***Southern Thailand: Insurgency, Not Jihad***, Asia Report N°98, 18 May 2005 (also available in Thai)

***Aceh: A New Chance for Peace***, Asia Briefing N°40, 15 August 2005

***Weakening Indonesia's Mujahidin Networks: Lessons from Maluku and Poso***, Asia Report N°103, 13 October 2005 (also available in Indonesian)

***Thailand's Emergency Decree: No Solution***, Asia Report N°105, 18 November 2005 (also available in Thai)

***Aceh: So far, So Good***, Asia Update Briefing N°44, 13 December 2005 (also available in Indonesian)

***Philippines Terrorism: The Role of Militant Islamic Converts***, Asia Report Nº110, 19 December 2005

***Papua: The Dangers of Shutting Down Dialogue,*** Asia Briefing N°47, 23 March 2006 (also available in Indonesian)

***Aceh: Now for the Hard Part***, Asia Briefing N°48, 29 March 2006

***Managing Tensions on the Timor-Leste/Indonesia Border***, Asia Briefing N°50, 4 May 2006

***Terrorism in Indonesia: Noordin's Networks***, Asia Report N°114, 5 May 2006 (also available in Indonesian)

***Islamic Law and Criminal Justice in Aceh***, Asia Report N°117, 31 July 2006 (also available in Indonesian)

***Papua: Answers to Frequently Asked Questions***, Asia Briefing N°53, 5 September 2006

***Resolving Timor-Leste's Crisis***, Asia Report N°120, 10 October 2006

***Aceh's Local Elections: The Role of the Free Aceh Movement (GAM)***, Asia Briefing N°57, 29 November 2006

***Myanmar: New Threats to Humanitarian Aid***, Asia Briefing N°58, 8 December 2006

***Jihadism in Indonesia: Poso on the Edge***, Asia Report N°127, 24 January 2007

***Southern Thailand: The Impact of the Coup***, Asia Report N°129, 15 March 2007 (also available in Thai)

***Indonesia: How GAM Won in Aceh*** , Asia Briefing N°61, 22 March 2007

***Indonesia: Jemaah Islamiyah's Current Status***, Asia Briefing N°63, 3 May 2007

***Indonesia: Decentralisation and Local Power Struggles in Maluku***, Asia Briefing N°64, 22 May 2007

***Timor-Leste's Parliamentary Elections***, Asia Briefing N°65, 12 June 2007

***Indonesian Papua: A Local Perspective on the Conflict***, Asia Briefing N°66, 19 July 2007 (also available in Indonesian)

***Aceh: Post-Conflict Complications***, Asia Report N°139, 4 October 2007 (also available in Indonesian)

***Southern Thailand: The Problem with Paramilitaries***, Asia Report N°140, 23 October 2007 (also available in Thai)

***"Deradicalisation" and Indonesian Prisons***, Asia Report N°142, 19 November 2007

***Timor-Leste: Security Sector Reform***, Asia Report N°143, 17 January 2008 (also available in Tetum)

***Indonesia: Tackling Radicalism in Poso***, Asia Briefing N°75, 22 January 2008

***Burma/Myanmar: After the Crackdown***, Asia Report N°144, 31 January 2008

***Indonesia: Jemaah Islamiyah's Publishing Industry***, Asia Report N°147, 28 February 2008

***Timor-Leste's Displacement Crisis***, Asia Report N°148, 31 March 2008

***The Philippines: Counter-insurgency vs. Counter-terrorism in Mindanao,*** Asia Report N°152, 14 May 2008

***Indonesia: Communal Tensions in Papua***, Asia Report N°154, 16 June 2008

## OTHER REPORTS AND BRIEFINGS

For Crisis Group reports and briefing papers on:

- Asia
- Africa
- Europe
- Latin America and Caribbean
- Middle East and North Africa
- Thematic Issues
- *CrisisWatch*

please visit our website www.crisisgroup.org

# अनुसूची ङ

## इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू

*Co-Chairs*

**Christopher Patten**
*Former European Commissioner for External Relations, Governor of Hong Kong and UK Cabinet Minister; Chancellor of Oxford University*

**Thomas Pickering**
*Former U.S. Ambassador to the UN, Russia, India, Israel, Jordan, El Salvador and Nigeria*

*President & CEO*

**Gareth Evans**
*Former Foreign Minister of Australia*

*Executive Committee*

**Morton Abramowitz**
*Former U.S. Assistant Secretary of State and Ambassador to Turkey*

**Emma Bonino***
*Former Minister of International Trade and European Affairs of Italy and European Commissioner for Humanitarian Aid*

**Cheryl Carolus**
*Former South African High Commissioner to the UK and Secretary General of the ANC*

**Maria Livanos Cattaui**
*Former Secretary-General, International Chamber of Commerce*

**Yoichi Funabashi**
*Editor-in-Chief & Columnist, The Asahi Shimbun, Japan*

**Frank Giustra**
*Chairman, Endeavour Financial, Canada*

**Stephen Solarz**
*Former U.S. Congressman*

**George Soros**
*Chairman, Open Society Institute*

**Pär Stenbäck**
*Former Foreign Minister of Finland*

**Vice-Chair*

**Adnan Abu-Odeh**
*Former Political Adviser to King Abdullah II and to King Hussein and Jordan Permanent Representative to the UN*

**Kenneth Adelman**
*Former U.S. Ambassador and Director of the Arms Control and Disarmament Agency*

**Ali Alatas**
*Former Foreign Minister of Indonesia*

**HRH Prince Turki al-Faisal**
*Former Ambassador of the Kingdom of Saudi Arabia to the U.S.; Chairman, King Faisal Centre for Research and Islamic Studies*

**Kofi Annan**
*Former Secretary-General of the United Nations; Nobel Peace Prize (2001)*

**Louise Arbour**
*Former UN High Commissioner for Human Rights and Chief Prosecutor for the International Criminal Tribunals for the former Yugoslavia and for Rwanda*

**Richard Armitage**
*Former U.S. Deputy Secretary of State*

**Lord (Paddy) Ashdown**
*Former High Representative for Bosnia and Herzegovina and Leader of the Liberal Democrats, UK*

**Shlomo Ben-Ami**
*Former Foreign Minister of Israel*

**Lakhdar Brahimi**
*Former Special Adviser to the UN Secretary-General and Algerian Foreign Minister*

**Zbigniew Brzezinski**
*Former U.S. National Security Advisor to the President*

**Kim Campbell**
*Former Prime Minister of Canada*

**Naresh Chandra**
*Former Indian Cabinet Secretary and Ambassador of India to the U.S.*

**Joaquim Alberto Chissano**
*Former President of Mozambique*

**Wesley Clark**
*Former NATO Supreme Allied Commander, Europe*

**Pat Cox**
*Former President of European Parliament*

**Uffe Ellemann-Jensen**
*Former Foreign Minister of Denmark*

**Mark Eyskens**
*Former Prime Minister of Belgium*

**Joschka Fischer**
*Former Foreign Minister of Germany*

**Yegor Gaidar**
*Former Prime Minister of Russia*

**Leslie H. Gelb**
*President Emeritus of Council on Foreign Relations, U.S.*

**Carla Hills**
*Former Secretary of Housing and U.S. Trade Representative*

**Lena Hjelm-Wallén**
*Former Deputy Prime Minister and Foreign Affairs Minister, Sweden*

**Swanee Hunt**
*Chair, The Initiative for Inclusive Security; President, Hunt Alternatives Fund; former Ambassador U.S. to Austria*

**Anwar Ibrahim**
*Former Deputy Prime Minister of Malaysia*

**Asma Jahangir**
*UN Special Rapporteur on the Freedom of Religion or Belief; Chairperson, Human Rights Commission of Pakistan*

**James V. Kimsey**
*Founder and Chairman Emeritus of America Online, Inc. (AOL)*

**Wim Kok**
*Former Prime Minister of Netherlands*

**Aleksander Kwaśniewski**
*Former President of Poland*

**Ricardo Lagos**
*Former President of Chile; President, Club of Madrid*

**Joanne Leedom-Ackerman**
*Novelist and journalist, U.S.*

**Jessica Tuchman Mathews**
*President, Carnegie Endowment for International Peace*

**Moisés Naím**
*Editor-in-chief, Foreign Policy; former Minister of Trade and Industry of Venezuela*

**Ayo Obe**
*Chair of Steering Committee of World Movement for Democracy, Nigeria*

**Christine Ockrent**
*Journalist and author, France*

**Victor Pinchuk**
*Founder of Interpipe Scientific and Industrial Production Group*

**Samantha Power**
*Author and Professor, Kennedy School of Government, Harvard University*

**Fidel V. Ramos**
*Former President of Philippines*

**Güler Sabancı**
*Chairperson, Sabancı Holding, Turkey*

**Ghassan Salamé**
*Former Minister, Lebanon; Professor of International Relations, Paris*

**Thorvald Stoltenberg**
*Former Foreign Minister of Norway*

**Lawrence Summers**
*Former President, Harvard University; Former U.S. Secretary of the Treasury*

**Ernesto Zedillo**
*Former President of Mexico; Director, Yale Center for the Study of Globalization*

## PRESIDENT'S COUNCIL

*Crisis Group's President's Council is a distinguished group of major individual and corporate donors providing essential support, time and expertise to Crisis Group in delivering its core mission.*

**Khalid Alireza**
**BHP Billiton**
**Canaccord Adams Limited**
**Bob Cross**
**Equinox Partners**
**Frank Holmes**
**George Landegger**
**Iara Lee & George Gund III Foundation**
**Ford Nicholson**
**Ian Telfer**
**Guy Ullens de Schooten**
**Neil Woodyer**
**Don Xia**

## INTERNATIONAL ADVISORY COUNCIL

*Crisis Group's International Advisory Council comprises significant individual and corporate donors who contribute their advice and experience to Crisis Group on a regular basis.*

**Rita E. Hauser** *(Co-Chair)*
**Elliott Kulick** *(Co-Chair)*
**Marc Abramowitz**
**Hamza al Kholi**
**Anglo American PLC**
**APCO Worldwide Inc.**
**Ed Bachrach**
**Patrick Benzie**
**Stanley Bergman & Edward Bergman**
**Harry Bookey and Pamela Bass-Bookey**
**John Chapman Chester**
**Chevron**
**Citigroup**
**Richard Cooper**
**Credit Suisse**
**Neil & Sandy DeFeo**
**John Ehara**
**Frontier Strategy Group**
**Seth Ginns**
**Alan Griffiths**
**Charlotte & Fred Hubbell**
**Khaled Juffali**
**George Kellner**
**Amed Khan**
**Shiv Vikram Khemka**
**Scott Lawlor**
**Jean Manas**
**McKinsey & Company**
**Najib Mikati**
**Harriet Mouchly-Weiss**
**Donald Pels**
**Michael Riordan**
**StatoilHydro ASA**
**Tilleke & Gibbins**
**Vale**
**VIVATrust**
**Yasuyo Yamazaki**
**Yapı Merkezi Construction and Industry Inc.**
**Shinji Yazaki**
**Sunny Yoon**

## SENIOR ADVISERS

*Crisis Group's Senior Advisers are former Board Members (not presently holding national government executive office) who maintain an association with Crisis Group, and whose advice and support are called on from time to time.*

**Martti Ahtisaari** *(Chairman Emeritus)*
**Diego Arria**
**Paddy Ashdown**
**Zainab Bangura**
**Christoph Bertram**
**Jorge Castañeda**
**Alain Destexhe**
**Marika Fahlén**
**Stanley Fischer**
**Malcolm Fraser**
**Bronislaw Geremek**
**I.K. Gujral**
**Max Jakobson**
**Todung Mulya Lubis**
**Allan J. MacEachen**
**Barbara McDougall**
**Matthew McHugh**
**George J. Mitchell** *(Chairman Emeritus)*
**Surin Pitsuwan**
**Cyril Ramaphosa**
**George Robertson**
**Michel Rocard**
**Volker Ruehe**
**Mohamed Sahnoun**
**Salim A. Salim**
**William Taylor**
**Leo Tindemans**
**Ed van Thijn**
**Shirley Williams**
**Grigory Yavlinski**
**Uta Zapf**